



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

ekantipur.com

वर्ष ३४ अंक १८१ काठमाडौं | २ भदौ २०८३ मंगलबार श्रावण शुक्लपक्ष षष्ठी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 18, 2026 | पृष्ठ १० | १० रुपैयाँ

## प्रधानमन्त्री निरन्तर अनुपस्थित भएपछि संसद् आउन सभामुखले मिति तोके

**हरेक महिना पहिलो साताको एक दिन सांसदसँग प्रश्नोत्तर गर्नुपर्ने नियम प्रधानमन्त्री वालेन्द्र शाहले बेवास्ता गर्दै आएका छन्, विपक्षी दलहरूले १७ जेठको अभिव्यक्ति र सरकारको कामकाजका विषयमा प्रधानमन्त्रीको जवाफ माग्दै संसद् बैठक अवरोध गर्दै आएका थिए**

**जयसिंह महरा** (काठमाडौं)

प्रतिनिधिसभामा लामो समयदेखि अनुपस्थित हुँदै आएका प्रधानमन्त्री वालेन्द्र शाहले अब भने संसद्को रोस्ट्रममा उभिएर सांसदका प्रश्नहरूको जवाफ दिनुपर्ने भएको छ। सभामुख डीपी अर्यालले प्रधानमन्त्री शाहलाई १० भदौमा प्रतिनिधिसभा बैठकमा उपस्थित भएर सांसदका प्रश्नको जवाफ दिन 'रुलिङ' गरेका छन्।

प्रधानमन्त्रीले प्रत्येक महिना पहिलो साताको एक दिन सांसदका प्रश्नको जवाफ दिनुपर्ने प्रतिनिधिसभा नियमावलीको व्यवस्था उल्लंघन गरिरहेको अवस्थामा सभामुख अर्याल 'रुलिङ' गर्नुपर्ने अवस्थामा पुगेका हुन्। १७ जेठमा प्रतिनिधिसभामा प्रधानमन्त्री शाहले सीमासम्बन्धी विवादास्पद अभिव्यक्ति दिएपछि नै सांसदहरूले संसद् आएर स्पष्टीकरण दिनुपर्ने माग गर्दै आएका थिए।

वैशाख अन्तिम साता भएको नीति तथा कार्यक्रममाथि छलफलमा पनि प्रधानमन्त्रीले जवाफ दिनुपर्ने माग सांसदहरूले गर्दा प्रधानमन्त्री शाहले बेवास्ता गरेका थिए। त्यति बेला पनि विपक्षी दलका सांसदहरूले सभामुखसँग 'रुलिङ' को माग गरेका थिए। तर 'रुलिङ' भएन।

१७ जेठमा प्रतिनिधिसभामा उपस्थित भएर एक्कासि सांसदहरूसँग प्रश्नोत्तर गरेका प्रधानमन्त्री शाह त्यसपछि एकैचोटि ३० असारमा मात्र संसद् पुगेका थिए। त्यसयता उनी बैठकमा अनुपस्थित छन्। १७ जेठको अभिव्यक्ति र सरकारको कामकाजका विषयमा प्रधानमन्त्रीले जवाफ दिनुपर्ने भन्दै विपक्षी दलका सांसदहरूले निरन्तर आवाज उठाउँदै आएका छन्।



वालेन्द्र शाह
प्रधानमन्त्री



डीपी अर्याल
सभामुख

**सभामुखले सोमबार प्रतिनिधिसभा बैठकको सुरुमा प्रधानमन्त्रीलाई संसद् आएर सांसदका प्रश्नको जवाफ दिन 'रुलिङ' गरे, बैठकको अन्तिममा भने उनले प्रधानमन्त्री आउनुपर्ने मिति नै १० भदौका लागि तोकिदिए**

**३० असारयता प्रधानमन्त्री वालेन्द्र शाह संसद्मा देखिएका छैनन्, अहिलेसम्म मात्र एक पटक १७ जेठमा उनले सांसदका प्रश्नको जवाफ दिएका थिए**

सोमबार बैठकको सुरुमै विगतका बैठकमा झैं विपक्षी दलका सांसदहरू सिटबाट उभिएका थिए। सभामुखले यसअघिका बैठकमा झैं विपक्षी दलका सांसदलाई बोल्न समय तोकेनन्। 'यहाँहरूले लामो समयदेखि उठाइरहेको विषय सभामुखको ध्यानाकर्षण भएकै विषय हो। यो विषय सम्बोधन भई नै हाल्छ भन्ने मेरो विश्वास हो,' उनले भने।

त्यसपछि पनि विपक्षी दलका सांसदहरू बस्न मानेनन्। त्यसपछि सभामुख अर्यालले 'रुलिङ' गरे, 'माननीय सदस्यहरूले लामो समयदेखि प्रतिनिधिसभा नियमावली, २०८३ को नियम ५६ बमोजिम प्रधानमन्त्री वा प्रधानमन्त्रीको कार्यक्षेत्रसँग सम्बन्धित महत्त्वपूर्ण विषयमा प्रश्नोत्तरको मागसहित गरिरहनुभएको विरोधप्रति मेरो ध्यानाकर्षण भएकै छ। यसै सन्दर्भमा प्रतिनिधिसभा बैठकमा उपस्थित भई नियमावलीको नियम ५६, ५७, ५८, ५९ र ६० बमोजिम माननीय सदस्यहरूको प्रश्नको जवाफ दिन म सम्माननीय प्रधानमन्त्रीलाई निर्देश गर्दछु।'

विपक्षी दलहरूले माग गरेबमोजिम नै प्रधानमन्त्रीका नाममा आफूले 'रुलिङ' गरेको पनि सभामुख अर्यालले थप स्पष्ट पारे। 'माननीय सदस्यहरूले माग गरेबमोजिम मैले प्रधानमन्त्रीका नाममा रुलिङ गरिसकेको छु। त्यसैले बसेर सभा सञ्चालनका लागि सहयोग गरौं,' उनले भने। त्यसपछि विपक्षी दलका सांसदहरू बसेका थिए।

प्रतिनिधिसभाको सोमबारको बैठकको सुरुमा त्यसरी प्रधानमन्त्रीका नाममा निर्देशन जारी गरेका सभामुखले बैठकको अन्तिममा भने प्रधानमन्त्री कहिले आउनुपर्ने भन्ने मिति नै तोके। 'प्रतिनिधिसभा नियमावली, २०८३ को परिच्छेद ९ बमोजिम प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरसम्बन्धी कार्यक्रम १० भदौको बैठकमा हुने गरी निर्धारण गरेको व्यहोरा जानकारी गराउँछु,' बैठकको अन्तिममा सभामुख अर्यालले घोषणा गरेका थिए।

प्रधानमन्त्रीसँगको प्रत्यक्ष प्रश्नोत्तरका लागि प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलको कम्तीमा एक सदस्यको एक प्रश्न सुनिश्चित गरिने सभामुख अर्यालले बताएका छन्। 'बाँकी प्रश्नको हकमा सभामा प्रतिनिधित्वका आधारमा हुने विभाजनबाट हुन आउने संख्याबमोजिम बढीमा १५ प्रश्न सोध्न सकिने व्यहोरा जानकारी गराउँछु। प्रश्नकर्ता सदस्यले शुक्रबार १ बजेभित्र प्रतिनिधिसभाका सचिवसमक्ष आफ्नो प्रश्न लिखित रूपमा दिन सक्ने जानकारी गराउन चाहन्छु,' सभामुखले भनेका छन्।

सोमबारको बैठकमा रास्वपाका शीर्ष नेताहरू सभापति रवि लामिछाने, महामन्त्री विपिन आचार्य, दलका उपनेता गणेश पराजुली, मुख्य सचेतक कवीन्द्र बुर्लाकोटीलगायत उपस्थित थिए। बाँकी पृष्ठ ९

## एमसीसीको म्याद थप्ने प्रस्ताव ३ महिनादेखि अर्थमै रोकियो

**अमेरिकी राष्ट्रपतिको वैदेशिक सहयोग स्थगित गर्ने निर्णय र प्रसारण लाइन ठेक्कामा ढिलाइलगायत कारण देखाएर परियोजनाको म्याद एक वर्ष थप्न गरिएको प्रस्ताव तीन महिनादेखि अर्थ मन्त्रालयमा, अमेरिका पठाउन ढिलाइ**

**अनिल गिरी** (काठमाडौं)

मिलिनियम च्यालेन्ज एकाउन्ट नेपाल (एमसीए-नेपाल) ले अमेरिकी सहयोगमा सञ्चालित मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परियोजनाको एक वर्ष म्याद थप गर्न अनुरोधसहित पठाएको प्रस्ताव तीन महिनादेखि अर्थ मन्त्रालयमै थन्किएको छ। एमसीए-नेपाल अमेरिकी सहयोगमा सञ्चालित एमसीसी परियोजना कार्यान्वयन निकाय हो।

अर्थले आवश्यक निर्णय नलिएका कारण उक्त प्रस्ताव अमेरिकाको वासिङ्टन डीसीस्थित एमसीसी मुख्यालयसम्म अझै पुगेको छैन। एमसीए-नेपालले गत जेठको मध्यतिरै मन्त्रालयमा पत्र पठाउँदै ७४ करोड ७० लाख डलरको आयोजनाको एक वर्ष म्याद थपका लागि औपचारिक रूपमा एमसीसी मुख्यालयसँग समन्वय गरिदिन आग्रह गरेको थियो। आयोजनाअन्तर्गत ३१५ किलोमिटर लामो प्रसारण लाइन र सडक स्तरोन्नतिका परियोजना छन्।

अर्थ मन्त्रालयका एक वरिष्ठ अधिकारीले एमसीए-नेपालका तर्फबाट पत्र प्राप्त भएको पुष्टि गर्दै त्यसलाई अहिलेसम्म एमसीसी मुख्यालय नपठाइएको बताए। 'यो विषय अझै छलफलकै क्रममा छ,' ती अधिकारीले भने। तर, उनले प्रस्ताव किन रोकिएको हो वा कहिले पठाइनेछ भन्नेबारे खुलाउन चाहेनन्।

एमसीए-नेपालका एक बोर्ड सदस्यले पनि तीन महिनाअघि नै म्याद थपको प्रस्तावसहितको अनुरोध अर्थ मन्त्रालयमा पठाएको जानकारी दिए। एमसीए-नेपालबाट प्राप्त भएको प्रस्तावलाई अर्थ मन्त्रालयले नै नेपालका तर्फबाट औपचारिक रूपमा एमसीसी मुख्यालय पठाउनुपर्छ। एमसीए-नेपाल सञ्चालक समितिमा अर्थ सचिव नै अध्यक्ष हुने व्यवस्था छ। एमसीसी सम्झौताअनुसार यी आयोजनाहरू १३ भदौ २०८५ सम्म सम्पन्न भइसक्नुपर्नेछ। तर, अमेरिकी सरकारले एमसीसीका गतिविधिहरू अस्थायी रूपमा स्थगन गरेको र प्रसारण लाइनको ठेक्का रद्द भई पुनः ठेक्का आह्वान गर्नुपरेका कारण आयोजना कार्यान्वयनमा करिब १४ महिनाको ढिलाइ भएको एमसीए-नेपालको भनाइ छ।

**सम्झौताअनुसार परियोजनाहरू कार्यान्वयनमा गएको ५ वर्ष अर्थात् १३ भदौ २०८५ भित्र सम्पन्न गरिसक्नुपर्नेछ, तर आयोजनाहरूमा विभिन्न अवरोध देखिएको भन्दै म्याद थप्न पहल**

'केही कारणहरूले गर्दा हामीले यी दुई आयोजनाहरू सम्पन्न गर्नका लागि एक वर्षको म्याद थप मागेका छौं,' सञ्चारमाध्यमसँग बोल्ने अधिकार नभएका एमसीए-नेपालका एक वरिष्ठ बोर्ड सदस्यले भने, 'एमसीए-नेपालले अर्थ मन्त्रालयमा यस्तो अनुरोध पठाएको तीन महिना भइसक्यो तर म्याद थपबारे अहिलेसम्म कुनै जानकारी आएको छैन।'

अर्थ मन्त्रालयले एमसीए-नेपालले पठाएको अनुरोध पठाएपछि एमसीसी मुख्यालयले त्यसको समीक्षा गर्नेछ र म्याद थप गर्ने वा नगर्ने निर्णय लिनेछ। एमसीए-नेपालले पठाएको पत्रमा अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले जुलाई २०२५ मा अमेरिकी वैदेशिक सहायता रोक्ने र एमसीसीको भुक्तानी स्थगित गर्ने निर्णयलगायतले असामान्य परिस्थिति सिर्जना भएको उल्लेख गरेको छ।

भुक्तानी स्थगनले गर्दा आयोजनाहरू केही महिनासम्म अन्योलमा परेका थिए। जसलाई पछि जुलाई २०२५ मै ट्रम्प प्रशासनले नेपाललगायत देशमा एमसीसीको विश्वव्यापी सञ्चालन जारी राख्न अनुमति दिने निर्णय गरेको थियो। यसबाहेक, अक्टोबर २०२३ मा ३१५ किलोमिटर लामो ४०० केभी प्रसारण लाइन निर्माणका लागि परेका सबै बोलपत्रहरू अनुमानित लागतभन्दा निकै बढी रकम पेस भएपछि बोलपत्र रद्द गर्नुपरेको विषयलाई पनि एमसीए-नेपालले कारणका रूपमा प्रस्तुत गरेको छ। बाँकी पृष्ठ ९

Best Western




A FAMILIAR NAME.
A GLOBAL NEW CHAPTER.

Your favourite Siraichuli Hotel is now part of the global Best Western family.

Siraichuli Hotel
Bharatpur - 10, Chitwan, Nepal

Wherever Life Takes You, Best Western Is There.®

Each BWHSM Hotels property is independently owned and operated.

## शब्दमा बाँचिरहेका जनकवि

**कविता, गीत र नाटकसँगै नेपाल भाषा संरक्षणको आन्दोलनमा सक्रिय थिए दुर्गालाल श्रेष्ठ, उनको निधनसँगै नेपाल भाषा साहित्यको एउटा युगकै अन्त्य**

**हिमेश** (काठमाडौं)

जनकवि दुर्गालाल श्रेष्ठ साथीभाइसँगको भेटघाटमा प्रायः एउटा सम्झना दोहोऱ्याएर सुनाउन चाहन्थे। त्यसमा उनलाई गर्व पनि थियो। उनी भर्खर ११ वर्षका मात्र थिए। नेपाल भाषामा एउटा नाटक लेखेछन् र त्यसलाई निर्देशन गरेर आफैंले खेलेका पनि रहेछन्। त्यतिबेला टोलटोलमा नाटक प्रदर्शन गर्ने चलन थियो। उनको यही सम्झनालाई मात्र आधार मान्दा आठ दशकभन्दा बढी समय उनले साहित्य सिर्जनामा बिताए। आधुनिक नेपाल भाषा साहित्यमा समेत सबैभन्दा लोकप्रिय यिनै कविको आइतबार राति निधन भएको छ।

नाटक लेखनबाटै साहित्य क्षेत्रमा लागेका श्रेष्ठको नेपाल संवत् १०७५ मा 'धर्मोदय' मा एउटा कविता छापिएको थियो। त्यसको शीर्षक थियो 'सान्त्वना'। पछि उनको परिचय कविकै रूपमा बढी भयो, भलै गीतकार, नाटककार र अनुवादक सबै हुन्, उनी। उनको साहित्यिक यात्रालाई नजिकबाट हेर्ने मौका पाएका निबन्धकार रमेशकाजी स्थापितका अनुसार श्रेष्ठका कविताको सबैभन्दा ठूलो विशेषता भन्नु नै ती गीतजस्तै हुनु हो। उनका जति कविता छन्, ती सबै लय राखेर गीत गाउन सकिने खालका छन्। त्यस अर्थमा उनका कविता गेयात्मक नै रहे।



फाइल तस्बीर

उनको पहिलो कृति 'चिनियाम्ह किसिचा' बाल कविता संग्रह हो। यो नेपाल भाषामा अहिलेसम्म निस्केका कृतिमध्ये सबैभन्दा धेरै बिक्री भएकामा पर्छ। जनकवि श्रेष्ठका एक दर्जनभन्दा बढी कविता संग्रह निस्केका छन्। उनको गीत संग्रहका नामबाट पनि पुस्तक प्रकाशनमा छन्। अधिकांश गीत राष्ट्रियता, देशभक्तिसँगै भाषा र जातिको उत्थानमा केन्द्रित छन्। नेपाली भाषामा पनि उनले धेरै गीत लेखेका छन्। त्यसमध्ये 'फूलको आँखामा फूलै संसार' सबैभन्दा चर्चितमा पर्छ। उनको नाटकसम्बन्धी अलग्गै कृति पनि निस्केको छ। बाँकी पृष्ठ ९

# मन्त्री बिरामी हुँदा हेलिकोप्टरबाट उद्धार

# सर्वसाधारणलाई स्वास्थ्य केन्द्र पुग्नै सास्ती

**'पहुँच हुने र पावरवाला' लाई राज्यको लाखौं रकम खर्चेर तत्काल उद्धार गरिने तर सर्वसाधारणले अस्पताल जाने साधनसमेत नपाउने भन्दै राज्यको विभेदपूर्ण व्यवहारप्रति बहस र आलोचना तीव्र**



बभ्काङको साइपाल गाउँपालिकाका एक बिरामीलाई उपचारका लागि सदरमुकाम चैनपुर ल्याइँदै । फाइल तस्बिर : कान्तिपुर

**अर्जुन शाह** (धनगढी)

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीकै सांसद पारसमणि गेलालले सोमबार मन्त्रीहरूका गतिविधिलाई लिएर चर्को आलोचना गरे । प्रतिनिधिसभा बैठकमा सोमबार गेलालले मन्त्री र जनताका लागि राज्यबाट उपलब्ध हुने असमान सुविधामाथि प्रश्न उठाएका छन् । आइतबार संघीय सरकारका भौतिक पूर्वाधार विकासमन्त्री सुनील लम्सालललाई रुघा लाग्दा बैतडीबाट गरिएको उद्धारलाई लक्षित गर्दै सांसद गेलालले संसद् बैठकमा आलोचना गरेका हुन् ।

'मन्त्रीलाई सामान्य रुघा मात्र लाग्दासमेत हेलिकोप्टर उपलब्ध हुन्छ, तर जनता मर्न लाग्दा पनि अस्पताल पुग्ने साधन हुँदैन,' सांसद गेलालले भने, 'अस्पतालमा डाक्टर हुँदैनन् । मन्त्रीहरू तपाईंहरूका भिडियो र प्रचारले जनता खुसी हुँदैनन् । जनताको घरघरमा मन्त्री पुगेको होइन, सरकारका कारण समस्या समाधान भएको अनुभूति पुग्नुपर्छ ।'

सुदूरपश्चिमका पहाडी जिल्लाको स्थलगत अनुगमनका क्रममा बैतडी पुगेका मन्त्री लम्साल अस्वस्थ भएका थिए । जिल्ला अस्पताल बैतडीका डा. पविन उपाध्यायले आइतबार बिहान मन्त्री लम्सालको प्रारम्भिक जाँच गर्दा भाइरल रुघाखोकीको लक्षण देखिएको बताएका थिए ।

चिकित्सकको सल्लाहअनुसार बैतडीमा औषधि चलाइए पनि अपराह्नतिर मन्त्री लम्सालललाई सेनाको हेलिकोप्टरद्वारा धनगढी ल्याइएको थियो । त्यसपछि धनगढी विमानस्थलमा सैनिक चिकित्सकको टोलीले स्वास्थ्य जाँच गरेपछि धनगढी विमानस्थलबाट सेनाकै स्काई ट्रकबाट काठमाडौं पुऱ्याएर सैनिक अस्पताल छाउनीमा उपचार गरिएको थियो ।

मन्त्री लम्सालका स्वकीय सचिव निर्मल ज्ञवालीका अनुसार छाउनी अस्पतालमा स्वास्थ्य परीक्षण गरेर आइतबार राति नै मन्त्रीलाई डिस्चार्ज गरियो । 'उहाँ अहिले मन्त्री निवासमा आराम गरिरहनुभएको छ,' ज्ञवालीले भने, 'उहाँलाई ५ दिनका लागि एन्टिबायोटिक औषधि दिइएको छ ।' मन्त्री लम्सालललाई ज्वरो आउने, घाँटी दुख्ने र कमजोर महसुस भएको ज्ञवालीले बताए । उनको प्रारम्भिक स्वास्थ्य परीक्षण बैतडीमा गरिएको थियो । त्यसपछि सेनाको हेलिकोप्टरबाट धनगढी ल्याएर त्यहाँ पनि स्वास्थ्य परीक्षण गरिएको थियो । त्यहाँ श्वासप्रश्वास नियमित नभएको चिकित्सकले बताएको ज्ञवालीले जानकारी दिए ।

मन्त्री लम्सालललाई बैतडीबाट सेनाको हेलिकोप्टर र स्काई ट्रक प्रयोग गरेर आकस्मिक उद्धारमार्फत काठमाडौं लगिएपछि एकातिर 'सुदूरपश्चिममा आधारभूत स्वास्थ्य सेवा' समेत उपलब्ध नभएको हो कि भन्ने भाष्य बनेको छ भने अर्कोतिर 'पहुँच र पावरवाला' व्यक्तिलाई राज्यको लाखौं रकम खर्चेर तत्काल उद्धार गर्ने परिपाटीले सर्वसाधारणमाथि 'राज्यको विभेदपूर्ण व्यवहार' स्पष्ट भएको टिप्पणी गर्दै सार्वजनिक वृत्त तथा सामाजिक सञ्जालमा बहस र तीव्र आलोचना भइरहेका छन् ।

ईकान्तिपुरको फेसबुक पेजमा पोस्ट गरिएको 'मन्त्री लम्सालललाई हेलिकोप्टरमार्फत धनगढी लगियो' भन्ने समाचारमा सुरेश भाटले प्रतिक्रिया लेखेका छन्, 'हामीले के बुझ्न पऱ्यो कि हाम्रो बैतडीमा एउटा गतिलो हस्पिटल छैन ।' अर्का फेसबुक प्रयोगकर्ता रत्ना शेर्माले सोही पोस्टमा कमेन्ट गरेका छन्, 'पहिरोमा परेका र दुर्घटनामा अड्किएकाको चै ड्रोनले बचाउने होला ।'

मन्त्री लम्साल उपचारका लागि जिल्ला अस्पताल बैतडी पुगेका भने थिएनन् । अस्पतालका प्रमुख डा. अरविन्द जोशीका अनुसार उनको स्वास्थ्य अवस्थाका बारेमा अस्पतालसँग कुनै रेकर्ड छैन । 'सरुवा भएर गएका एमडीजीपी डाक्टर पविनले उहाँलाई होटलमै गएर हेर्नुभएको हो,' प्रमुख डा. जोशीले भने ।

तर जिल्ला अस्पतालमा उपचारका लागि आवश्यक जनशक्ति र केही सुविधा भने रहेको उनी बताउँछन् । उनका अनुसार बैतडी अस्पतालमा तीन जना एमडीजीपी, एक जना हाडजोर्नी रोग विशेषज्ञ, एक जना डेन्टल सर्जन र दुई जना मेडिकल अधिकृत कार्यरत छन् । जिल्ला अस्पतालमा एचडीयू बेड पनि उपलब्ध छ । छात्रवृत्ति करारकै क्रिटिकल केयरमा काम गर्ने एनेस्थेसियोलोजिस्ट डा. ज्ञाविना महर्जन पनि जिल्ला पुग्ने क्रममा रहेको उनले बताए । 'औसतमा दैनिक डेढ सयले ओपीडीमा उपचार गराउँछन्,' डा. जोशीले भने, 'हाम्रो प्रयोगशालामा पनि विभिन्न जाँचहरू हुन्छन् ।'

कहाँ उपचार गर्ने भन्ने बिरामीको आफ्नो अधिकार (प्यासेन्ट राइट) हुने सामाजिक विकास मन्त्रालयका डा. चेतराज जोशीको भनाइ छ । 'सेती प्रादेशिक अस्पतालमै औसत दैनिक दुई हजार बिरामीले ओपीडीमा सेवा लिन्छन्,' डा. जोशीले भने, 'सुदूरपश्चिममा स्वास्थ्य सेवाका लागि विगतको जस्तो कहालीलाग्दो अवस्था होइन, पर्याप्त छैन त्यो बेग्लै कुरा हो ।'

स्वास्थ्य सेवा पर्याप्त नभएपछि सुदूर पहाडी जिल्लाका सर्वसाधारणले दैनिक सास्ती भोगिरहेका छन् । बाजुराको स्वामीकार्तिक गाउँपालिका-१ मुक्तिकोटस्थित सामुदायिक स्वास्थ्य इकाई खोलीकोटमा अक्सर सिटामोलकै अभाव भइरहन्छ । इकाई प्रमुख बिर्ज विक भन्छन्, 'सिटामोलकै पनि अपुग भइरहन्छ । हरदिन हर बिरामीलाई जोगाएर कम मात्रामा दिने गरेका छौं, १० चक्की दिनुपर्नेलाई पाँच चक्की दिने गरेका छौं अहिले पनि । सधैं यस्तै समस्या हो ।' उनका अनुसार इकाईबाट ९८ प्रकारका औषधि निःशुल्क उपलब्ध गराउनुपर्ने नियम भए पनि बढीमा ५० प्रकारका औषधि मात्र छन् ।

औषधिको अभाव मात्रै होइन, स्वास्थ्य संस्था पुग्नै नसक्ने अवस्थासमेत छ । स्वास्थ्य कार्यालय बाजुराका अनुसार गत साउन महिनामा बाजुरामा चार जना आमाले बाटोमै बच्चा जन्माए । गौमुल-२ तल्लो दुगुनकी २२ वर्षीया जुनु रोकाया साउन ४ मा प्रसूति सेवाका लागि गाउँनजिकै रहेको तल्लो दुगुन सामुदायिक स्वास्थ्य इकाईमा पुगिन् । त्यहाँ कार्यरत स्वास्थ्यकर्मीहरूले सुत्केरी गराउन नसकेर उनलाई रिफर गरे । गौमुलमा कार्यरत अनमी रमा थापाका अनुसार जुनुलाई गाउँको स्वास्थ्य इकाईबाट स्ट्रेचरमा बोकेर घटमुना ल्याउन कम्तीमा तीन घण्टा हिँड्नुपर्ने अवस्था थियो । त्यस क्रममा एक घण्टा हिँडेपछि बीच बाटोमै पर्ने सिम भन्ने ठाउँमा उनी सुत्केरी भइन् । थापाले भनिन्, 'धन्न उनको स्वास्थ्यमा तलमाथि केही भएन । नजिकै स्वास्थ्य संस्था छैन । लैजान पनि गाडी छैन । बोकेर लैजाँदा जोखिम नै जोखिम छ ।'

सुदूरपश्चिमकै अर्को पहाडी जिल्ला बझाङमा गत वर्षको असार १६ मा केदारस्युँ गाउँपालिका-१ स्थित डुँडिल गाउँकी सुत्केरी व्यथा लागेकी २१ वर्षीया सविता बोहरालाई एम्बुलेन्स नपाएर समयमै स्वास्थ्य संस्था पुऱ्याउन नसक्दा आमा-शिशु दुवैको ज्यान गयो । सविताको परिवारले उनलाई स्वास्थ्य संस्था लैजानका लागि घरबाट हिँडाएका थिए । घरबाट केही तल पुगेपछि उनले बाटोमै छोरालाई जन्म दिएकी थिइन् । 'भाउजूले पेट दुख्यो भन्नेबित्तिकै हामीले अस्पताल हिँडाएका थियौं,' उनकी नन्द देवकला बोहराले भनिन्, 'घरबाट हिँडेको १० मिनेटमै अब म हिँड्न सक्दिनँ भन्दै थ्याच्च बस्नुभयो । बसेकै ठाउँमा बच्चा पनि जन्मियो । त्यसपछि उहाँ बेहोस हुनुभयो, एम्बुलेन्स बोलाउँदा समयमा आएन, भाउजू बितिसकेपछि एम्बुलेन्स आयो, कामै लागेन ।' घरबाट प्राथमिक स्वास्थ्य केन्द्र पुग्न एम्बुलेन्स भएको भए आधा घण्टा र हिँडाएर डेढ घण्टा लाग्ने उनले बताइन् । बझाङ र बाजुराका सर्वसाधारणले खेपिरहेका यी घटना प्रतिनिधिमूलक मात्रै हुन् । सुदूरपश्चिमका ग्रामीण भेगका सर्वसाधारणका अनुसार एक चक्की सिटामोल मात्रै होइन, स्वास्थ्य उपचार र औषधि पाउन धौ-धौ छ ।

सिटामोलजस्तो सामान्य औषधिसमेत सहजै नपाउने र उपचारका लागि घण्टौं हिँड्नुपर्ने अवस्थामा रहेका दुर्गम भेगका नागरिकका लागि स्वास्थ्य सेवा अझै पहुँचभन्दा टाढा छ । औषधि उपचारको अभावदेखि समयमै एम्बुलेन्स नपाउँदा ज्यान गुमाउनुपर्ने अवस्थासम्मका यी घटनाले राज्यको स्वास्थ्य सेवा र त्यसको पहुँचबीचको ठूलो खाडल देखाइरहेको छ । तर राज्यका उच्च पदस्थका लागि भने 'सामान्य' स्वास्थ्य समस्या पर्दासमेत तत्काल उद्धार र उपचारको व्यवस्था कसरी हुन्छ भन्ने आइतबार मन्त्री लम्सालको घटनाले देखाएको छ ।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. खगेन्द्र बम यस प्रदेशमा अस्पताललगायतका स्वास्थ्य संस्था पर्याप्त नभएको, भएका स्वास्थ्य संस्थामा जनशक्ति र उपकरण अपुग रहेको स्विकार्छन् । उनका अनुसार सुदूरपश्चिमका पहाडी जिल्लामा रोग लाग्नेबित्तिकै उपचार पाउन गाह्रै छ ।

धनगढीमा भने केहीबाहेक लगभग सबै रोगको निदान हुने गरेको स्वास्थ्य निर्देशक डा. बम बताउँछन् । 'आजको अवस्थामा धनगढीमै एमडी, डीएम, एमसीएचलगायत विभिन्न विधामा विशेषज्ञता हासिल गरेका विशेषज्ञ चिकित्सक सरकारी अस्पतालमै पनि उपलब्ध छन्,' डा. बमले भने, 'नेपाल सरकारले नै छात्रवृत्तिमा पठाएका विशेषज्ञ चिकित्सकहरू सबै जिल्लामा कार्यरत छन् ।' प्रदेश सरकारले पनि हरेक जिल्ला अस्पताललाई दुई जना विशेषज्ञ चिकित्सक राख्न वार्षिक ६० लाख अनुदान दिने गरेको उनले बताए ।



सुदूरपश्चिमका पहाडी जिल्ला भ्रमणमा क्रममा बैतडी पुगेका बेला भाइरल रुघा लागेपछि आइतबार हेलिकोप्टरबाट धनगढी ल्याइएका भौतिक पूर्वाधार विकासमन्त्री सुनील लम्सालललाई जाँच गर्दै नेपाली सेनाका स्वास्थ्यकर्मी । स्वास्थ्य जाँचपछि मन्त्री लम्सालललाई धनगढी विमानस्थलबाट सेनाकै स्काई ट्रकबाट काठमाडौं ल्याइएको थियो ।

तर मन्त्री लम्सालको आकस्मिक उद्धारपछि स्वास्थ्य व्यवसायीसमेत रहेका धनगढीका नागरिक अगुवा कुवेरबहादुर शाहीले सुत्केरीले अस्पताल पुग्न नसकेर ज्यान गुमाउनुपर्ने, मन्त्रीलाई भाइरल ज्वरो आउँदा पनि सेनाको हेलिकोप्टर झिकाएर काठमाडौं लैजानुपर्ने, कस्तो राज्य व्यवस्था हो भन्ने प्रश्न गरेका छन् ।

'यो केवल राज्य सम्पत्तिको दुरुपयोग मात्रै होइन, सुदूरपश्चिमका सरकारी तथा निजी अस्पताल, चिकित्सक र स्वास्थ्यकर्मीप्रतिको अविश्वास अनि अवहेलना पनि हो,' शाहीले भने, 'राज्यको सुविधा पदअनुसार होइन, आवश्यकताअनुसार हुनुपर्छ । सरकारी हेलिकोप्टर प्रयोगको चिकित्सकीय आवश्यकता के थियो ? कुन चिकित्सकीय सिफारिसका आधारमा निर्णय भएको हो ? उक्त हवाई उद्धारमा राज्यको कति खर्च भयो ? भन्ने प्रश्न उठेका छन् ।'

प्रदेश निकायका अधिकारीहरूले विगतको तुलनामा सुदूरपश्चिमको स्वास्थ्य सेवामा सुधार भइरहेको दाबी गरे पनि सूचकहरूका आधारमा भने अधिकांश सुविधामा सुदूरपश्चिम पुछारमा छ । स्वास्थ्य सेवा विभागद्वारा प्रकाशित 'नेपाल हेल्थ फ्याक्ट सिट २०२५' अनुसार देशभर २८ वटा शिक्षण अस्पताल रहेकामा सुदूरपश्चिम मात्रै त्यस्तो प्रदेश हो, जहाँ अहिलेसम्म एउटै मेडिकल कलेज वा प्रतिष्ठान सञ्चालनमा छैन ।

सुदूरपश्चिममा रहेका १३ वटा अस्पतालमा १०९ जना विशेषज्ञ चिकित्सकको दरबन्दी भए पनि २० जनाको मात्रै पदपूर्ति रहेको स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य प्रशासक चेतकान्त भुसाल बताउँछन् । उनका अनुसार ७९ जना मेडिकल अधिकृतको दरबन्दी रहेकामा ३७ जनाको मात्रै पदपूर्ति छ ।

'नेपाल हेल्थ फ्याक्ट सिट २०२५' अनुसार एक सय शय्यामाथिका जनरल अस्पतालको संख्या पनि सुदूरपश्चिममा सबैभन्दा कम छ । बागमतीमा २५, मधेशमा १५, लुम्बिनीमा १२, कोशीमा ७, गण्डकी र कर्णालीमा ३-३ वटा अस्पताल एक सय शय्याभन्दा माथिका छन् भने सुदूरपश्चिममा एउटा मात्रै छ ।

स्वास्थ्य पूर्वाधारको अभावसँगै सुदूरपश्चिमका सर्वसाधारणले अनेक प्रकारका स्वास्थ्य जटिलता खेपिरहेका छन् । प्रदेश सरकारले गत वर्ष गरेको सर्वेक्षणले स्वास्थ्य अवस्थाको गम्भीर चित्र देखाएको थियो । प्रतिवेदनअनुसार सुदूरपश्चिमका हरेक चार बालबालिकामा एक जनामा पुड्कोपन (उमेरअनुसार उचाइ कम) छ । हरेक ६ बालबालिकामा एक जना ख्याउटेपन (उमेरअनुसार तौल कम) छन् । ६ देखि ५९ महिनासम्मका बालबालिकामा कुपोषणको गम्भीर भार छ ।

अध्ययनमा संलग्न स्वास्थ्य निर्देशनालय सुदूरपश्चिमका जनस्वास्थ्य अधिकृत धीरेन्द्र नाथको भनाइमा विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार सुदूरपश्चिमका बालबालिकाको स्वास्थ्य आपत्कालीन अवस्थामा छ । 'हरेक चार बालबालिकामा एक जनामा उमेरअनुसार उचाइ कम पाइनु गम्भीर अवस्था हो,' उनी भन्छन् ।

उक्त अध्ययन प्रतिवेदनअनुसार सुदूरपश्चिमको ग्रामीण क्षेत्रका महिला र बालबालिका कुपोषणको दुश्चक्रमा परेका छन् । सुदूरपश्चिमका ३१.४५ प्रतिशत बालबालिकाले कुनै पनि तरकारी वा फलफूल खान नपाएको प्रतिवेदनमा उल्लेख छ । ६ महिना नपुग्दै आमाको दूधबाहेक गाईभैंसीको दूध खुवाउने गरिएको छ । यस्तै १० बालबालिकामध्ये चार जनाले 'जंक फुड' खाइरहेको देखिएको छ । जनस्वास्थ्य अधिकृत नाथ भन्छन्, 'कैलाली र कञ्चनपुरमा ख्याउटेपन, बाजुरा, बझाङ र दार्चुलामा पुड्कोपन तराईको तुलनामा दोब्बर देखिएको छ ।'

बाल मृत्युदर सबैभन्दा बढी भएको प्रदेश पनि हो, सुदूरपश्चिम । नेपाल बहुसूचक सर्वेक्षण ०८१/८२ अनुसार नेपालमा एक हजार जीवित जन्मेका शिशुमध्ये एक वर्ष नपुग्दै २७ जनाको मृत्यु हुने गरेको छ । सुदूरपश्चिममा भने नवजात शिशु मृत्युदर ३८ छ । यस्तै, मुलुकमा पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर एक हजारमा ३१ छ, सुदूरपश्चिममा भने सबै प्रदेशभन्दा बढी ४८ जनाको मृत्यु हुन्छ ।

हरेक स्थानीय तहमा ५ देखि १५ शय्याको आधारभूत अस्पताल हुनुपर्ने प्रावधान छ । तर सुदूरपश्चिमका ८८ स्थानीय तहमध्ये ३३ वटामा मात्र आधारभूत अस्पताल रहेको स्वास्थ्य निर्देशनालयको तथ्यांक छ । 'ग्रामीण तथा विकट क्षेत्रका बासिन्दा न्यूनतम चिकित्सकीय सेवाबाट वञ्चित छन्,' कैलाली स्वास्थ्य कार्यालयका प्रमुख रमेश कुँवर भन्छन्, 'स्थानीय तहले आधारभूत अस्पताल, प्रदेश सरकारले विशेषज्ञ अस्पताल सञ्चालन गर्नुपर्ने हो । तर प्रदेशका अधिकांश अस्पताल १५ शय्याका मात्र छन् ।'

२५ देखि ५० शय्याका अस्पताल विशेषज्ञ सेवाका हुन् । सुदूरपश्चिममा विशेषज्ञ अस्पतालको संख्या १८ छ । नेपाल हेल्थ फ्याक्ट सिटले सुदूरपश्चिमका चार अस्पताललाई मात्र विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालमा राखेको छ, त्यसमा सेती, महाकाली, टीकापुर र गेटा अस्पताल हुन् । यस प्रदेशमा सय शय्याको अस्पताल एउटा मात्र छ । सय शय्याको डडेलधुरा अस्पताललाई सरकारले विशिष्टीकृत स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालको सूचीमा राखेको छ । संघ सरकारमातहत रहेको डडेलधुरा अस्पताल आफैं बिरामी जस्तो रहेको डडेलधुराका स्थानीय भीमदेव पनेरुले बताए ।

बैतडी होस् या दार्चुला, बझाङ होस् या बाजुरा, सुदूरपश्चिमका सात पहाडी जिल्लामा हुने दुर्घटनाका घाइतेको उपचारका लागि धनगढी ल्याउनुको विकल्प छैन । सुदूरपश्चिमका सात पहाडी जिल्लालाई पायक हुने गरी कुनै ठाउँमा ट्रमा सेन्टर स्थापना गर्नु अति जरुरी रहेको प्रदेश स्वास्थ्य निर्देशनालयका पूर्वनिर्देशक डा. गुणराज अवस्थी औंल्याउँछन् ।

गेटामा हालै सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापना भए पनि चिकित्सा शिक्षा सुरु भएको छैन । सरकारले हालै विश्वविद्यालयअन्तर्गत गेटा अस्पताललाई शिक्षण अस्पतालका रूपमा सञ्चालन गर्ने निर्णय गरेको छ । निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाको संख्या पनि सबैभन्दा कम सुदूरपश्चिममै छ । नेपाल हेल्थ फ्याक्ट सिटका अनुसार ०८१/८२ सम्म नेपालभर निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाको संख्या २ हजार ४ सय ५१ रहेकामा सुदूरपश्चिममा सबैभन्दा कम ६९ वटा मात्र छन् ।

सरकारले आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने संस्थालाई ९८ प्रकारका औषधि निःशुल्क उपलब्ध गराउने प्रावधान छ । तर व्यवहारमा दुर्गमका स्वास्थ्य संस्थामा ती औषधि नियमित पुग्न सकेका छैनन् । प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका प्रमुख झनक ढुंगाना भन्छन्, 'सबै संस्थालाई वर्षभरि तोकिएबमोजिम निःशुल्क औषधि उपलब्ध गराउन सकिएको छैन ।'

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** समयलाई आफू अनुरूप तह लगाइनेछ । विभिन्न माध्यमबाट काममा सहयोग पुग्नेछ । कतै जाने प्रबन्ध मिल्न सक्छ ।

**वृष** मनमा भएको तनाव हटेर जानेछ । काम गर्ने उत्साह बढ्नेछ । समयानुसार कामहरु मिल्दै जानेछन् ।

**मिथुन** विविध कुराले गर्दा व्यस्त भइनेछ । समयावस्था हेरेर काममा हेरफेर हुन सक्छ । कसैसित कतै भेट्ने योजना बन्न सक्छ ।

**कर्कट** सबै कुराहरु आफू अनुकूल नहुन सक्छन् । कुनै कुनै कुरामा आँखा चिम्लिनुपर्ला । समयावस्था हेरेर मात्र आफूलाई अभिव्यक्त गर्नु उचित हुनेछ ।

**सिंह** समय आफू अनुकूल बन्दै जानेछ । पारिवारिक मेलमिलाप बढ्नेछ । क्रमशः सबै कुराहरु मिल्दै जानेछन् ।

**कन्या** कतै जाने काम आइलाग्न सक्छ । तपाईंको सहजताको विचार गरिनेछ । समग्रमा दिन राम्रै रहनेछ ।

**तुला** मनमा भएको तिक्तता हटेर जानेछ । काम गर्ने जाँगर बढ्नेछ । व्यक्तिगत काममा सफलता मिल्नेछ ।

**वृश्चिक** समसामयिक कुरामा जोड दिइनेछ । समयलाई आफू अनुरूप ढाल्न खोजिनेछ । क्रमशः सबै काम सम्पन्न गर्न लागिपरिनेछ ।

**धनु** काम गर्ने जाँगर बढ्नेछ । यथास्थानमा सबै कुराहरु सम्पन्न हुँदै जानेछन् । साथीसित कतै चियागफ हुन सक्छ ।

**मकर** मनमा भएको तुष हटेर जानेछ । आत्मीयजनसित संवाद हुन सक्छ । रोकिएका कामहरु सुचारू रूपले अघि बढ्न थाल्नेछन् ।

**कुम्भ** कुनै कुराले नजानिंदोगरी व्यस्त बनाउन सक्छ । सकेसम्म बेलैमा काम सकी फुत्किन खोजिनेछ । जसरी पनि आफूखुसी रहने प्रयत्न गरिनेछ ।

**मीन** कुनै कुराले गर्दा मनमा दोधार हुन सक्छ । सकेसम्म प्राथमिकताका काममा जोड दिनुपर्नेछ । समयावस्था विचारेर आफूलाई अघि बढाउन खोजिनेछ ।

# सम्पादक श्रेष्ठ हिरासत मुक्त

## जनआस्थाको कार्यालय र श्रेष्ठको घरबाट प्रहरीले नियन्त्रणमा लिएका ६ वटा सीपीयू, ल्यापटप, मोबाइल र आइप्याड लगायतका 'ग्याजेट' हरूसमेत फिर्ता गर्न आदेश

**दया दुदराज र कृष्ण बहाब** (काठमाडौं)



सर्वोच्च अदालतले थुना मुक्त गर्न दिएको परमादेशपछि सोमबार जनआस्था साप्ताहिक पत्रिकाका सम्पादक किशोर श्रेष्ठ हिरासत मुक्त भएका छन् । अदालतले श्रेष्ठलाई थुनामै राखेर अनुसन्धान गर्नुपर्नेसम्मको अवस्था नदेखिएको ठहर गर्दै मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५ बमोजिम हाजिर जमानी वा तारिखमा राखी अनुसन्धान गर्न जिल्ला प्रहरी परिसर काठमाडौंका नाममा सोमबारै परमादेश जारी गरेको थियो ।

यस्तै सर्वोच्चले जनआस्थाको कार्यालय र श्रेष्ठको घरबाट २७ र २८ साउनमा प्रहरीले नियन्त्रणमा लिएका ६ वटा सीपीयू, ल्यापटप, मोबाइल र आइप्याड लगायतका 'ग्याजेट' हरू अदालतका सहरजिस्ट्रारको रोहवरमा फिर्ता गर्नसमेत आदेश दिएको छ । न्यायाधीशद्वय नहकुल सुवेदी र बालकृष्ण ढकालको संयुक्त इजलासले श्रेष्ठका तर्फबाट उनकी श्रीमती सरस्वती श्रेष्ठले दर्ता गराएको बन्दीप्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै थुना मुक्त गर्न र नियन्त्रणमा लिएका सामग्री फिर्ता गर्न आदेश दिएको हो ।

गत २५ साउनमा जनआस्था अनलाइनमा प्रकाशित तस्बिर र समाचारलाई लिएर वैयक्तिक गोपनीयता भंग गरेको आरोपमा परेको जाहेरीका आधारमा प्रहरीले श्रेष्ठलाई २७ साउनको साँझ पक्राउ गरेको थियो । त्यसपछि उनलाई जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा राखिएको थियो । तर सर्वोच्चले उपलब्ध कागजात र दुवै पक्षको बहसपछि श्रेष्ठलाई थुनामै राखेर अनुसन्धान गर्नुपर्ने अवस्था नरहेको निष्कर्ष निकालेको हो ।

अदालतले श्रेष्ठ जनआस्था पत्रिकाको सम्पादक भए पनि विवादमा परेको समाचार प्रकाशित भएको जनआस्था अनलाइन पोर्टलको सम्पादकीय भूमिकामा रहेको नदेखिएको उल्लेख गरेको छ । जाहेरीमा उल्लेख गरिएको तस्बिर जाहेरवालाकै फेसबुकबाट लिइएको भन्ने विषय खण्डित हुन नसकेको पनि सर्वोच्चको आदेशमा उल्लेख छ ।

अनुसन्धान गर्नुपर्ने भए पनि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ बमोजिम श्रेष्ठलाई हाजिर जमानीमा छाडेर वा तारिखमा राखेर मुद्दाको अनुसन्धान गर्न सकिने अदालतको आदेशमा छ । त्यसका लागि जिल्ला प्रहरी परिसर काठमाडौंको नाममा परमादेश जारी गर्दै उक्त आदेश कार्यान्वयन भएको जानकारी सर्वोच्चलाई गराउनसमेत भनिएको छ ।

यसको अर्थ सर्वोच्चले श्रेष्ठविरुद्धको जाहेरी वा अनुसन्धान नै खारेज गरेको भने होइन । व्यक्तिगत गोपनीयताको हक उल्लंघन भयो कि भएन भन्ने मूल प्रश्नको निरूपण भने सम्बन्धित अनुसन्धान र मुद्दाको प्रक्रियाबाटै हुने अदालतले स्पष्ट पारेको छ । त्यसका लागि पत्रकार वा सञ्चारमाध्यमसँग सम्बन्धित व्यक्तिलाई अनिवार्य रूपमा थुनामा राखिरहनुपर्ने अवस्था भने नरहेको सर्वोच्चको निष्कर्ष हो ।

श्रेष्ठलाई रिहाइको आदेश दिँदा सर्वोच्चले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक व्यवस्थालाई समेत विस्तृत रूपमा व्याख्या गरेको छ । नेपालको संविधानको प्रस्तावनाले बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, मौलिक अधिकार, मानवअधिकार र कानुनी शासनको मान्यताअनुरूप 'पूर्ण प्रेस स्वतन्त्रता' लाई संवैधानिक चरित्रका रूपमा स्वीकार गरेको अदालतले स्मरण गराएको छ । संविधानको धारा १९ ले सञ्चारको हकअन्तर्गत विद्युतीय प्रकाशन तथा प्रसारणसहित समाचार, सम्पादकीय, लेख-रचना तथा अन्य सामग्री प्रकाशन र प्रसारण गर्ने अधिकार सुनिश्चित गरेको तथा प्रकाशनपूर्व प्रतिबन्ध नलगाइने व्यवस्था गरेको पनि अदालतले उल्लेख गरेको छ ।

त्यस्तै, छापा, विद्युतीय प्रसारण वा अन्य सञ्चारमाध्यमलाई समाचार वा सामग्री प्रकाशित गरेकै आधारमा बन्द, जफत वा दर्ता खारेज गर्न नहुने संवैधानिक संरक्षण रहेको अदालतको व्याख्या छ । यही संवैधानिक व्यवस्थाको रोहमा सर्वोच्चले सञ्चारमाध्यममा समाचार प्रकाशित गरेकै आधारमा पत्रिकाका सम्पादक वा प्रकाशकलाई गिरफ्तार गरी थुनामा राख्न मिल्ने अवस्था नरहेको स्पष्ट पारेको छ ।

अदालतले प्रेस स्वतन्त्रता निरपेक्ष अधिकार भने नभएको उल्लेख गरेको छ । गाली बेइज्जती, अदालतको अवहेलना, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल कार्यलगायत संविधानले तोकेका आधारमा राज्यले कानुन बनाएर सञ्चार तथा प्रकाशनको हकमा मनासिब प्रतिबन्ध लगाउन सक्ने सर्वोच्चले आफ्नो आदेशमा बताएको छ । अहिलेको विवादमा भने दुई अधिकारबीचको सीमा स्पष्ट रूपमा छुट्याउनुपर्ने अदालतको भनाइ छ । एकातिर सञ्चार संस्थाको समाचार प्रकाशनसम्बन्धी अधिकार र अर्कोतिर व्यक्तिको वैयक्तिक गोपनीयताको अधिकार ।

जाहेरवालाले आफ्नो चरित्र हत्या हुने गरी तस्बिर तथा समाचार प्रकाशन गरिएको र त्यसबाट संविधानको धारा २८ तथा वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ ले सुनिश्चित गरेको गोपनीयताको हक उल्लंघन भएको दाबी गरेकी छन् । त्यसको सत्यता र कानुनी दायित्व के हुने भन्ने विषय भने मूल मुद्दाको अनुसन्धान तथा सुनुवाइबाटै टुंगो लाग्ने सर्वोच्चले जनाएको छ ।

पत्रकार श्रेष्ठविरुद्ध जाहेरीमा समावेश तस्बिर जाहेरवालाकै सामाजिक सञ्जाल फेसबुकबाट लिइएको दाबी गरिएको थियो । श्रेष्ठका तर्फबाट यही विषयलाई मुख्य आधार बनाउँदै सार्वजनिक रूपमा उपलब्ध तस्बिर सञ्चारमाध्यमले प्रकाशन गरेको कारण मात्रै व्यक्तिगत गोपनीयताको हक उल्लंघन भएको मान्न नसकिने जिकिर गरिएको थियो ।

विपक्षी प्रहरीको लिखित जवाफमा भने जनआस्था पत्रिका तथा अनलाइनमा जाहेरवालालाई पुरुषसँग चुम्बन गरेको देखिने गरी जोडेर फोटो प्रकाशन गरिएको र त्यसबाट उनको चरित्र हत्या तथा गोपनीयताविरुद्धको कसुर भएको दाबी गरिएको थियो । त्यसै आधारमा अदालतबाट पक्राउ अनुमति लिएरै श्रेष्ठलाई पक्राउ गरिएको र म्याद थपसमेत भएको प्रहरीको भनाइ थियो ।

सर्वोच्चले पक्राउका लागि अनुमति लिइएको र म्याद थप भएको तथ्यलाई पनि आदेशमा उल्लेख गरेको छ । तर ती प्रक्रियाबाट श्रेष्ठलाई अनुसन्धानको अन्तिम समयसम्म थुनामै राखिरहनुपर्ने अवस्था भने नदेखिएको ठहर गरेको हो । अर्थात् अदालतले पक्राउ र अनुसन्धानको आधारलाई पूरै अस्वीकार गरेको छैन । बरु अनुसन्धान आवश्यक भए पनि त्यसलाई थुनाबाहिर रहेर अघि बढाउन सकिने भन्दै हिरासतलाई आवश्यक र अनिवार्य उपायका रूपमा स्वीकार नगरेको देखिन्छ ।

सर्वोच्चको आदेशमा सबैभन्दा महत्त्वपूर्ण रूपमा उठाइएको अर्को विषय श्रेष्ठको जनआस्था अनलाइनसँगको सम्पादकीय सम्बन्ध हो । अदालतले श्रेष्ठ जनआस्था पत्रिकाको सम्पादक रहेको देखिए पनि विवादित समाचार प्रकाशित भएको जनआस्था अनलाइन पोर्टलको सम्पादकीय भूमिकामा उनी रहेको नदेखिएको उल्लेख गरेको छ । त्यसैले समाचार प्रकाशनको जिम्मेवारीसँग प्रत्यक्ष सम्पादकीय सम्बन्ध पुष्टि नभएको अवस्थामा उनलाई थुनामै राखेर अनुसन्धान गरिरहनुपर्ने अवस्था नरहेको अदालतको निष्कर्ष छ । यही आधारमा सर्वोच्चले 'निवेदकलाई थुनामै राखी मुद्दाको तहकिकात अनुसन्धान गर्नुपर्नेसम्मको अवस्थाको विद्यमानता नदेखिएकाले' थुना मुक्त गरी अनुसन्धान अघि बढाउन आदेश दिएको हो । श्रेष्ठ पक्राउ परेसँगै प्रहरीले उनको घर तथा कार्यालयबाट विभिन्न विद्युतीय उपकरण तथा सामग्री बरामद गरेको थियो । रिट निवेदनमा ती सामग्री फिर्ता गर्नसमेत माग गरिएको थियो ।

आदेशमा जनआस्था प्रकाशनसँग सम्बन्धित व्यक्तिको सञ्चार अधिकार र संविधानको धारा १९ को उपधारा (२) र (३) ले सञ्चार सामग्री जफत नगर्ने तथा सञ्चारमाध्यम अवरुद्ध नगर्ने सम्बन्धमा दिएको संवैधानिक संरक्षणलाई समेत उल्लेख गरिएको छ । श्रेष्ठको घर तथा कार्यालयबाट २७ र २८ साउनमा बरामद गरी नियन्त्रणमा लिइएका बरामदी मुचुल्कामा उल्लेखित सामग्रीमध्ये इजलाससमक्ष पेस गरिएका सम्पूर्ण सामग्री फिर्ता गर्न सर्वोच्चले आदेश दिएको छ ।

रिट निवेदनका क्रममा उल्लेख भएअनुसार प्रहरीले ६ वटा सीपीयू, कम्प्युटर, मोबाइल, ल्यापटप र आइप्याडलगायत विद्युतीय उपकरण नियन्त्रणमा लिएको थियो । सर्वोच्चले ती सामग्री सरस्वती श्रेष्ठलाई फिर्ता दिई त्यसको निस्सा मिसिलमा राख्न आदेश दिएको छ ।

# नेपाली सेनाको मानार्थ महारथी बने भारतीय सेनाध्यक्ष

## प्रधानमन्त्री वालेन्द्र शाह र भारतीय स्थल सेनाका प्रमुख जनरल धीरज सेठबीच आज भेटवार्ता हुँदै



**राष्ट्रपति रामचन्द्र पौडेल भारतीय स्थल सेनाध्यक्ष धीरज सेठलाई सोमबार राष्ट्रपति कार्यालयमा नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्दै ।** **तस्बिर सौजन्य** : राष्ट्रपति कार्यालय

काठमाडौं (कास)- भारतीय स्थल सेनाका प्रमुख जनरल धीरज सेठले नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्राप्त गरेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले शीतलनिवासमा सोमबार उनलाई दर्ज्यानी चिह्न प्रदान गरे ।

त्यसक्रममा उपराष्ट्रपति रामसहायप्रसाद यादव, परराष्ट्रमन्त्री शिशिर खनाल, मुख्य सचिव गोविन्दबहादुर कार्की, प्रधानसेनापति अशोकराज सिग्देल, पूर्वप्रधानसेनापतिलगायत उपस्थित थिए । रक्षा मन्त्रालयको समेत जिम्मेवारी सम्हालिरहेका प्रधानमन्त्री वालेन्द्र शाह भने उपस्थित थिएनन् । प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार, प्रधानमन्त्री शाहसँग सेठले मंगलबार भेट्ने तयारी छ ।

नेपाल र भारतबीच सन् १९५० देखि एकअर्काको देशमा मानार्थ सेना प्रमुखको सम्मान दिने चलन रही आएको जंगीअड्डाको अभिलेख छ । कतिपय सैनिक इतिहासका जानकारहरू राणा प्रधानमन्त्री वीरशमशेरकै पालादेखि यो परम्परा रही आएको बताउँछन् । मानार्थ महारथीको सम्मान दिने परम्पराले दुई देशबीच सैन्य र राजनीतिक सम्बन्ध सुमधुर रहेको सन्देश दिने सैन्य अधिकारीहरूको भनाइ छ ।

विगतमा दुई देशबीच सम्बन्ध चिसिएका बेला यो मानार्थ महारथीको सम्मान दिइएको पाइँदैन । २०४५ मा नाकाबन्दी भएका बेला नेपालका प्रधानसेनापति सत्चितशमशेर जबरा भारत गएका थिएनन् । भारतीय सेनाध्यक्षलाई निमन्त्रणा दिइएको थिएन ।

सैनिक प्रवक्ता राजाराम बस्नेतले नेपाल-भारतबीचको संस्कृतिक, धार्मिक एवं ऐतिहासिक र मित्रवत् सैनिक सम्बन्धको निरन्तरता स्वरूप मानार्थ महारथीको दर्जा प्रदान गर्ने विशिष्ट परम्परा रहेको बताए । उनका अनुसार, त्यसअघि भारतीय सेनाध्यक्ष सेठले टुँडिखेलमा पुगेर सैनिक मञ्चमा वीर सैनिक स्मारकमा पुष्पगुच्छा चढाएका थिए ।

सोमबार नै प्रधानसेनापति अशोक सिग्देल र उनीबीच शिष्टाचार भेटवार्तासमेत भएको छ । त्यसक्रममा दुई देशका सेनाध्यक्षबीच आपसी हित र पारस्परिक सम्बन्धका विषयमा कुराकानी भएको थियो । तीनदिने नेपाल भ्रमणमा आएका उनले मंगलबार शिवपुरस्थित सैनिक कमान्ड तथा स्टाफ कलेजका प्रशिक्षार्थीलाई सम्बोधन गर्नेछन् । त्यसक्रममा उनले प्रशिक्षक र विदेशी प्रशिक्षार्थीसँग समेत संवाद गर्ने कार्यक्रम छ । बुधबार उनी पोखरामा आयोजना हुने पूर्वगोर्खा सैनिकहरूको कार्यक्रममा सहभागी हुनेछन् । त्यसक्रममा उनले भारतीय सेनाबाट सम्मानित सैनिक अधिकारीहरूसँग समेत संवाद गर्नेछन् । त्यसपछि स्वदेश फर्कने कार्यक्रम छ ।

# कांग्रेस संस्थापनले असोजमै महाधिवेशन गराउने, देउवा पक्षमा धर्मसम्बन्धी मामिलाले विवाद

## राष्ट्रिय भेलाले देउवाकै नेतृत्वमा १५ औं महाधिवेशन गर्ने निर्णय लिएपछि नेता शशांक कोइरालाले सभापतिमा गगन थापालाई स्विकारेर अघि बढ्न चाहेको प्रतिक्रिया दिए, भने, 'विवादलाई व्यक्तिगत तहमा लैजानुभन्दा संवाद र समझदारीबाट समाधान खोज्नुपर्छ'

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

अदालतमा विचाराधीन मुद्दालाई आधार बनाउँदै पूर्वसभापति शेरबहादुर देउवा नेतृत्वको समूहले महाधिवेशनका सम्पूर्ण कार्यतालिका स्थगन गर्नुपर्ने भनिरहेका बेला संस्थापन पक्षको केन्द्रीय कार्यसमिति बैठकले तोकिएकै मितिमा महाधिवेशन गर्ने निर्णय लिएको छ । केन्द्रीय महाधिवेशन आगामी १६-१९ असोजमा गर्ने निर्णय कांग्रेसले गत चैतमै गरेको थियो ।

कांग्रेस संस्थापनले २४ साउनदेखि चलेर सोमबार सकिएको कार्यसमिति बैठकका निर्णय सार्वजनिक भने गरेको छैन । निर्णयबारे औपचारिक जानकारी मंगलबार सार्वजनिक गरिने सभापति गगन थापाले बताएका छन् । उनले संविधान र पार्टीको विधानअनुसार तोकिएकै मितिमा महाधिवेशन गर्नुपर्ने बाध्यता रहेकाले असोजमै केन्द्रीय महाधिवेशन हुने बताए ।

'असोजमा महाधिवेशन हुन्छ । यसमा किन्तु, परन्तु हुन्न । हामी चाहिरहेका छौं, कोही पनि वडाको अधिवेशनमा नछुट्नुहोस् । कोही छुट्नुहोला भनेर १६ असोजको तिथि तलमाथि नहुने गरी केही मिलाउन खोजेका छौं,' उनले भने, 'जिम्मेवारीमा रहनुभएका कसैले अधिवेशन रोक्न खोज्नुभयो भने अर्को साथीलाई जिम्मेवारी दिइन्छ । अधिवेशन रोकिन्न ।'

देउवा समूहमा भने यही बेला हिन्दु धर्मका विषयमा लिइएको नीतिलाई लिएर विवाद सुरु भएको छ । यही मतभेदका कारण अब कसरी अघि बढ्ने भन्नेमा समूहभित्रै अलमल देखिएको छ । देउवा समूहका नेता मीन विश्वकर्माले धर्मका विषयमा अलमल भए पनि अरू विषयमा समस्या नभएको दाबी गरे ।

धर्मसम्बन्धी विषयमा समझदारी जुट्न नसक्दा राष्ट्रिय भेलाको निष्कर्षको अन्तिम दस्तावेज आउन नसकेको उनले बताए । 'धर्मसम्बन्धी विषयमा दुई थरी धारणा बनेपछि सहमति हुन सकेन । समझदारी नभएकै कारण भेलाको निष्कर्षको अन्तिम दस्तावेजका बारेमा जानकारी दिन आइतबार गर्ने भनिएको पत्रकार सम्मेलनसमेत स्थगित गर्नुपर्‍यो,' विश्वकर्माले भने ।

२९-३१ साउनको राष्ट्रिय भेला समापनका क्रममा हलबाट पारित गर्नका लागि सुरुमा नै २० बुँदे निष्कर्ष तयार पारिएको थियो । त्यसमा १६ नम्बर बुँदाबाहेक सबै विषयमा सबै नेताको सहमति थियो तर १६ नम्बरमा भएको धर्मसम्बन्धी व्यवस्थामा राखिएको विषय देउवाले रुचाएनन् । त्यसपछि पाँचबुँदे प्रस्ताव तयार पारिएको थियो, जसमा संविधानमा रहेको धर्म निरपेक्षतासम्बन्धी व्यवस्था संशोधन गर्ने आशयबाट सनातन धर्मलाई राष्ट्रिय पहिचानका रूपमा अघि बढाउने उल्लेख गरिएको थियो । त्यसमा कृष्णप्रसाद सिटौला, बिमलेन्द्र निधि, प्रकाशमान सिंह, मीन विश्वकर्मालगायत नेताहरूले असहमति जनाएका थिए ।



**कांग्रेसको देउवा समूहले आयोजना गरेको राष्ट्रिय भेलाका सहभागी ।** **तस्बिर** : कान्तिपुर

देउवा पक्षको भेलाले पूर्वसभापति देउवाकै नेतृत्वमा कांग्रेसको १५ औं महाधिवेशन हुनुपर्ने निर्णय गरेको छ । विशेष महाधिवेशन र त्यसबाट निर्वाचित केन्द्रीय कार्यसमिति अवैधानिक रहेको उल्लेख गर्दै भेलाले भनेको छ, '१४ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको निर्णय र आयोजनामा पार्टी सभापति शेरबहादुर देउवाको सभापतित्वमा १५ औं महाधिवेशन सम्पन्न हुनेछ ।'

भेलाको यो निर्णयलाई लिएर पनि देउवा पक्षभित्र मतभेद देखिएको नेताहरूको भनाइ छ । देउवाकै नेतृत्वमा १५ औं महाधिवेशन गर्ने निर्णय लिएपछि उक्त समूहको राष्ट्रिय भेला आयोजक समिति संयोजक रहेका नेता शशांक कोइरालाले सभापतिमा गगन थापालाई स्विकारेर अघि बढ्न चाहेको प्रतिक्रिया दिएका छन् । त्यसका लागि नेता देउवा र सभापति थापाबीच तत्काल संवाद आवश्यक रहेको समेत उनले बताए । सभापति थापा र देउवाबीच मंगलबार नै संवाद हुने सम्भावना रहेको पनि नेताहरूको भनाइ छ ।

कोइरालाले शीर्षस्थ नेताहरूलाई समेटेर लैजान सभापति तयार भए पार्टी एकता हुने बताएका छन् । 'सभापति थापालाई नेतृत्वमा तपाईं नै बस्नुहोस्, अरू साथीलाई समेट्नुहोस् भनेको हुँ । त्यति पनि नमाने हामीले के गर्ने ?' चुनदेवीस्थित सम्पर्क कार्यालयमा सोमबार सञ्चारकर्मीमाझ कोइरालाले भने, 'भेलाले पनि एकताको सन्देश दिएको छ । विवादलाई व्यक्तिगत तहमा लैजानुभन्दा संवाद र समझदारीबाट समाधान खोज्नुपर्छ ।'

भेलाको निर्णय भने कोइरालाको भनाइभन्दा विपरीत छ । भेलाले थापालाई सभापतिमा स्वीकार गरेको छैन । देउवालाई नै सभापति भनेर सम्बोधन गरिएको छ । पार्टीको सम्पर्क कार्यालयमा समेत देउवाको कार्यकक्षमा सभापतिकै 'नेमप्लेट' राखिएको छ ।

विशेष महाधिवेशन र त्यसबाट निर्वाचित सभापति थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई मान्यता दिने निर्वाचन आयोगको निर्णय सदर गर्ने सर्वोच्च अदालतको ४ वैशाखको फैसला पुनरावलोकन गर्ने आदेश २१ साउनमा आएपछि देउवा पक्षको 'बार्गेनिङ' शक्ति बढेको छ । त्यस अघिसम्म देउवा पक्षले विशेष महाधिवेशनमा असहमत रहेका र अहिले केन्द्रीय कार्यसमिति बाहिर रहेका नेताहरूको सामूहिक समायोजनको माग उठाउँदै आएको थियो । पुनरावलोकनको आदेशपछि देउवा पक्षले थापालाई सभापति नै नस्विकार्ने नीति लिएको हो ।

> पूर्वसभापति देउवा रेफ्रीको भूमिकामा फर्कने अपेक्षा गरिरहेका बेला एउटा समूहको जर्सी लाएर फर्कनुभयो, त्यसले एकताको वातावरण बिगारेको छ
>
> **प्रदीप पौडेल**
> कांग्रेस महामन्त्री

> धर्मसम्बन्धी विषयमा दुई थरी धारणा बनेपछि राष्ट्रिय भेलाको निष्कर्षको अन्तिम दस्ताबेज आउन नसकेको हो, अरू विषयमा हामीभित्र समस्या छैन
>
> **मीन विश्वकर्मा**
> देउवापक्षीय नेता

सर्वोच्च अदालतले पुनरावलोकनको आदेश दिएपछि त्यसको अन्तिम टुंगो नलागेसम्म १५ औं महाधिवेशनको तालिका रोक्नुपर्ने माग आफूहरूको रहेको देउवापक्षीय नेता एनपी साउदले बताए । संस्थापन पक्षले महाधिवेशनको तयारी गर्ने निर्णय लिए महाधिवेशन रोक्न अन्तरिम आदेशको मागसहित रिट लिएर अदालतमा जाने उनले बताए । 'अदालतले पुनरावलोकन गर्नु भनेको दूरगामी प्रभाव पार्ने काम नगर्नु भन्ने नै हो । महाधिवेशन अघि बढाउँदा दूरगामी प्रभाव पर्छ र त्यसबाट अदालतको अवहेलना हुन्छ,' उनले भने ।

सभापति थापाले भने मुद्दा पुनरावलोकनको आदेश भए पनि ४ वैशाखको फैसला र निर्वाचन आयोगको निर्णयमा तलमाथि केही नभएकाले केन्द्रीय महाधिवेशनको तालिका संशोधन नहुने बताए । 'अदालतको कुरा अदालतले गर्छ, हाम्रो कुरा हामीले गर्ने हो । आयोगले अद्यावधिक गर्ने बेला सबै कुरा परीक्षण गरेको छ । अदालतले फैसला गर्दा दुवै पक्षसँग मज्जाले सुनुवाइ गरेको छ,' उनले भने, 'अब अदालतले यसअघिको फैसला संविधान र कानुनअनुसार छ कि छैन भनेर हेर्ने मात्रै हो । त्यसभन्दा अगाडि बढेर पार्टीहरूको आन्तरिक शक्ति संघर्षमा अदालत प्रवेश गर्ने कुरा हुन्न । न्यायिक संयमता र जनभावनाको पनि ख्याल गर्छ ।'

थापाले विशेष महाधिवेशन सम्पन्न भई आमनिर्वाचनमा भाग लिएर मुलुक अघि बढिसकेको अवस्थामा फेरि पछि फर्कने काम हुन नसक्ने बताए । 'सत्य हिजो जे थियो, आज पनि त्यही हो । यसमा कुनै अलमल छैन । प्रक्रियालाई मान्नुपर्छ । अहिले त झनै मान्नुपर्छ,' उनले भने ।

२८ असोज २०८२ मा केन्द्रीय कार्यसमिति बैठकमा सक्रिय राजनीतिबाट बिदा लिएका देउवालाई वरिपरिकाले ढाल बनाएर पटक-पटक सक्रिय बनाउन खोजिरहेको थापाको टिप्पणी छ । सोमबार केन्द्रीय कार्यसमिति बैठकमा देउवालाई सम्बोधन गर्दै थापाले भने, '२८ असोजको केन्द्रीय कार्यसमिति बैठकबाट तपाईंलाई सम्मानपूर्वक बिदाइ गरेको हो । त्यतिबेला तपाईंप्रति गौरव गरेको हो । तर तपाईंलाई फेरि बोलाउन आए । सबै कुरा ठिकठाक भयो भनेर बोलाए । कसैले संसद् पुनःस्थापना हुँदै छ भनेर बोलाए । फेरि ढाँटे । अलमल्याए ।'

निर्वाचनमा टिकट लिने बेला भने कसैले पनि देउवा नसम्झिएको पनि थापाले बताए । 'दाइ, तपाईंलाई टिकट नदिने हो भने म लड्दिनँ भन्ने कोही थिएन । धमाधम टिकट लिएर गए,' उनले भने । थापाले पूर्वसभापतिको हैसियतमा देउवालाई १५ औं महाधिवेशनमा सम्मानजनक स्थानमा राख्न चाहेको बताए ।

देउवा पक्षको भेलाले पारित गरेका निर्णय र दस्ताबेज पार्टीका आधिकारिक नीति नहुने पनि थापाले बताए । 'आधिकारिक दृष्टिकोण निर्माण गर्ने थलो भनेको पार्टीका महासमिति, महाधिवेशन, विशेष महाधिवेशन हुन् । अर्को घोषणापत्रले विचार बनाउँछ,' चुनदेवी भेलाबाट पारित दस्ताबेजबारे थापाको टिप्पणी थियो, 'कुनै पनि भेलामा प्रस्तुत भएका विचार, निर्णय नीति वा विधानको अंग बन्दैनन् । पार्टीका निम्ति स्वीकार्य हुँदैन । जुन कुरा स्वीकार्य हुँदैन, त्यसैमा धेरै छलफल गर्नु उपयुक्त हुँदैन ।'

महामन्त्री प्रदीप पौडेलले पूर्वसभापति देउवा रेफ्रीको भूमिकामा फर्कने अपेक्षा गरिरहेका बेला एउटा समूहको जर्सी लाएर फर्केको टिप्पणी गरे । त्यसले एकताको वातावरण बिगारेको उनको भनाइ थियो । 'यसले हाम्रो नेतृत्वप्रति अझ बढी विश्वास र भरोसा बढेको छ । यथास्थितिवादी अवस्थामा रहेको पार्टीलाई परिवर्तन गर्ने प्रक्रियाको नेतृत्व गगन थापाले गर्नुभएको छ,' उनले भने, 'रुखको हाँगो काटी दाउरा बनाएर खाना पकाउँछौं भन्नेतिर नलागौं, रुखलाई हराभरा बनाउन सानेपा आउनुहोस् । विचार निर्माण गर्ने प्रक्रियामा जोडिनुहोस् ।'

सम्पादकीय

# नेपाल-भारत सम्बन्ध : विश्वास वृद्धिका लागि निरन्तर संवाद

नेपाल र भारतबीचको निकटता ऐतिहासिककालदेखि निरन्तर छ। भौगोलिक रूपमा सीमा जोडिनुका अतिरिक्त त्यस्तो निकटतालाई प्रस्ट्याउने अनेकौं आयाम छन्। दुई देश उस्तै सांस्कृतिक विरासत बोक्छन्। चाडपर्वदेखि सामाजिक मूल्यमान्यता करिब उस्तै छन्। वैवाहिक सम्बन्धसमेत सहजै गाँसिने गरेको छ। सीमास्तम्भले दुई देशको भूगोल छुट्याएको छ, तर सीमा क्षेत्रको भौगोलिक बनावट उस्तै छ। हावापानी र पर्यावरण उस्तै छ। राजनीतिक निकटता पनि अद्वितीय छ, जसकारण एक-अर्का राजनीतिक 'डिपार्चर' मा दुवैले चासो राख्ने र यथाशक्य सहयोग गर्दै आएका छन्। यद्यपि, फरक देश हुनुको कारण दुईबीच कतिपय विषयमा असमझदारी पनि छन्, जुन बेलाबखत सार्वजनिक रूपमै प्रकट हुने गरेको छ। त्यसले अविश्वास पनि बढाउने गरेको छ। यद्यपि, संवादबाटै असमझदारी अन्त्य र समस्या समाधान हुने विश्वास दुवै देशले गर्दै आएका छन्। यस्तो मान्यता र प्रयत्न नै परिपक्व कूटनीतिक र व्यावहारिक बाटो हो।

निकटका अनेकौं सन्दर्भ भए पनि केही समस्या भने निरन्तर बहसमा आइरहन्छ। जस्तो कि, नेपालले भारतबाट सीमा अतिक्रमण र भूमि कब्जाको समस्या खेपिरहेको छ। सुस्ता र कालापानी क्षेत्रमा यस्तो समस्या बढी छ। नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र भारतीय कब्जामा छ। नेपाल-भारतबीचको खुला सिमानालाई गैरराज्य पक्षबाट दुरुपयोग गरिएको पनि पाइन्छ। एउटा देशमा अपराध गरी अर्को देशमा लुक्न जाने तथा लागू औषध वारपार गराउने जस्ता समस्या पनि छन्। 'सीमा क्षेत्रको जमिनको दोहोरो भोगचलन' हुने गरेको छ। त्यस्तै, नेपालले भारतसँगको व्यापारमा उच्च घाटा खेप्नुपरेको छ। आर्थिक वर्ष २०८२/८३ मा नेपालले भारतबाट १२ खर्ब १० अर्बको सामान आयात गर्दा २ खर्ब ५८ अर्बको मात्रै निर्यात गर्न सकेको थियो। राजनीतिक साथ-सहयोग कहिलेकाहीं हस्तक्षेपका रूपमा अनुभूत हुने गरेको छ, खासगरी भारतका तर्फबाट, त्यसले नेपालमा असन्तुष्टि सिर्जना हुने गरेको छ। नेपालले त भारतबाट पटक-पटक नाकाबन्दी पनि सामना गर्नुपरेको छ।

हामीले भारतसँगको भौगोलिक निकटतालाई बदल्न सक्दैनौं, व्यवहारमा आइपरेका र आइपर्ने समस्या र असमझदारीलाई भने समाधान गर्न सक्छौं। त्यसको आधारभूत सर्त हो- संवाद। नेपाल-भारत विभिन्न क्षेत्रका सन्दर्भमा देखापरेका समस्या समाधान गर्ने र आपसी हित पहिल्याउने उद्देश्यले स्थापना गरिएका स्थायी संयन्त्रहरू छन्। उच्चस्तरमा परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोग छ। साथै, सबैभन्दा तल नेपालका प्रमुख जिल्ला अधिकारी (सीडीओ) र भारतका जिल्ला अधिकारी (डीएम) सम्मिलित संयन्त्र छ। तीन दर्जन यस्ता स्थायी संयन्त्रका अतिरिक्त विभिन्न तहका अस्थायी संयन्त्र पनि गठन हुने गरेको छ। तर सबै संयन्त्रका बैठक नियमित बस्न नसक्दा कतिपय समस्या थाती रहँदै आएका छन्। दुई देशका नापी विभागका प्रमुखको नेतृत्वमा रहेको सीमा कार्यदल (बाउन्ड्री वर्किङ ग्रुप-बीडब्लूजी) अन्तर्गतको सर्वेक्षण अधिकारी समिति (एसओसी) बैठक शुक्रबार सम्पन्न भएको छ। यसले सीमा क्षेत्रमा भएको जमिन भोगचलनको नक्सांकन तीन वर्षभित्र सक्ने निर्णय गरेको छ।

एसओसी बैठकले गरेका निर्णय कति कार्यान्वयनमा आउँछन् र समस्या समाधान कहिले भइसक्छ भन्ने प्रतीक्षाको विषय हो। तर यस्ता बैठक स्वयंकै विशेष महत्त्व छ। बैठकमा हुने संवादमै एक-अर्काका सरोकार र अपेक्षा थाहा हुन्छ। कतिपय समस्याका बारेमा अर्को पक्षलाई जानकारी हुन्छ। समस्या समाधानका सूत्रबारे मन्थन हुन्छ, साझा पहलकदमी गर्ने प्रतिबद्धता हुन सक्छ। उस्तै समस्या दोहोरिन नदिने मार्ग पहिल्याउन सकिन्छ। असमझदारी र अविश्वास हट्छ। मुद्दाहरू सल्टिन्छन्। दुई देशबीच सहज सम्बन्ध चलिरहेको छ भन्ने सन्देश प्रवाह हुन्छ। त्यसले अन्य क्षेत्रमा पनि सकारात्मक प्रतिफल प्राप्त हुन सक्छ। कार्यदलस्तरीय बैठकले निष्कर्ष निकाल्दै जाँदा समस्या समाधान हुँदै जान्छ, त्यहाँ निष्कर्ष निस्किएन भने राजनीतिक नेतृत्वलाई पनि शीघ्र निर्णय लिनका लागि दबाब सिर्जना हुन्छ। अन्ततः त्यो नै समस्या समाधानको अन्तिम अस्त्र हो। कुनै पनि तहबाट होस्, समस्या समाधान हुनु भनेको त्यसले दुई पक्षीय लाभ र समझदारीका सम्भावना बढाउनु हो।

नेपाल र भारतले जस्ता किसिमका संयन्त्र स्थापना गरेका छन्, त्यसले यी दुवै देशबीचको सम्बन्धका बृहत् आयामलाई झल्काउँछ। तर समस्या भने त्यस्ता संयन्त्रको बैठक नियमित नबस्ने र थाती रहने गरेका कारण समस्या निम्तिने, बल्झिने वा विस्तारित हुने गरेको छ। त्यसैले स्थापना गरिएका संयन्त्रको बैठक नियमित बस्ने वातावरण बनाउन दुवै देश संवेदनशील हुनुपर्छ। त्यस्ता बैठकका लागि दुवै पक्षले खाँचो महसुस गरिराख्नुपर्छ। अग्रसरता लिनुपर्छ। दुवै देशले बुझ्नुपर्ने साधारण सत्य छ- यस्ता बैठकले सबै समस्यालाई समाधान गर्ने मार्ग पहिल्याउन सक्लान् वा नसक्लान्, तर नियमित संवादमा बसे भने एजेन्डा जीवित रहन्छ, त्यसको समाधानका लागि गरिने प्रयत्न पनि जीवित रहन्छ। प्रगति हुन सक्दा राम्रै हुन्छ, नसक्दा पनि समस्या गिजोलिन पाउँदैन। समस्यालाई लिएर असमझदारी फैलिन पाउँदैन।

# सद्भाव : नेपालको अमूल्य सम्पत्ति



सृष्टि राणा

(राणा अन्तर्राष्ट्रिय सम्बन्ध विज्ञ हुन्, उनी समसामयिक विषयमा पनि अध्ययन अनुसन्धान गर्छिन्)




तस्बिर : कान्तिपुर

सुनसरीमा १० साउनमा साम्प्रदायिक द्वन्द्व सुरु हुनुभन्दा केही दिनपहिला भारतमा 'कक्रोच जनता पार्टी' को नेतृत्वमा युवाहरूको आन्दोलन चर्कंदै थियो। दक्षिण एसियामा भएका अरू जेन-जी विद्रोहभन्दा फरक, भारतीय जेन-जीले शान्तिपूर्ण विरोध गरेका थिए। नेपालमा पनि गत वर्ष २३ भदौमा जेन-जी आन्दोलन शान्तिपूर्ण तरिकाले नै सुरु भएको थियो। तर २४ भदौमा भने हिंसात्मक हुन पुग्यो। त्यसैले नेपालमा युवाको आन्दोलन किन हिंसात्मक भयो होला भन्ने प्रश्न मनमा उठिरहेकै थियो। संयोगले एउटा अनौपचारिक कार्यक्रममा नेपाल प्रहरीका एक अधिकृतसँग मेरो भेट भयो। मौकाको फाइदा उठाउँदै झटपट उहाँलाई प्रश्न गरें- 'नेपालमा किन भारतमा जस्तो जेन-जी आन्दोलन शान्तिपूर्ण हुन नसकेको ?'

उहाँको जवाफ थियो- 'नेपालमा प्रहरीसँग 'नन लिथल' अर्थात् गैरघातक कारबाही गर्नका लागि न आवश्यक साधनस्रोत छ, न पर्याप्त प्रशिक्षण नै। त्यसैले नेपालको जेन-जी आन्दोलनमा जब युवाहरूले संसद्मा आक्रमण गर्न खोजे, सिधै गोली हान्ने बाध्यता भयो।' उहाँले थप्नुभयो- 'भारतमा प्रहरीसँग 'नन लिथल' कारबाही गर्न थुप्रै साधनहरू छन्, त्यसैले युवाहरूको आन्दोलन त्यहाँ जति चर्के पनि नेपालमा जस्तो हिंसात्मक हुने सम्भावना छैन।'

यो भेटको पाँच दिनपछि नै सुनसरीको कप्तानगन्जमा भएको स्थानीय झडपमा एक युवा ओमप्रकाश मेहता (३१) को प्रहरीको गोली लागेर मृत्यु भएको समाचार आयो। सत्तारूढ रास्वपाका सांसदले समेत 'गोली चलाइहाल्ने अवस्था थिएन' भनी दिएको अभिव्यक्तिले पनि ती प्रहरी अधिकारीको विश्लेषण सही नै सावित भएको छ। यस घटनापछि विभिन्न सञ्चारमाध्यमको स्थलगत रिपोर्टिङले पनि सुनसरीमा ओमप्रकाश मेहतासहित सबै घाइतेको कम्मरभन्दा माथि गोली लागेको दाबी गरेका छन्।

यस्तो पृष्ठभूमिमा पुलिसको गैरघातक कारबाही गर्ने क्षमता कमजोर भएकाले नै नेपालमा हुने विरोध वा स्थानीय विवादहरू हिंसात्मक हुन गइरहेका त छैनन् भन्ने गम्भीर प्रश्न उठेको छ। यदि यसको उत्तर सकारात्मक हो भने आफ्ना जनतालाई सामाजिक सद्भावको अर्ती दिनुभन्दा सरकार र राजनीतिक नेतृत्वले पहिला सुरक्षा निकायको संरचनात्मक क्षमता सबलीकरण गर्नुपर्ने देखिन्छ।

सुरक्षाको चिन्ताजनक तस्बिरलाई थप पुष्टि गर्दै हाम्रो छलफलकै क्रममा अर्का प्रहरी अधिकारीले थप्नुभएको थियो- 'नेपालमा गुप्तचर संयन्त्र अत्यन्तै कमजोर भएकाले जेन-जी आन्दोलनले कस्तो रूप लिन्छ भन्ने प्रधानमन्त्री र सरकारलाई कुनै पूर्वसूचना थिएन। प्रहरीमा त प्रभावकारी जासुसी गर्न बजेटको अभाव छ। राष्ट्रिय अनुसन्धान विभागमा पनि आफ्ना कार्यकर्ता भर्ना गर्ने कामलाई विगतका राजनीतिक नेतृत्वले प्राथमिकता दिएकाले क्षीण भएको छ।'

सुरक्षा अधिकारीहरूसँगको संवादबाट मैले बुझेअनुसार, विगतका केही वर्षहरूमा राष्ट्रभन्दा दलगत स्वार्थले प्राथमिकता पाउँदा नेपालको सुरक्षा संयन्त्रको क्षमता खस्किएको छ। यस्तो संवेदनशील भूराजनीति भएको देशमा विदेशको भूमिबाट हुने खतराको सूचना संकलन गर्ने गुप्तचर सेल पनि भारतको दबाबमा वि.सं. २०४६ मा प्रजातन्त्र पुनःस्थापनापछि विघटन गरिएको थियो।

त्यसैले हाम्रो सरकारसँग सुरक्षा सुनिश्चित गर्न आधारभूत रूपमा चाहिने प्रभावकारी सूचना संकलन गर्ने क्षमतासमेत छैन। यस्तो भित्री कथा सुनेर नेपालको सुरक्षाको अवस्था कति कमजोर बनाइएको छ भनेर बुझ्ने हो भने सायद जो-कोही देशप्रेमीको मन आँसुले भरिन्छ होला। यो सन्दर्भ कप्तानगन्ज घटना र त्यसपछि फैलिएको हिंसालाई बुझ्न महत्त्वपूर्ण छ।

### सामाजिक सद्भाव, सहिष्णुता र सहअस्तित्व

नेपालको इतिहास पल्टाउने हो भने देखिन्छ- हाम्रो देशमा भएका हिंसाहरू प्रायः राजनीतिक कारणबाट मात्रै भएका छन्, समुदायस्तरको हिंसा तुलनात्मक रूपमा न्यून छ। जबकि हाम्रो जस्तै सामाजिक बनोट भएको भारतमा भने उच्च साम्प्रदायिक हिंसा भएको पाइन्छ।

भर्खरै प्रदर्शनमा आएको 'मै वापस आऊंगा' भन्ने हिन्दी सिनेमाले एउटा मन छुने प्रेम कथामार्फत हिन्दु-मुसलमानको समुदायस्तरमा द्वन्द्वको परिणाम भारतमा कति हृदयविदारक थियो भन्ने मार्मिक चित्रण गरेको छ। भारतमा धर्मको द्वन्द्वले देश त दुई टुक्रा भयो नै, तर साधारण मानिसले भोग्नुपरेको बर्बर हिंसा र विस्थापनको पीडा पनि असह्य थियो। त्यस समयमा भारत-पाकिस्तानबीच ओहोरदोहोर गर्ने लासैलास मात्र भरिएको 'घोस्ट ट्रेन' को किस्सा सुन्दा अहिले पनि आङ जिरिङ्ग हुन्छ। जब मानिसको आस्थालाई राजनीतिक स्वार्थको हतियार बनाइन्छ, मानिसहरू छिनमै राक्षस जस्ता बन्दा रहेछन्। हरेक मानिसमा अन्तरनिहित हुने मानवताको चेतना त कता हराउँदो रहेछ, कता !

दुवै देशको सामाजिक परिवेश मिल्दोजुल्दो भए पनि इतिहासमा नेपालमा यस्तो दर्दनाक साम्प्रदायिक हिंसा नहुनुको मुख्य कारण हाम्रो देश कुनै विदेशीको उपनिवेश नभएकाले नै हो भन्ने देखिन्छ। भारतमा पनि हिन्दु-मुसलमान सदियौंदेखि मिलेरै बसेका थिए। तर जब उपनिवेशक बेलायतीहरूले प्रत्यक्ष शासन गर्न थाले, उनीहरूले आफ्नो प्रभुत्व जमाउन कसरी हिन्दु र मुसलमानबीच विभाजन र द्वन्द्व सिर्जना गरे भन्ने थुप्रै अध्ययनहरूले देखाएका छन्। सन् १८५७ को विद्रोहपछि त हिन्दु-मुसलमानलाई लडाउने बेलायती शासकहरूको रणनीति नै बन्यो। नेपालमा भने बेलायतीहरूको प्रत्यक्ष उपनिवेश नभएकाले, हाम्रा शासकहरूले हिन्दु राष्ट्रलाई प्रोत्साहन गरे पनि विभाजनको बीउ रोपिएन।

त्यसका साथै कृषि प्रधान जीवनशैली, आर्थिक गरिबीको व्यापकता, कमजोर राज्य र बेलाबेलामा आइरहने प्राकृतिक विपत्तिका चुनौती जस्ता कारकहरूको संयोजनले पनि हाम्रो सामाजिक आत्मीयतालाई बलियो बनायो। किनभने, जीवन निर्वाह गर्न हामीलाई एकअर्काको सहारा र साथ चाहिन्थ्यो। विशेषगरी विकट क्षेत्रमा त विभिन्न व्यावहारिक आवश्यकताले गर्दा जात र धर्मलाई बिर्सिएर एकअर्काको सहयोग लिनैपर्ने बाध्यता थियो। धन र यश-आरामभन्दा दुःख र अभावले आम मानिसलाई एकअर्कासँग बढी नजिक बनाउँदो रहेछ।

यसबाहेक, नेपालमा सामाजिक आत्मीयता मजबुत बनाउन हाम्रो विविधायुक्त प्राचीन संस्कृतिको पनि उल्लेखनीय योगदान रह्यो। वर्षैभरि हुने चाडबाड र जात्राहरूले हाम्रो परिवार र समाजलाई जोडिराख्यो।

नेपालको यस्तो विशिष्ट परिवेशले गर्दा विगतमा हिंसा भड्कने खालको वैमनस्यता समुदायस्तरमा भएन। नेपाल सामाजिक सद्भाव, सहिष्णुता र सहअस्तित्वको विश्वमै अनुपम उदाहरण बन्यो। यद्यपि नेपालको यो उपलब्धि राज्यको प्रभावकारी नीति र परिश्रमको प्रतिफलभन्दा इतिहासको संयोग जस्तो थियो। त्यसैले अहिले त्यो संयोगको ऐतिहासिक पृष्ठभूमि परिवर्तन हुँदा नेपालको सामाजिक सद्भाव खतरामा परेको देखिन्छ।

### स्वार्थी राजनीति र भूराजनीतिको चुनौती

केही विश्लेषकहरूका अनुसार २०६३ को जनआन्दोलनपछि निहित राजनीतिक स्वार्थका लागि तराईमा धार्मिक सद्भाव खलबलाउने प्रयास भयो। जस्तै वि.सं. २०६३ मा नेपालगन्जमा र वि.सं. २०६४ मा कपिलवस्तुमा भएका साम्प्रदायिक दंगाले समुदायस्तरमै व्यापक हिंसा फैलिएका थिए, जसमा दुवै धार्मिक समुदायका १५ नेपालीको मृत्यु भएको थियो। यस पृष्ठभूमिले २०६३ पछि नेपालको सामाजिक सद्भावको अवस्था बिग्रिन थालेको देखिन्छ।

यद्यपि नेपालको सन्दर्भमा साम्प्रदायिक द्वन्द्वहरू आन्तरिक राजनीतिक स्वार्थभन्दा पनि भूराजनीतिक स्वार्थको रणनीतिक खेल हुन सक्ने केही आधारहरू पाइन्छन्। हाम्रो जस्तै आर्थिक-भौगोलिक परिवेश र जटिल भूराजनीति भएको अफगानिस्तानको उदाहरणले पनि कसरी शक्तिराष्ट्रहरूबीचको प्रतिस्पर्धाले कुनै देश अन्तहीन हिंसाको चक्रमा फस्न सक्छ भन्ने देखाउँछ।

> आन्तरिक कारणबाट मात्रै हुने साम्प्रदायिक मनमुटावलाई विभिन्न प्रयासद्वारा अन्त्य गर्न सकिएला। तर भूराजनीतिक स्वार्थ जोडिएको छ भने पटक-पटक बल्झिन सक्छ, जसलाई सम्बोधन गर्न विशेष रणनीतिक पहल चाहिन्छ

हुन त नेपालमा नयाँ संविधान जारी भएको केही वर्षपछि भारत र चीन दुवैको सुरक्षा रणनीति यहाँ संगठित हिंसा रोक्ने थियो। नेपालमा हिंसा बढ्दा क्षेत्रीय सुरक्षा खलबलिने र आफ्नो छिमेकमा पश्चिमा मुलुकहरूको प्रभाव बढ्ने कारणले जसरी पनि यहाँ हिंसा अन्त्य गर्नुपर्छ भन्नेमा उनीहरूको स्वार्थ मिलेको थियो। त्यस कालखण्डमा संयुक्त राज्य अमेरिकाको पनि कुनै रणनीतिक स्वार्थ थिएन।

त्यसैले संक्रमणकालमा फैलिएको सबै संगठित राजनीतिक हिंसा शान्ति प्रक्रियाको पछिल्लो चरणमा मत्थर बनाउन सम्भव भयो। सन् २०२४ को विश्व शान्ति सूचीको प्रतिवेदन अनुसार नेपालमा राजनीतिक हिंसाबाट मृत्यु हुनेको संख्या शून्यमा झरेको थियो। तर यसो भन्दैमा विदेशी शक्तिहरूको नेपालमा हिंसा रोक्ने रणनीति स्थायी नै रहिरहन्छ भन्ने छैन।

हाम्रा दुई छिमेकी विश्व शक्तिको उचाइमा पुग्न महत्त्वाकांक्षी छन्। आफ्नो दीर्घकालीन रणनीतिक स्वार्थका लागि आवश्यक परे नेपालमा द्वन्द्व सल्काउन पनि उनीहरू पछि नहट्लान्। त्यसमाथि शक्तिशाली हुँदै गएका छिमेकीहरूका बढ्दै गएका प्रतिस्पर्धीहरू (विशेष गरेर खुला सिमाना भएका भारतका शत्रु-राष्ट्रहरू) ले नेपालमा आगो बाल्न सकियो भने छिमेकमा पनि फैलाउन सकिन्छ भन्ने रणनीति बनाउन सक्छन्।

दक्षिण एसियाको क्षेत्रीय भूराजनीतिक शक्ति संघर्षलाई विश्लेषण गर्दा केही बाह्य शक्तिलाई नेपालमा आफ्नो प्रभाव बढाउन 'धर्म' सबैभन्दा प्रभावकारी औजार भएको छ। मानिसको अस्तित्वको सारसँगै प्रत्यक्ष जोडिएको आस्था बिथोल्दा कुनै पनि समुदायलाई तुरुन्तै र तीव्र रूपमा उत्तेजित र हिंसक बनाउन सकिन्छ, जसलाई शक्तिशाली देशहरूले आफ्नो रणनीतिक स्वार्थ सिद्ध गर्न प्रयोग गर्ने गर्छन्।

यस विश्लेषणले के देखाउँछ- नेपालमा संगठित हिंसा भड्कने वा रोकिनेमा एउटा मुख्य भूमिका भूराजनीतिक शक्तिको रहेको छ। त्यसैले भर्खरै भएको साम्प्रदायिक द्वन्द्वमा कुनै भूराजनीतिक स्वार्थ त छैन भन्ने प्रश्न सबैभन्दा अहम् बनेको छ। आन्तरिक कारणबाट मात्रै भएको रहेछ भने यस्ता साम्प्रदायिक मनमुटाव विभिन्न प्रयासद्वारा अन्त्य गर्न सकिएला। तर यसमा भूराजनीतिक स्वार्थ जोडिएको छ भने यस्तो हिंसा पटक-पटक बल्झिन सक्छ, जसलाई सम्बोधन गर्न विशेष रणनीतिक पहल चाहिन्छ।

### नयाँ सुरक्षा रणनीति

देशभित्र फेरि साम्प्रदायिक हिंसा दोहोरिन नदिन कप्तानगन्ज जस्ता घटनाहरूलाई भविष्यमा कसरी रोक्ने भन्ने सुरक्षा रणनीति सबैभन्दा आवश्यक छ। सन् २०१९ मा परिमार्जन गरिएको नेपालको सुरक्षा नीतिमा सबै किसिमका सम्भावित सुरक्षा चुनौतीहरू समेटिएका छन्। तर कुन सुरक्षा चुनौतीहरूलाई तत्कालका लागि प्राथमिकतामा राख्ने र त्यसलाई कसरी सम्बोधन गर्ने भन्ने रणनीतिको भने कमी देखिन्छ। कप्तानगन्ज जस्तो सुरक्षा चुनौतीलाई रोक्न मानव सुरक्षाको दृष्टिकोणलाई समेट्न पनि उत्तिकै आवश्यक छ। संयुक्त राष्ट्रसंघको एक प्रतिवेदन अनुसार मानव विकास सूचकांकमा मुसलमान समुदायको स्थान (०.४२२) छ, जुन अरूभन्दा पछाडि परेका दलित समुदाय (०.४३४) भन्दा पनि तल हो। जबसम्म धार्मिक अल्पसंख्यक समुदायको जीवनस्तर जर्जर रहन्छ, नेपाललाई कमजोर बनाउन खोज्नेहरूका लागि धार्मिक द्वन्द्व सजिलो अस्त्र बन्न सक्छ। त्यसैले, सुरक्षा मामिलामा सरकार गम्भीर बनी पछाडि परेका अल्पसंख्यकहरूको जीवनस्तर सुधार गर्ने प्राथमिकतासहित नयाँ सुरक्षा रणनीति चाँडो तर्जुमा गर्नु जरुरी छ।

### सोझा, बिन्दास र मस्त नेपाली

धेरै वर्ष अगाडि म अत्यन्तै धनी पश्चिमी मुलुकमा अवस्थित एक अन्तर्राष्ट्रिय संस्थामा परामर्शदाताका रूपमा काम गर्थें। त्यस संस्थानका युरोपलगायत अरू थुप्रै देशमा कार्यालय र कार्यक्रम थिए। त्यस संस्थानका प्रमुख, जो ६० वर्षका प्रतिष्ठित व्यक्ति हुनुहुन्थ्यो, नेपाल आउन साह्रै रुचाउनुहुन्थ्यो।

एकचोटि उहाँ काठमाडौं आउँदा धूवाँधूलोले छातीमा समस्या भएको थियो। उहाँ हाम्रो मसालेदार खाना पनि पटक्कै खान सक्नुहुन्नथ्यो। परदेशमा उहाँको बिरामी हालत देखेर मैले उहाँलाई सोधेको थिएँ- 'तपाईं त नेपालभन्दा सुगम र सम्पन्न अरू देशहरू जान सक्नुहुन्छ, किन पटक-पटक यस्तो सन्चो नहुँदा पनि यहीं नै आउनुहुन्छ ?'

उहाँको जवाफ थियो- 'मानिसलाई सबैभन्दा तान्ने नै मानिससँगको भावनात्मक सम्बन्ध हुँदोरहेछ। नेपाली साथीहरूले मप्रति जुन आत्मीयता र माया देखाउनुहुन्छ, त्यस्तो म कहीं पाउँदिनँ। म जाने अन्य देशमा, यस मान्छेबाट आफूलाई के फाइदा हुन्छ भन्ने नापतौल गरिएको पाउँछु। तर नेपाली साथीहरूले भने त्यस्तो हिसाबकिताब गर्न सिकेका छैनन्, प्रायः नेपालीहरू सोझा छन्।'

अलि गलेको स्वरमा उहाँले फेरि भन्नुभयो- 'नेपाली साथीहरू साह्रै बिन्दास लाग्छन्। यहाँ न हिन्दु कट्टर छन्, न त मुसलमान नै। सबै आफ्नै ढंगमा मस्त छन्। त्यसैले मलाई नेपाल नै आइरहन मन लाग्छ।'

कप्तानगन्ज घटनापछि त्यस संस्थाका हाकिमले भनेको कुरा सम्झें। सायद हाम्रो समाजमा एकअर्काप्रति आत्मीयताको संस्कार भएकाले हामी विदेशीहरूसँग पनि स्वभावैले आफ्नोपन देखाउँछौं। आत्मीयता नपाउनेहरूका लागि यो अत्यन्तै बहुमूल्य हुने रहेछ। तर कतै हाम्रो समाजको यो अमूल्य सम्पत्ति लुटिँदै त छैन ?

अन्त्यमा, एक पन्जाबी सुफी सन्त बाबा बुल्ले शाहको छोटो विचारोत्तजक कलाम (कथन) प्रस्तुत गर्न चाहन्छु-

मस्जिद ढा दे, मन्दिर ढा दे, ढा दे जो कुछ दिसदा।
पर किसी दा दिल ना ढावीं, रब दिलाँ विच वसदा॥
(मस्जिद तोड, मन्दिर तोड, तोड जे जे सब देख्छौ।
तर कसैको मन नतोड, त्यहीं रब (ईश्वर) बस्दछ॥)

साथै यो लेख लेख्दै गर्दा अनायसै फुरेको एउटा सानो पंक्ति पनि परिष्करण नगरी जस्ताको त्यस्तै पेस गर्दै छु-

एउटै रगतले बनेका सबै मानिस हामी,
मिसिनुपर्छ एक दिन सबै यही माटोमा।
फेरि किन लड्छौं तानेर निर्दोष ईश्वर-अल्लाहलाई,
यो दुईदिने छोटो जिन्दगीको बाटोमा॥

# सार्वजनिक नीति निर्माणमा संवाद र जनसहभागिता



ठाकुरप्रसाद भट्ट

(भट्ट विकासको क्षेत्रमा अध्ययन-अनुसन्धान तथा अध्यापनमा संलग्न छन्)

शिक्षा र स्वास्थ्य सेवामा कर लगाउने सरकारी निर्णयको जनस्तरबाट व्यापक असन्तुष्टि र विरोध भएपछि अन्ततः सरकारले उक्त निर्णय फिर्ता लियो। यस घटनाले सार्वजनिक नीति निर्माणमा जनसहभागिता र संवादको महत्त्वलाई उजागर गरेको छ। यस्तो अवस्थामा प्रश्न उठ्छ- के नीति निर्माणअघि पर्याप्त सार्वजनिक परामर्श गरिएको थियो ? के सरोकारवालासँग अर्थपूर्ण संवाद भएको थियो ?

सरकारले अवलम्बन गर्ने हरेक नीतिबाट समाजका सबै वर्ग र समुदाय समान रूपमा सन्तुष्ट हुन्छन् भन्ने अपेक्षा गर्न सकिँदैन। तर पनि संविधानसम्मत, पारदर्शी तथा न्याय र समानताका सिद्धान्तद्वारा निर्देशित भई जनसहभागितामूलक प्रक्रियाबाट तर्जुमा गरिएका नीतिहरू तुलनात्मक रूपमा कम विवादित, बढी वैध र व्यापक रूपमा स्वीकार्य हुन्छन्।

सामान्य अर्थमा, सरकारका निर्णय, प्रतिबद्धता तथा कार्यहरू, जसले सार्वजनिक स्रोत-साधनको परिचालनमार्फत आमनागरिकको जीवनमा प्रभाव पार्छन्, तिनैलाई सार्वजनिक नीति भनिन्छ। सार्वजनिक नीति केवल सरकारी निर्णय मात्र होइन, यो राज्यले सार्वजनिक समस्याहरूको समाधानका लागि अवलम्बन गर्ने मार्गदर्शन हो। त्यसैले यसको प्रभाव नागरिकको दैनिक जीवनदेखि आर्थिक, सामाजिक र राजनीतिक संरचनासम्म विस्तारित हुन्छ। आजको खुला, लोकतान्त्रिक र समावेशी समाजमा नीति निर्माण सरकारी निकाय, कर्मचारीतन्त्र वा अन्तर्राष्ट्रिय संस्थाहरूमा मात्र सीमित रहन सक्दैन। यसको दायरामा नागरिक समाज, निजी क्षेत्र, शैक्षिक तथा अनुसन्धान संस्था, सञ्चारमाध्यम र अन्य सबै सरोकारवालाको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ। लोकतान्त्रिक प्रणालीमा नीति निर्माता र नागरिकबीच दोहोरो संवाद तथा उत्तरदायित्वको सम्बन्ध रहन्छ। अर्थात् नागरिकका आवश्यकता, अपेक्षा र सुझावले नीति निर्माण प्रक्रियालाई प्रभावित गर्छ र नीति निर्माताहरू नागरिकप्रति उत्तरदायी हुन्छन्।

अर्को मनन गर्नुपर्ने पक्ष, सार्वजनिक नीति बहुआयामिक विषय हो। कुनै एउटा नीति अन्य धेरै नीति तथा क्षेत्रसँग अन्तरसम्बन्धित हुन्छन्। यही व्यापकता र महत्त्वका कारण सार्वजनिक नीतिलाई राजनीतिक शास्त्रको एक महत्त्वपूर्ण अध्ययन क्षेत्रका रूपमा लिइन्छ भने शासन सञ्चालनमा यसको अपरिहार्य भूमिका हुन्छ। विशेषतः लोकतान्त्रिक शासन व्यवस्थामा यसको महत्त्व अझ बढी हुन्छ। किनभने लोकतन्त्रमा खुला संवाद, पारदर्शी प्रक्रिया र जनताको अर्थपूर्ण सहभागितामार्फत सार्वजनिक नीति तर्जुमा गरिनु अपरिहार्य मानिन्छ। यस्ता आधारहरूबिना लोकतन्त्रलाई सुदृढ र प्रभावकारी मान्न सकिँदैन।

प्रसिद्ध दार्शनिक तथा समाजशास्त्री युर्गेन हबरमासका अनुसार कुनै पनि नीति तब मात्र वैध हुन्छ, जब त्यसको आधार खुला, स्वतन्त्र र समान सहभागितामा आधारित सार्वजनिक विमर्श हुन्छ। यही सिद्धान्तलाई उनले विमर्शात्मक लोकतन्त्रको मूल विशेषताका रूपमा व्याख्या गरेका छन्। यस दृष्टिकोणबाट हेर्दा कुनै पनि लोकतन्त्र कति विमर्शात्मक छ भन्ने कुरा सार्वजनिक नीति तर्जुमा प्रक्रियामा जनसहभागिता, खुला बहस र सरोकारवालाबीच हुने अर्थपूर्ण संवादको स्तरबाट निर्धारण हुन्छ।

नेपालमा नीति निर्माण प्रक्रिया विमर्शात्मक लोकतन्त्रको अवधारणासँग कति नजिक छ भन्ने प्रश्न आज पनि उत्तिकै सान्दर्भिक छ। 'नीति अनुसन्धान प्रतिष्ठान' का अनुसार सार्वजनिक नीति निर्माणको सवाल समाजसँग जोडिएका विषयवस्तु वा समस्याहरू तथा तिनलाई सम्बोधन गर्ने राज्यको अवधारणा, रणनीति र कार्ययोजनासँग सम्बन्धित हुन्छ। नेपालमा सार्वजनिक नीति निर्माणको वैधानिक आधार संविधान हो। संविधानद्वारा निर्धारित सीमाभित्र रहेर नै संघ, प्रदेश र स्थानीय सरकारहरूले नीति निर्माण गर्छन्। संविधानवादको यही आधारभूत मान्यता तथा विमर्शात्मक लोकतन्त्रका मूल्य र मान्यतालाई आत्मसात् गर्दै राज्यले नीति निर्माण प्रक्रियामा जनसहभागिता सुनिश्चित गर्नुपर्छ। नेपालको संविधान तथा विभिन्न ऐन, नियम र नीतिगत व्यवस्थाहरूले पनि सार्वजनिक नीति निर्माणमा जनसहभागितालाई विशेष महत्त्व दिएका छन्।

हाम्रो नीति तर्जुमा प्रक्रियामा रहेका कमजोरी बुझ्नका लागि भू-उपयोग नीतिलाई एउटा दृष्टान्तका रूपमा लिन सकिन्छ। विकासविद् डा. हर्क गुरुङका अनुसार नेपालमा भू-उपयोगको अवस्थाबारे पहिलो वैज्ञानिक अध्ययन २०४३ सालमा 'भूमि स्रोत नक्सांकन परियोजना' मार्फत गरिएको थियो। गुरुङका अनुसार उपलब्ध भूमि स्रोतहरूको उपयुक्त उपयोग सुनिश्चित गर्न भू-उपयोग योजना राष्ट्रिय विकास योजनाको अभिन्न अंग हुनुपर्छ। यद्यपि, यस्तो महत्त्वपूर्ण विषय राष्ट्रिय भू-उपयोग नीति, २०६९ जारी भएपछि मात्र सुरु हुन थाल्यो। २०७२ मा नयाँ संविधान बनेपछि भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ जारी भएपछि यस क्षेत्रमा व्यवहारतः नीतिगत अभ्यासको थालनी भएको मान्न सकिन्छ। तर यसैक्रममा, २०८१ कात्तिक ७ गते तत्कालीन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भू-उपयोग नीति, २०७२ को परिमार्जनका लागि राय-सुझाव माग्दै सार्वजनिक सूचना जारी गरेको थियो। एकातर्फ सुझाव मागिएको छ भने अर्कोतर्फ यहीबीच भू-उपयोग नियमावली, २०७९ लाई अन्तिम पटक संशोधन गरी भू-उपयोग (तेस्रो संशोधन) नियमावली, २०८२ जारी गरिएको छ। साथै, भू-उपयोग ऐन, २०७६ मा पनि केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेशमार्फत २०८२ वैशाख २ गते संशोधन गरिएको छ। यति धेरै संशोधन र परिमार्जन भइरहे पनि संघीय सरकारले विभिन्न समयमा स्थानीय तहलाई भू-उपयोगसम्बन्धी ऐन तथा नियमहरूको कार्यान्वयन गर्न निर्देशन दिँदै आएको छ। यस्तो अवस्थाले नीति निर्माण तथा संशोधन प्रक्रियामा स्थानीय सरकार र सरोकारवालाको सहभागिता पर्याप्त नभएको प्रस्ट हुन्छ।

माथिको दृष्टान्तले हाम्रो नीति तर्जुमा प्रक्रियाको वास्तविक अवस्था उजागर गर्छ। यहाँ मनन गर्नुपर्ने विषय, भू-उपयोग नीति अपवाद होइन, पर्याप्त विमर्श र प्रमाणको अभावमा निर्माण भएका धेरै नीतिहरूले यस्तै चुनौती भोगिरहेका छन्। एकातर्फ सरोकारवालाको पर्याप्त सहभागिताको अभाव देखिन्छ भने अर्कोतर्फ नीति निर्माणअघि आवश्यक गृहकार्य, अध्ययन र तयारीमा पनि कमी रहेको पाइन्छ। त्यसैले सहभागिता र संवादसँगै नीति निर्माणको अर्को महत्त्वपूर्ण आधार तथ्यमा आधारित हुनु हो।

तथ्यमा आधारित नीति निर्माण भन्नाले अनुसन्धान, अध्ययन र प्रमाणबाट प्राप्त तथ्यका आधारमा नीति तर्जुमा हो। यही उद्देश्यका लागि स्थापना गरिएको नेपाल नीति अनुसन्धान प्रतिष्ठानले आफ्नो भूमिका कति प्रभावकारी रूपमा निर्वाह गरिरहेको छ भन्ने विषयमा पनि समीक्षा आवश्यक देखिन्छ। यस प्रक्रियामा विश्वविद्यालयहरू तथा अन्य अनुसन्धानसम्बन्धी संस्थाहरूलाई परिचालन गर्नु प्रभावकारी हुन सक्छ।

### नीति निर्माणमा अबको बाटो

अब सार्वजनिक नीति निर्माणमा नयाँ आयामको सुरुवात गर्ने बेला आएको छ। यसको पहिलो आधार विमर्शात्मक लोकतन्त्रको अभ्यासलाई संघ, प्रदेश र स्थानीय तहका सबै सरकारमा संस्थागत गर्नु हो। त्यसैगरी, नीति निर्माण वैज्ञानिक अध्ययन, अनुसन्धान र प्रमाणमा आधारित हुनुपर्छ। नीति निर्माणको प्रक्रिया पारदर्शी, सहभागितामूलक र उत्तरदायी बनाइनुपर्छ, ताकि सीमित व्यक्ति वा समूहले आफ्नो निहित स्वार्थअनुसार नीतिलाई प्रभावित पार्न नसकून्। नीति निर्माणपछि त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनुपर्छ। अन्यथा नीति निर्माणमा खर्चिएको समय, जनशक्ति र स्रोत-साधनको सदुपयोग हुन सक्दैन।

नीति तर्जुमासँगै कार्यान्वयनको स्पष्ट ढाँचा, जिम्मेवारी र जवाफदेहिताको व्यवस्था पनि सुनिश्चित गरिनुपर्छ, ताकि कार्यान्वयनमा कमजोरी देखिए जिम्मेवार निकाय वा पदाधिकारी स्पष्ट रूपमा पहिचान गरी आवश्यक सुधारात्मक कदम चाल्न सकियोस्। अब नीति निर्माण प्रक्रियालाई नयाँ दृष्टिकोण, नयाँ कार्यसंस्कृति र नयाँ सोचका साथ अघि बढाउन ढिलाइ गर्नु हुँदैन। आजको डिजिटल युगमा उपलब्ध उन्नत प्रविधि, ज्ञान र सीपको प्रभावकारी उपयोग गर्दै वैज्ञानिक, जनमुखी, प्रमाणमा आधारित र व्यवहारमुखी सार्वजनिक नीति निर्माण गर्न सकिन्छ। लोकतन्त्रको सफलता निर्वाचनबाट मात्र मापन हुँदैन, नागरिकको आवाज सुन्ने, प्रमाणका आधारमा निर्णय गर्ने र त्यसप्रति जवाफदेही रहने राज्य निर्माणबाट मापन हुन्छ।

# बलियो राष्ट्रका आधार : संस्था निर्माण र क्षमता वृद्धि



बिनोज बस्न्यात

(बस्न्यात नेपाली सेनाका अवकाशप्राप्त उपरथी तथा रणनीतिक मामिला विश्लेषक हुन्)



तस्बिर : एआई

२१औं शताब्दीमा सार्वभौमसत्ता केवल भौगोलिक सीमाको सुरक्षाबाट सुरक्षित हुँदैन । बरु बलिया संस्था, प्रविधिगत क्षमता, आर्थिक उत्थानशीलता र कूटनीतिक लचकता पनि त्यसका आधार हुन् ।

### रणनीतिक प्रश्नको पुनरावलोकन

नेपाललाई बुझेर मात्र नेपाललाई रूपान्तरण गर्न सकिन्छ । र, नेपाललाई बुझ्न तथ्य र प्रमाणका आधारमा व्यवस्थित रूपमा मापन गर्न आवश्यक छ । शासनको गुणस्तर, संस्थागत क्षमता, जनविश्वास, जनसांख्यिक परिवर्तन, पहिचानको राजनीति, धार्मिक गतिशीलता तथा आर्थिक कार्यसम्पादनलाई सूक्ष्म रूपमा गम्भीरतापूर्वक आकलन गर्न नसक्दा राजनीतिक सुधार प्रतिक्रियात्मक संकट व्यवस्थापनमै सीमित रहन्छ ।

२६ जुलाईमा सुनसरीको कप्तानगन्जमा हिन्दु र मुस्लिम समुदायबीच उत्पन्न साम्प्रदायिक तनावले त्यस्तो घटना स्थानीय घटनाभन्दा राजनीतिक रूपमा फैलिन सक्ने सम्भावना देखायो । यसले नेपालको राजनीतिक रूपान्तरण अझै अपूरो रहेको प्रस्ट्याएको छ । शासन, संस्थागत क्षमता र सामाजिक एकताका कमजोरीलाई पुनः उजागर गरेको छ । प्रधानमन्त्री वालेन्द्र शाहले मधेशका नेताहरूसँग संवाद गर्नु, राष्ट्रपतिसँग भेटवार्ता गर्नु तथा राष्ट्रिय सुरक्षा परिषद्को बैठक बोलाउनुजस्ता कदमले तत्काल शान्ति र स्थिरता कायम गर्न सहयोग गर्‍यो । तर मूल प्रश्न बाँकी छ– नेपाल संकट व्यवस्थापन गर्न मात्र कार्यव्यस्त हुँदै गएको छ वा संकट दोहोरिन नदिने संस्थागत क्षमता र राष्ट्रिय सहमति पनि निर्माण गर्दै छ ?

नेपालले राजनीतिक सहमति र सम्झौतामार्फत संकट समाधान गर्ने क्षमता पटक-पटक देखाएको छ, तर संकटका मूल कारणहरू रूपान्तरण गर्न कम सफल भएको छ । सन् २००७-०८ को मधेश आन्दोलनपछि संघीयताको स्वीकार, २०१५ को संविधान तथा २०१९ मा सीके राउत र विप्लव समूहसँग भएका सम्झौताले द्वन्द्व र हिंसा घटाउन महत्त्वपूर्ण भूमिका खेले । तर पहिचान, प्रतिनिधित्व, क्षेत्रीय असन्तुष्टि र संस्थागत कमजोरीका मूल प्रश्न पूर्ण रूपमा समाधान भएनन् । राजनीतिक सम्झौताले संगठनको व्यवहार परिवर्तन गर्न सक्छ, तर समाजलाई परिचालित गर्ने विश्वास, पहिचान र धारणालाई स्वतः समाप्त गर्न सक्दैन ।

संघीय लोकतान्त्रिक गणतन्त्र र धार्मिक स्वतन्त्रताको विस्तारसँगै नेपालमा सबै प्रमुख धर्मका संस्थाहरूको उपस्थिति बढेको छ । धार्मिक विविधता आफैं समस्या होइन । रणनीतिक चिन्ता तब उत्पन्न हुन्छ, जब धार्मिक पहिचान राजनीतिक परिचालन, बाह्य वैचारिक प्रभाव वा निर्वाचन ध्रुवीकरणसँग जोडिन्छ ।

नेपालको चुनौती अब अर्को संकट कसरी समाधान गर्ने भन्ने मात्र होइन, विविधतालाई बारम्बारका राजनीतिक सम्झौतामा निर्भर नभई संवैधानिक शासन, सक्षम संस्था र समान कानुनी व्यवहारमार्फत व्यवस्थापन गर्न सक्ने राज्य निर्माण गर्नु हो । संघीय, धर्मनिरपेक्ष लोकतान्त्रिक गणतन्त्रको वास्तविक मापदण्ड असहमतिको अनुपस्थिति होइन । बरु न्याय कायम गर्ने, सबैका लागि समान रूपमा कानुन लागू गर्ने र साझा नागरिक पहिचान निर्माण गर्ने संस्थाहरूको क्षमता हो ।

यसैबीच, राष्ट्रिय स्वतन्त्र पार्टीले अघि सारेको संस्थागत सुधार, सुशासन र दीर्घकालीन राष्ट्रिय हितमा केन्द्रित विमर्श ओझेलमा पर्दै मधेश राजनीति तथा धर्म र पहिचानमा आधारित राजनीतिक परिचालन पुनः प्रमुख बन्न थालेको देखिन्छ । यसले सुधारवादी कार्यसूचीलाई कमजोर पार्नुका साथै विगतमा प्रभाव गुमाएका राजनीतिक शक्तिहरूलाई पुनः सक्रिय हुने अवसर र पहिचानको राजनीतिलाई थप स्थान दिएको छ ।

यसर्थ, नेपालको आगामी चुनौती केवल राजनीतिक शक्ति परिवर्तन गर्नु होइन, राजनीतिक संक्रमणलाई संस्थागत र रणनीतिक रूपान्तरणमा परिणत गर्नु हो ।

### आन्तरिक सुरक्षादेखि समग्र राष्ट्रिय सुरक्षासम्म

सुनसरीको घटना केवल कानुनी तथा सुरक्षा घटना होइन, यसलाई रणनीतिक चेतावनीका रूपमा बुझिनुपर्छ । समाधान नभएका राजनीतिक असन्तुष्टि, कमजोर संस्थागत क्षमता र सामाजिक ध्रुवीकरण एकै ठाउँमा आउँदा राष्ट्रिय एकतामाथि चुनौती उत्पन्न हुन सक्छ ।

संवैधानिक परिवर्तन मात्रले दीर्घकालीन स्थिरता सुनिश्चित गर्दैन । जनविश्वास प्राप्त संस्था, निष्पक्ष न्याय, व्यावसायिक सुरक्षा संयन्त्र र जवाफदेही शासन आवश्यक हुन्छ । डा. अमरेशकुमार सिंहले संसद्मा बोल्दै गर्दा व्यापक जननिराशा र राज्य संकटको जोखिमबारे चेतावनी दिनुभएको छ । सीके लालले संघीयताको सार्थक कार्यान्वयनका लागि राजनीतिक विकेन्द्रीकरणसँगै समावेशी संस्था, प्रदेश क्षमता, लोकतान्त्रिक जवाफदेहिता तथा सुरक्षा संरचनामाथि नागरिक निगरानी आवश्यक रहेको प्रश्न उठाउनुभएको छ । डा. सीके राउतको राजनीतिक रूपान्तरणले पनि क्षेत्रीय असन्तुष्टि, संघीयता, पहिचान र राज्य व्यवस्थापनबीचको गहिरो सम्बन्धबारे प्रस्ट्याएको छ ।

आज नेपालको रणनीतिक परिवेश अझ जटिल छ । राजनीतिक संक्रमणका अपूरा कार्यभारसँगै भूराजनीतिक प्रतिस्पर्धा, आर्थिक निर्भरता, साइबर खतरा, दुष्प्रचार, प्रविधिगत विघटन, जलवायु जोखिम, ऊर्जा असुरक्षा र बाह्य प्रभावका नयाँ स्वरूप व्यवस्थापन गर्नुपर्ने अवस्था छ । त्यसैले राष्ट्रिय सुरक्षालाई केवल सैन्य वा कानुनी-व्यवस्था कायम गर्ने विषयका रूपमा हेर्न सकिँदैन ।

राजनीतिक अस्थिरता महत्त्वपूर्ण कमजोरी भए पनि स्थिरता केवल राजनीतिक सम्झौताबाट आउँदैन । यसको आधार सक्षम संस्था, जवाफदेही शासन, आर्थिक अवसर, स्वतन्त्र न्यायपालिका, व्यावसायिक सुरक्षा संस्था र राज्यप्रतिको जनविश्वास हो ।

त्यसैले नेपालले आन्तरिक सुरक्षाको सीमित अवधारणाभन्दा माथि उठेर समग्र राष्ट्रिय सुरक्षा संरचना अवलम्बन गर्नुपर्छ, जसले राजनीतिक स्थिरता, आर्थिक उत्थानशीलता, कूटनीतिक गतिशीलता, प्रविधिगत तयारी, सामाजिक एकता, वातावरणीय सुरक्षा र संस्थागत प्रभावकारितालाई एउटै रणनीतिक दृष्टिकोणमा जोडोस् ।

अन्ततः सुनसरीको पाठ स्पष्ट छ- राष्ट्रिय सुरक्षा राष्ट्रिय एकताबाट सुरु हुन्छ । दीर्घकालीन राष्ट्रिय एकता राजनीतिक सम्झौताले मात्र होइन, जनविश्वास प्राप्त संस्था, समान कानुन र साझा राष्ट्रिय उद्देश्यले कायम राख्छ । त्यसैबाट मात्र नेपालले राजनीतिक संक्रमणबाट वास्तविक संस्थागत रूपान्तरणतर्फको यात्रा पूरा गर्न सक्छ ।

### राजनीतिक स्थिरतादेखि संस्थागत सबलीकरणसम्म

संवैधानिक परिवर्तन राज्य निर्माणको सुरुवात मात्र हो । कमजोर संस्था, आर्थिक संवेदनशीलता र नीतिगत अस्थिरताले कुनै पनि देशको स्वतन्त्र निर्णय क्षमता सीमित गर्छ । बारम्बार हुने राजनीतिक परिवर्तन र कमजोर कार्यान्वयन क्षमताले नेपाललाई दीर्घकालीन राष्ट्रिय लक्ष्यबाट विचलित गरेको छ ।

रणनीतिक स्वायत्तताका लागि निर्वाचन चक्रभन्दा माथि उठेर दीर्घकालीन नीति निर्माण गर्न सक्ने सक्षम राज्य आवश्यक हुन्छ ।

नेपालले राजनीतिक नेतृत्व, कूटनीतिक संयन्त्र, आर्थिक निकाय, सुरक्षा संस्था र विज्ञहरूबीच प्रभावकारी समन्वय हुने रणनीतिक संस्थाहरू निर्माण गर्नुपर्छ । आधुनिक राज्य संकट आएपछि मात्र प्रतिक्रिया दिने होइन, संकट आउनुअघि नै पूर्वानुमान र तयारी गर्ने क्षमतायुक्त हुनुपर्छ ।

त्यसका लागि रणनीतिक नीति तथा योजना, व्यावसायिक कूटनीति, सक्षम सुरक्षा संयन्त्र, प्रविधिगत क्षमता, आर्थिक उत्थानशीलता र ऊर्जा सुरक्षामा निरन्तर लगानी आवश्यक छ । सरकार परिवर्तन भए पनि राष्ट्रिय हित, दीर्घकालीन प्राथमिकता र रणनीतिक उद्देश्यमा निरन्तरता कायम राख्ने रणनीतिक सोचको संस्थागत संस्कार विकास गर्नुपर्छ ।

### राजनीतिक व्यवस्थापनदेखि रणनीतिक रूपान्तरणसम्म

नेपालले शान्ति प्रक्रिया, संघीय पुनःसंरचना तथा नयाँ राजनीतिक शक्तिहरूको उदयजस्ता महत्त्वपूर्ण राजनीतिक उपलब्धि हासिल गरेको छ । तर अब राजनीतिक रूपान्तरणलाई राज्य रूपान्तरणमा परिणत गर्नु आवश्यक छ ।

आगामी चरण सक्षम, उत्थानशील र प्रभावकारी राष्ट्र निर्माणमा केन्द्रित हुनुपर्छ । लोकतान्त्रिक सहभागितासँगै संस्थागत अनुशासन र जवाफदेहिता आवश्यक छ । आर्थिक वृद्धिलाई विकासको सूचक मात्र नभई राष्ट्रिय शक्तिको आधारका रूपमा स्थापित गर्नुपर्छ ।

नेपालको अनुभव स्पष्ट छ– राजनीतिक सम्झौताले तत्कालीन तनाव समाधान गर्न सक्छन्, तर तिनले रणनीतिक दृष्टिकोणको स्थान लिन सक्दैनन् । प्राथमिकता अर्को संकट कसरी व्यवस्थापन गर्ने होइन, संकट दोहोरिन नदिने सक्षम संस्था, उत्तरदायी शासन र दीर्घकालीन रणनीतिक सोच निर्माण गर्नु हुनुपर्छ ।

### तुलनात्मक अनुभवबाट प्राप्त रणनीतिक पाठ

लेबनान, इराक, सिरिया, सुडान, नाइजेरिया र श्रीलंकाका अनुभवहरूले देखाउँछन् कि धार्मिक विविधता आफैं अस्थिरताको कारण होइन । तर राजनीतिक परिचालन, संस्थागत कमजोरी र कानुनको असमान कार्यान्वयन एकअर्कासँग जोडिँदा धार्मिक पहिचान राजनीतिक अस्थिरताको स्रोत बन्न सक्छ ।

तीन अवस्था विशेष रूपमा महत्त्वपूर्ण छन्-

१. राजनीतिक लाभका लागि धार्मिक पहिचानको परिचालन ।

२. राज्य संस्थाहरूले कानुन निष्पक्ष रूपमा लागू गर्न नसक्नु ।

३. बाह्य वैचारिक, आर्थिक वा भूराजनीतिक प्रभावले आन्तरिक ध्रुवीकरणलाई बलियो बनाउनु ।

नेपालको रणनीतिक चुनौती एउटा धर्मलाई अर्को धर्मविरुद्ध व्यवस्थापन गर्नु होइन, धार्मिक पहिचानलाई राष्ट्रिय नागरिकताको विकल्प बन्न नदिनु हो । धार्मिक स्वतन्त्रताको संरक्षणसँगै सबै धार्मिक संस्था, राजनीतिक शक्ति र सामाजिक संगठन संविधान तथा विधिको शासनको अधीनमा रहनुपर्छ ।

उद्देश्य न बहुसंख्यकवादी प्रभुत्व हो, न साम्प्रदायिक तुष्टीकरण । उद्देश्य समान नागरिकता, संस्थागत निष्पक्षता र साझा राष्ट्रिय पहिचान निर्माण गर्नु हो । रणनीतिक पाठ पनि सरल छ- धार्मिक विविधता आफैंमा राष्ट्रिय एकताका लागि खतरा होइन, संस्थागत कमजोरी र त्यही विविधताको राजनीतिक दुरुपयोग भने खतरा बन्न सक्छ ।

### नेपालका लागि उदीयमान रणनीतिक विकल्प

नेपाल अहिले दुई फरक दृष्टिकोणमध्ये एउटा रोज्नुपर्ने अवस्थामा छ ।

प्रतिक्रियात्मक नेपालले संकट उत्पन्न भएपछि मात्र त्यसको सामना गर्नेछ र अस्थायी राजनीतिक समाधान तथा बाह्य सहयोगमा निर्भर रहनेछ । यस्तो दृष्टिकोणले भूराजनीतिक अनिश्चितताको समयमा नेपालको रणनीतिक जोखिम बढाउन सक्छ ।

यसको विपरीत, रणनीतिक नेपालले संस्थागत सबलीकरण, आर्थिक उत्थानशीलता, सन्तुलित कूटनीति र रणनीतिक स्वायत्ततामा आधारित दीर्घकालीन राष्ट्रिय दृष्टिकोण निर्माण गर्नेछ । २१औं शताब्दीमा सार्वभौमसत्ता केवल भौगोलिक सीमाको सुरक्षाबाट सुरक्षित हुँदैन । बरु बलिया संस्था, प्रविधिगत क्षमता, आर्थिक उत्थानशीलता र कूटनीतिक लचकता पनि त्यसका आधार हुन् ।

नेपालले बढ्दो भूराजनीतिक प्रतिस्पर्धाबाट लाभ लिन सक्ने क्षमता विकास गर्नुपर्छ । तर, कुनै पनि शक्ति प्रतिस्पर्धाको रणनीतिक बन्दी बन्नु हुँदैन ।

### निष्कर्ष– उत्थानशील र रणनीतिक नेपालतर्फ

हरेक राष्ट्रको जीवनमा एउटा निर्णायक क्षण आउँछ, जब उसले राष्ट्रिय हितका लागि संघर्ष गर्न छाडेर आफैंभित्र संघर्ष गर्न थाल्छ । नेपालका लागि यो उदीयमान रणनीतिक चेतावनी हो । मधेशमा देखिएका साम्प्रदायिक तनावलाई पृथक् घटनाका रूपमा मात्र बुझ्नु हुँदैन, ती गहिरिँदै गएका सामाजिक, राजनीतिक र संस्थागत कमजोरीका संकेत हुन् ।

यदि यस्ता विभाजन समयमै सम्बोधन गरिएनन् भने राष्ट्रिय ध्यान सार्वभौमसत्ता, समृद्धि र रणनीतिक भविष्यबाट आन्तरिक द्वन्द्व व्यवस्थापनतर्फ मोडिन सक्छ । त्यसैले नेपालले साझा राष्ट्रिय पहिचान सुदृढ गर्दै देशलाई एकताबद्ध राख्ने संस्थाहरू बलियो बनाउनुपर्छ ।

यसका लागि 'सम्पूर्ण समाज', 'सम्पूर्ण सरकार' र 'सम्पूर्ण राष्ट्र' अवधारणा आवश्यक छ– राजनीतिक नेतृत्व, सुरक्षा संस्था, प्रदेश तथा स्थानीय सरकार, नागरिक समाज र समुदायलाई साझा राष्ट्रिय उद्देश्यका वरिपरि एकीकृत गर्दै । संघीयताले समावेशिता सुदृढ गर्नुपर्छ । धर्मनिरपेक्षताले धार्मिक स्वतन्त्रताको संरक्षण गर्दै साम्प्रदायिक राजनीतिलाई नागरिकताको अवधारणामाथि हावी हुन दिनु हुँदैन । र, शासन व्यवस्थालाई जवाफदेही तथा सक्षम संस्थामार्फत सुदृढ गर्नुपर्छ ।

रणनीतिक उद्देश्य स्पष्ट हुनुपर्छ- नेपालले राजनीतिक प्रतिस्पर्धा, क्षेत्रीय असन्तुष्टि वा साम्प्रदायिक भिन्नतालाई राष्ट्रिय हितभन्दा माथि उठ्न दिनु हुँदैन ।

नेपालको भविष्य केवल राजनीतिक व्यवस्थाले निर्धारण गर्ने छैन । बरु संस्थाहरूको शक्ति, नेतृत्वको गुणस्तर र दीर्घकालीन रणनीतिक निर्णय लिन सक्ने क्षमताले निर्धारण गर्नेछ । देशले संकट व्यवस्थापनबाट रणनीतिक योजनातर्फ, निर्भरताबाट उत्थानशीलतातर्फ र प्रतिस्पर्धी हितहरूबीच रणनीतिक पुल बन्नेतर्फ अघि बढ्नुपर्छ ।

आगामी दशक निर्णायक हुनेछ । नेपालको सफलता आफ्नो भूगोललाई रणनीतिक अवसरमा रूपान्तरण गर्ने, राष्ट्रिय क्षमता सुदृढ गर्ने तथा राष्ट्रिय हितमा आधारित परराष्ट्र र सुरक्षा नीति अवलम्बन गर्ने क्षमतामा निर्भर हुनेछ ।

राजनीतिक रूपान्तरणले आधार तयार गरेको छ, रणनीतिक रूपान्तरणले भविष्य निर्धारण गर्नेछ । त्यसैले नेपालले आफ्ना कमजोरीहरू व्यवस्थापन गर्नेभन्दा क्षमता निर्माण गर्न, संकट आएपछि प्रतिक्रिया दिनेभन्दा संकटको पूर्वानुमान गर्न र राजनीतिक संक्रमणमा सीमित रहनेभन्दा रणनीतिक रूपान्तरणतर्फ अघि बढ्न आवश्यक छ ।

नेपालको सबैभन्दा ठूलो रणनीतिक सम्पत्ति केवल यसको भूगोल होइन, राष्ट्रिय उद्देश्यमा एकताबद्ध रहने, आफ्नो राष्ट्रिय पहिचानप्रति आत्मविश्वासी रहने र राष्ट्रिय हितको संरक्षण तथा प्रवर्द्धनमा दृढ रहने क्षमता हो ।

नेपालको राष्ट्रिय हित नै उसका सबै रणनीतिक छनोटहरूको केन्द्रमा रहनुपर्छ ।

---

# बाघको संख्या मात्रै होइन, चुरेको सन्तुलन खोजौं



कमलजंग देव 'कुँवर'

(कुँवर गैंडालाई चार वर्ष पुस्तकका लेखक एवं चितवन राष्ट्रिय निकुञ्ज र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जका पूर्व चिफ वार्डेन हुन् )



तस्बिर सौजन्य : चुङबा शेर्पा

बाघ संरक्षणको अर्थ बाघको संख्या बढाउनु मात्र होइन, चुरे संरक्षणमार्फत तराई र मानव जीवन सुरक्षित गर्नु पनि हो ।

बाघ पाइने चुरेको भूक्षयको अवस्था र त्यो जंगलबाट बग्ने नदीको चौडाइ, त्यसको तल्लोतटीय क्षेत्रमा भएको न्यून मरुभूमीकरण, त्यहाँबाट बग्ने स्वच्छ पानी र बाघ नपाइने चुरेका जंगलमा भएको भूक्षय, पानीको अभाव, त्यहाँबाट बग्ने नदीको चौडाइको वृद्धि र तल्लोतटीय क्षेत्रको मरुभूमीकरणको तुलनात्मक अध्ययन गर्‍यो भने बाघको महत्त्व कति छ, प्रस्ट हुन्छ । नेपालको भू-बनोट पनि अत्यन्तै संवेदनशील छ । १५ प्रतिशत उच्च हिमाली भाग, ६८ प्रतिशत पहाड र उच्च पहाड, १५ प्रतिशत चुरे, भित्री मधेश र तराईको फाँट रहेको छ । हिमाल, पहाड र चुरेको प्राकृतिक वातावरणलाई सुरक्षित राख्न सक्यौं भने मात्रै हाम्रा भावी सन्तति सुरक्षित हुन्छन् । सन्तुलित प्राकृतिक वातावरणका सूचक प्रजाति भनेका बाघ, चितुवा, हिउँचितुवा, हात्ती, गैंडा नै हुन् ।

यो वर्षको बाघ गणनामा पर्सा राष्ट्रिय निकुञ्जमा ७१, चितवन राष्ट्रिय निकुञ्जमा १४५, बाँके राष्ट्रिय निकुञ्जमा ५१, बर्दिया राष्ट्रिय निकुञ्जमा ११३ र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ५० समेत गरी ४२९ वटा वयस्क बाघ समेटिएका छन् । पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा निकुञ्जको ३ हजार ४ सय ४० वर्गकिलोमिटर क्षेत्रफलमा रहेका ४२९ बाघको संख्याका आधारमा मख्ख छौं । यो पनि विगत ५६ वर्षको प्रयासपछि, नेपालको चुरेको क्षेत्रफल ३९२३६ वर्ग किलोमिटरमध्ये (नेपालको १२-१३ प्रतिशत) जम्मा ८.७ प्रतिशत क्षेत्रमा मात्रै बाघ सीमित छन् । बासस्थानको खण्डीकरणलाई रोकेर बाघ, हात्तीको जैविक मार्गको विकास र विस्तार गर्न सके मात्रै चुरे र तराईको अन्तरसम्बन्धलाई सन्तुलित गर्न सकिन्छ । चुरे यही गतिमा विनाश हुने हो भने तराईको समस्या भविष्यमा झनै विकराल हुने निश्चित छ । पहाडमा वातावरणलाई सन्तुलित गर्न सकिएन भने थप बाढीपहिरो, सडक अवरुद्ध, भौतिक संरचनाको क्षति, कृषि भूमि र बस्ती बगर बन्छन् भने कटान र डुबानले ठूलो जनधनको क्षति बेहोर्नुपर्छ । समयमै चुरे संरक्षण र सन्तुलित पर्यावरणको सूचक प्रजाति बाघ, हात्ती संरक्षण हुन सके मात्रै हामी तराईलाई सुरक्षित राख्न सक्छौं । बाघ स्वस्थ पर्यावरणको सूचक प्रजाति मात्रै होइन, खाद्यचक्रको माथिल्लो तहमा रहेको महत्त्वपूर्ण जनावर हो ।

भौतिक विकासले स्वभावैले प्राकृतिक विनाश गर्छ । प्राकृतिक संरक्षणको सन्तुलन नै भौतिक विकासका लागि सबैभन्दा ठूलो चुनौती हो । जलवायु परिवर्तन र नेपालको कमजोर भूगोलका कारण निम्तिने बाढीपहिरो, कटान, डुबान र अन्य प्राकृतिक विपत्तिको कहर थाम्न मानव सभ्यतालाई मुस्किलै देखिएको छ । जित्न नसकिने युद्ध प्रकृतिविरुद्धको हो । प्रकृतिले हार्न जानेकै छैन । प्रकृतिले आफ्नो नियम कहिल्यै छोड्दैन ।

निकुञ्ज/आरक्ष भनेका प्रदर्शनीस्थल हुन्, यिनको विस्तार गर्नु नै बाघ संरक्षणको सफलता हो । बाघलाई केवल निकुञ्ज र वरपरका सामुदायिक वनमा सीमित गर्नु भनेको बाघ छ भन्ने देखाउनका लागि मात्रै हो । त्यसको वातावरणीय महत्त्व के हो ? भन्ने बुझाउन सकेनौं भने निकुञ्जका बाघ चिडियाखानामा राखेजस्तै हो । स्वच्छ वातावरणीय सन्तुलन नै बाघ संरक्षणको सफलता हो । बाघ संरक्षणको उपलब्धि स्वच्छ वातावरण र वातावरणीय सेवाको भुक्तानीबाट आर्थिक विकास तथा रोजगारी सिर्जना नै हुन् । कार्बनविच्छेद, जलको सञ्चिति क्षमतामा अभिवृद्धि, पर्या-पर्यटनको विकास, भूक्षय, भू-स्खलन, तल्लोतटीय क्षेत्रको मरुभूमीकरण, डुबान, कटानमा न्यूनीकरणका आधारमा बाघ संरक्षणको औचित्य पुस्ट्याइँ र उपलब्धिहरूको मापन गर्न सकिन्छ । बाघ संरक्षणलाई प्रदर्शनीस्थलमा सीमित गरेर हामी मख्ख छौं । यसको मूल तात्पर्य चुरे संरक्षण र तराईको सुरक्षा मुख्य ध्येयमा केन्द्रित हुनुपर्थ्यो ।

चुरेको सन्तुलित वातावरणको अवस्था झन्-झन् जर्जर बन्दै गएको छ । जसको परिणाम नेपालको आधा जनसंख्या बस्ने पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको अवस्था जटिल बन्दै गएको छ । संयुक्त राष्ट्रसंघअन्तर्गतको खाद्य तथा कृषि संगठन (एफएओ) ले २५ वर्ष अगाडि गरेको अध्ययनले नेपालमा चुरे सबैभन्दा कम विनाश भएका क्षेत्र पर्सा, चितवन, मकवानपुर, नवलपरासी र बर्दिया थियो । यसका आधारमा पनि त्यतिबेला नेता, नीति निर्माता र योजनाकारलाई सम्झाएर, फकाएर बाघ संरक्षण अभियानलाई देशव्यापी बनाउन सकेको भए आज चुरेको हाल र तराईको बेहाल हुने थिएन । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको सन्तुलित चुरेले मात्रै यो देशको भविष्य निर्धारण गर्छ ।

फेरि पनि हामीले सबै चुरे क्षेत्रलाई निकुञ्ज वा आरक्ष नै घोषणा गर्नुपर्छ भन्ने छैन । सामुदायिक, साझेदारी र वैज्ञानिक वन व्यवस्थापन क्षेत्रमा पनि बाघको संरक्षण हुन सक्छ । निकुञ्ज वरपरका सामुदायिक वनमा रहेका उल्लेख्य बाघको संख्याले यो कुरा सूचित गर्छ । नागरिकले प्राकृतिक स्रोत नियमित उपयोग गर्ने जंगलमा बाघको उपस्थिति हुँदा मानव-बाघको सहअस्तित्वमा केही चुनौती अवश्य थपिन्छन् ।

हामीले वातावरण स्वच्छ र सन्तुलित राख्न सके मात्रै कृषि, भूमि, स्वच्छ जल, भौतिक पूर्वाधार, मानव र मानव बस्ती सुरक्षित हुनेछन् । त्यसका लागि स्वच्छ प्राकृतिक वातावरणका सूचक प्रजातिको संख्यामा बढोत्तरी हुनुपर्छ । बाघ, चितुवा, हिउँचितुवाको संख्या प्रकृतिले नै निर्धारण गर्छ । मानिससमेत प्रत्येक प्राणीले बाँच्नका लागि संघर्ष गरेका हुन्छन्, जो उपयुक्त छ, ऊ बाँच्न सक्छ । चार वर्षमा बाघको वार्षिक वृद्धिदर पाँच प्रतिशत मात्रै हुनुले प्रकृतिले नै संख्याको छनोट गर्छ भन्ने पुष्टि गर्छ ।

बाघ संरक्षणलाई संरक्षित क्षेत्रमा मात्रै सीमित गर्नु हुँदैन । यसको नीतिगत, सांगठनिक, बजेट, कार्यक्रम तथा स्थानीय समुदायको सहभागितामा देशव्यापी बनाउनु अत्यधिक खाँचो छ । नेपालमा बाघ संरक्षणलाई विस्तार गर्न धेरै ढिलो भइसकेको छ, अब भित्री मधेश र तराई जोगाउने हो भने यो नै अचुक उपाय हो ।

सर्लाहीको लखनदेही वा सिरहाको बालन खोलाको चौडाइ बढ्ने क्रमलाई रोक्न सक्यौं भने मात्रै हामी वन संरक्षणको उपलब्धि हासिल भएको मान्न सक्छौं । परिणाममा त्यही बाढीपहिरो, कृषि भूमि मरुभूमीकरण, खानेपानी, सिँचाइका लागि पानीको अभाव, भूमिगत जलभण्डार रित्तिँदै जाने हो भने वनको क्षेत्रफल ४५ प्रतिशत भन्नुको अर्थ रहँदैन । बाघको संख्या कति पुग्यो भन्नुभन्दा नेपालको कति प्रतिशत चुरे क्षेत्र सन्तुलित भएका कारण तल्लोतटीय क्षेत्रमा कति फाइदा पुग्यो भन्नु उपयुक्त हो ।

प्राकृतिक वातावरण सन्तुलित नभए हामी बस्ने बस्ती असुरक्षित हुन्छ, हाम्रो कृषि भूमि मरुभूमि बन्छ, खानेपानी र सिँचाइका लागि जलको अभाव हुन्छ । हाम्रा भौतिक पूर्वाधार असुरक्षित हुन्छन् । हामी असुरक्षित हुन्छौं । त्यसैले हाम्रो जीउधनको सुरक्षा नै प्राकृतिक वातावरण संरक्षणमा निर्भर छ ।

निकुञ्ज/आरक्ष थप्दै जाने बाघ संरक्षणको एक मात्रै विकल्प होइन । नयाँ परिवेशमा नयाँ पुस्ताले थपेको नयाँ अवधारणा के हो ? संरक्षित क्षेत्र, सामुदायिक वन र मध्यवर्ती क्षेत्रको अवधारणाको विकाससँगै हामीले हासिल गरेका उपलब्धिलाई अझै मजबुत बनाउन नयाँ आयाम थप गर्ने नयाँ विचारको विकास हुनु जरुरी छ ।

वन क्षेत्रमा विभिन्न दशकमा क्रमिक रूपमा सामुदायिक वन, साझेदारी वन, संरक्षित वन, वन संरक्षण क्षेत्र, वैज्ञानिक वन व्यवस्थापनका नयाँ आयाम थप हुँदै गएका छन् भने संरक्षित क्षेत्रमा ३ दशकदेखि संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको अवधारणापश्चात् कुनै नयाँ अवधारणा विकास गर्न नसक्दा पुरानै शैलीको संरक्षण पद्धतिले संरक्षण र समुदाय दुवैले थप चुनौतीको सामना गर्नु परेको छ । मानव वन्यजन्तु सहअस्तित्वको खोजी नै अहिलेको नयाँ आयाम हुन सक्छ । संरक्षित क्षेत्रका कारण सिर्जना हुने वातावरणीय सेवा भुक्तानीका माध्यमबाट आर्थिक विकास र रोजगारीका अवसर सिर्जना गरेर देशको आर्थिक समुन्नति हासिल गर्न सकिन्छ ।

३० वर्ष अगाडि बनेको मध्यवर्ती क्षेत्र नियमावली, २०५२ र मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ पनि समयानुकूल संशोधन वा पुनर्लेखन हुन सकेको छैन । संरक्षणको यत्रो सुझाव दिनेले 'तँ' पनि पूर्वसंरक्षणकर्मी नै होस् तैंले के लछारपाटो लाइस्, तैंले के प्रगति गरिस् त ? भन्न पनि सकिन्छ । द्वन्द्वकालको चुनौतीपूर्ण कालखण्डमा गैंडाको चोरीसिकारी नियन्त्रणको नेतृत्व, वातावरणीय सेवा भुक्तानी, निकुञ्जको प्राकृतिक स्रोत उपयोगमा स्थानीय समुदायको अग्राधिकारको प्रावधान राखेर शून्य बजेटमा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७६ एकल प्रयासमा तयार भएको थियो ।

बाघ संरक्षणको आवश्यकता र औचित्य के हो ? समुदायले अनुभूति गर्ने गरी नयाँ पुस्ताले अब इँटा थप्नुपर्छ । नेपालमा चुरे क्षेत्रको संरक्षणको आवश्यकता महसुस गर्ने हो भने निकुञ्जमा मात्रै बाघ हुनुपर्छ वा बाघ संरक्षण गर्न निकुञ्ज घोषणा गर्नुपर्छ भन्ने भाष्य बदल्नुपर्छ । बाघ र मानवलाई छुट्टै क्षेत्र तोकेर वा कित्ताकाट गरेर मात्रै मानव हित हुन्छ भन्ने अवधारणालाई फेर्नुपर्छ । नयाँ राजनीतिक संरचनासँगै संरक्षित क्षेत्र बाहिरको ९२ प्रतिशत चुरे क्षेत्रमा स्थानीय समुदाय र स्थानीय निकायले अपनत्व ग्रहण गर्ने नीति, नियम र संगठन निर्माण गर्नुपर्छ ।

चुरे संरक्षणका लागि प्रदेश र स्थानीय निकायलाई समावेश गर्न सकेमा बजेट र कार्यक्रमका लागि आवश्यक साधन स्रोत जुटाउन कठिनाइ पर्ने छैन । मानव वन्यजन्तु सहअस्तित्वको खोजी नै अबको संरक्षणको मुख्य ध्येय हुनुपर्छ । त्यसका लागि नीति, कार्यक्रम, संगठन, बजेटमा परिमार्जन हुन जरुरी छ । बाघ स्वच्छ प्राकृतिक वातावरणका लागि र स्वच्छ वातावरण मानव जातिको आवश्यकता हो भन्ने भावना जनमानसमा जागृत गर्नु नै अहिलेको मुख्य लक्ष्य हो । चुरेको वन क्षेत्र सन्तुलित बनाएर तराई जोगाउने हो भने वन क्षेत्रको सामुदायिक वन, साझेदारी वन, वन संरक्षण क्षेत्र र सरकारद्वारा व्यवस्थित वन वा वैज्ञानिक वन व्यवस्थापन क्षेत्र पनि बाघका लागि उचित बासस्थान हुन सक्छन् ।

# इन्डोनेसिया भूकम्प : १२ हजारभन्दा बढी विस्थापित

## लगातारको परकम्पका कारण स्थानीय घरबाहिरै रात काट्न बाध्य

**एजेन्सी**

पूर्वी इन्डोनेसियाको फ्लोरेस टापुमा शनिबार गएको शक्तिशाली भूकम्पपछि करिब १२ हजार ८ सय मानिस विस्थापित भएका छन् । घरहरू क्षतिग्रस्त भएपछि हजारौं स्थानीय विद्यालय, प्रहरी चौकी र सरकारी कार्यालयमा आश्रय लिएर आवश्यक राहतको पर्खाइमा छन् ।

७ दशमलव ७ म्याग्निच्युडको भूकम्पमा परेर कम्तीमा ५३ जनाको मृत्यु भएको र एक सयभन्दा बढी घाइते भएको उद्धार अधिकारीहरूले बताएका छन् । हालसम्म कोही बेपत्ता भएको सूचना नआए पनि उद्धार तथा खोजी कार्य जारी रहेको उनीहरूको भनाइ छ ।

इन्डोनेसियाको राष्ट्रिय विपद् व्यवस्थापन निकायका प्रवक्ता बर्टन सुआर पेलिता पञ्जाइतानका अनुसार सोमबार बिहानसम्म फ्लोरेसका विभिन्न क्षेत्रमा घर फर्कन नसक्ने विस्थापितको संख्या १२ हजार ८ सय पुगेको छ । लगातारको परकम्पका कारण धेरै स्थानीय दोस्रो रात पनि घरबाहिरै बस्न बाध्य भएका छन् ।

भूकम्पको केन्द्रनजिकै रहेको नागेको क्षेत्रमा स्थानीयहरू त्रिपाल र खम्बाको सहायताले अस्थायी टहरा बनाएर रात बिताइरहेका छन् । त्यहाँका प्रायः घर भत्किएका छन्, नभत्किएका घरमा समेत चिरा परेकाले भित्र बस्न सक्ने अवस्था छैन । प्रवक्ता पञ्जाइतानले पानी, कपडा र सिरानीजस्ता आवश्यक सामग्री लिन मात्र घर जाने र फेरि अस्थायी शिविरमै फर्किने बताए । राहतमा ढिलाइ भएको भन्दै उनले सरकारसँग सहयोगका लागि आग्रहसमेत गरेका छन् ।

यसअघि सन् १९९२ मा पनि फ्लोरेस नै केन्द्र बनाएर ७.७ म्याग्निच्युडको भूकम्पको गएको थियो । त्यसबेला भूकम्पपछि आएको सुनामीमा करिब २ हजार ५ सय जनाको मृत्यु भएको थियो । यस पटक इन्डोनेसियाली वायुसेनाले दुई हर्कुलस विमान र एउटा बोइङमार्फत १३ टन राहत सामग्री प्रभावित क्षेत्रमा पुऱ्याएको जनाएको छ । दुर्गम क्षेत्रका स्थानीय बासिन्दासम्म सामग्री पुऱ्याउन हेलिकोप्टरसमेत परिचालन गरिएको छ ।

राहत सामग्रीमा खाद्यान्न, कपडा, खानेपानी र आपत्कालीन उपचारका सामग्री छन् । सेनाले प्रमुख वितरण केन्द्रमा राहत व्यवस्थापनका लागि कर्मचारीसमेत परिचालन गरेको छ ।

तर प्रभावित बासिन्दाले राहत अझै पर्याप्त रूपमा नपुगेको गुनासो गरेका छन् । तीन सन्तानकी आमा ३१ वर्षीया सिती सौदाह दासोले आफूहरूले लगाएको कपडाबाहेक केही पनि लिएर घरबाट निस्कन नपाएको बताउँदै सरकारी सहयोगको प्रतीक्षा गरिरहेको बताइन् ।

उद्धार तथा खोजी अधिकारी फतुर रहमानका अनुसार उद्धार टोलीले स्थल र हवाई दुवै माध्यमबाट खोजी गरिरहेको छ । बेपत्ता भएको सूचना नआए पनि सम्भावित प्रभावित क्षेत्रमा खोजी जारी राखिएको उनले बताए ।

भूकम्पको केन्द्र फ्लोरेसको उत्तरी तटमा रहेको र भूकम्प तुलनात्मक रूपमा सतहमै गएको भूगर्भीय अधिकारीहरूले बताएका छन् । प्रभावित क्षेत्रमा अग्ला भवनको संख्या निकै कम रहेको छ ।

राष्ट्रिय विपद् व्यवस्थापन निकायका अनुसार टापुमा कम्तीमा ९१४ घरमा गम्भीर क्षति पुगेको छ भने सयौं घरमा सामान्य क्षति भएको छ । विद्यालय, स्वास्थ्य संस्था र सरकारी कार्यालयसहित दर्जनौं सार्वजनिक भवनमा समेत क्षति भएको छ । बालबालिकाको पढाइसमेत प्रभावित भएको छ । गैरसरकारी संस्था सेभ द चिल्ड्रेनका अनुसार आठ हजारभन्दा बढी बालबालिका सुरक्षा जोखिम र शिक्षामा अवरोधको अवस्थामा छन् ।

इन्डोनेसिया प्रशान्त महासागर वरिपरि फैलिएको 'रिङ अफ फायर' क्षेत्रमा पर्ने भएकाले त्यहाँ भूकम्प जाने क्रम सामान्य छ । यस क्षेत्रमा सक्रिय ज्वालामुखी र 'फल्ट लाइन' हरू रहेकाले यो मुलुक भूकम्प तथा ज्वालामुखी गतिविधिको उच्च जोखिममा रहेको छ । सन् २००४ को डिसेम्बरमा इन्डोनेसियाको सुमात्रा टापु नजिकै गएको ९ दशमलव १ म्याग्निच्युडको भूकम्पपछि आएको विनाशकारी सुनामीले हिन्द महासागर क्षेत्रका एक दर्जनभन्दा बढी देशमा करिब २ लाख ३० हजार जनाको ज्यान लिएको थियो । इन्डोनेसियामा मात्रै करिब १ लाख ७० हजार मानिसले ज्यान गुमाएका थिए । उक्त घटनालाई आधुनिक इतिहासकै सबैभन्दा विनाशकारी प्राकृतिक विपत्तिमध्ये एक मानिन्छ । त्यस्तै सन् २०१८ मा ७ दशमलव ५ म्याग्निच्युडको भूकम्पपछि आएको सुनामी र भूस्खलनले पालु सहरमा ठूलो विनाश भएको थियो । उक्त विपद्मा ४ हजार ४ सयभन्दा बढी मानिसको मृत्यु भएको थियो ।



**भूकम्पले भत्किएको भवननजिकै सडकमा बसेर मोबाइल चलाउँदै पूर्वी नुसा तेंगारा प्रान्तको रियोकमा एक स्थानीय । तस्बिर :** एपी/रासस


# खर्च नगरी किनमेलको आनन्द : युवामाझ लोकप्रिय बन्दै 'डोपामिन साइट'

**सजना बराल** (काठमाडौं)

दक्षिण कोरियामा एउटा अनौठो डिजिटल लहर सुरु भएको छ । यसमा प्रयोगकर्ताले खर्च नै नगरी आफूलाई मनपरेका सामान, खाना, ग्याजेट वा अन्य चिजबिज अनलाइन सपिङ गरेको अनुभव लिइरहेका छन् । त्यहाँ विभिन्न 'फेक सपिङ साइट' वा 'डोपामिन साइटहरू' लोकप्रिय बनिरहेका छन् । यिनै वेबसाइटले प्रयोगकर्तालाई निःशुल्क अनलाइन सपिङको अनुभव प्रदान गर्छन् । यसको मुख्य उद्देश्य पैसा खर्च नगरीकनै किनमेलको रहर र उत्साह पूरा गर्नु हो ।

यी वेबसाइटमा वास्तविक ई-कमर्स प्लाटफर्ममा जस्तै सामान वा खानाका सूची, ग्राहकका प्रतिक्रिया र विभिन्न प्रकारका फिल्टर उपलब्ध छन् । प्रयोगकर्ताले सजिलैसँग सामान खोज्न, कार्टमा थप्न र ठेगाना राखेर खरिद प्रक्रिया पूरा गर्न सक्छन् । कतिपय साइटमा त अर्डर गरेपछि म्यापमा डेलिभरी राइडर आफूतिर आउँदै गरेको देख्न सकिन्छ । तर, यसको मुख्य विशेषता भनेकै अर्डर गरिएको सामान कहिल्यै घरमा आउँदैन र पैसा पनि काटिँदैन ।

यसको अवधारणा मानिसको खरिद गर्ने प्रवृत्ति र मनोविज्ञानसँग जोडिएको छ । अध्ययनहरूका अनुसार मानिसहरूलाई सामान पाउनुभन्दा पनि सामान खोज्ने र कार्टमा थप्ने प्रक्रियामा बढी आनन्द मिल्छ । सामान छान्न पाउनु र खरिदको निर्णय लिनुले मस्तिष्कमा सन्तुष्टिको भाव 'डोपामिन' पैदा गर्छ । दक्षिण कोरियाका युवाहरूले यसलाई तनाव कम गर्ने र फजुल खर्च जोगाउने एउटा अनौठो तरिकाका रूपमा अपनाएका छन् ।




> **अर्डर गरे पनि सामान कहिल्यै नआउने तर किनमेलको रहर मेटिने र गोजीको पैसा पनि जोगिने 'फेक अनलाइन सपिङ' मा युवा पुस्ताको चासो**

अमेरिकी सञ्चारमाध्यम मासेबलका अनुसार दक्षिण कोरियाको अत्यधिक कार्यथलो र शैक्षिक तनावका कारण त्यहाँ यस्ता डिजिटल विकल्प फस्टाएका हुन् । मासेबलले आफ्नो रिपोर्टमा मालही नामका कोरियाली सफ्टवेयर विकासकर्ताले बनाएको 'फुड नेभर कम्स' (खाना कहिल्यै आइपुग्दैन) नामक चर्चित एपको चर्चा गरेको छ । राति ढिलो अनलाइनमा खाना अर्डर गर्ने खराब बानी सुधार्न उनले सुरुमा ठट्टाका रूपमा यो एप बनाएका थिए । अहिले यस्ता साइटहरू कोरियाली युवाहरूको प्रिय बन्दै गइरहेका छन् ।

अर्को सञ्चारमाध्यम भाइस डटकमका अनुसार अनलाइन विज्ञापनले हैरान पारेको आजको समयमा युवा पुस्ताका लागि यो उपयोगी वित्तीय उपाय बनेको छ । भाइसको समाचारमा उल्लेख भएअनुसार यस अनौठो अवधारणाप्रति दक्षिण कोरियाबाहिर अन्य देशका युवामा पनि चासो फैलिएको छ । इन्टरनेट मञ्च 'रेडिट' मा भने पश्चिमा देशका प्रयोगकर्ताबीच यस विषयमा मिश्रित प्रतिक्रिया देखिएको छ । कतिपयले यसलाई समयको बर्बादी भनेर आलोचना गरेका छन् । तर, अनियन्त्रित रूपमा पैसा खर्च गर्ने बानी भएका प्रयोगकर्ताहरूले भने यसलाई बानी सुधार्ने गजबको र सुरक्षित उपाय मानेका छन् ।

*(एजेन्सीको सहयोग)*

# सिंगमरमरको फोहोर बन्यो पर्यटकको आकर्षण

जयपुर (एजेन्सी)- भारतको राजस्थानस्थित किसनगढमा सिंगमरमर प्रशोधनबाट निस्किएको सेतो फोहोरको थुप्रो अहिले पर्यटक, चलचित्र निर्माता र सामाजिक सञ्जाल प्रयोगकर्ताका लागि आकर्षणको केन्द्र बनेको छ । फोहोर फाल्ने ठाउँ भए पनि यसको सेतो भू-दृश्य हिउँले ढाकिएको उपत्यकाजस्तो देखिने भएकाले यहाँ घुम्न आउनेको संख्या बढेको छ ।

उत्तरपश्चिमी राज्य राजस्थानको प्रमुख सिंगमरमर प्रशोधन केन्द्र किसनगढमा ८२ एकड अर्थात् ३३ हेक्टर क्षेत्रमा फैलिएको यो फोहोर व्यवस्थापन स्थलमा दैनिक साढे पाँच हजार टनभन्दा बढी सिंगमरमरको घोल र ढुंगा जम्मा हुने गरेको छ । यहाँ एक हजार दुई सयभन्दा बढी प्रशोधन एकाइबाट सिंगमरमर तथा ग्रेनाइट काट्ने र पालिस गर्ने क्रममा निस्किएको फोहोर ल्याइन्छ । यो एसियाकै ठूलो फोहोर व्यवस्थापन क्षेत्रमध्ये एक हो ।

औद्योगिक फोहोरको यही क्षेत्र अहिले पर्यटकीय गन्तव्यमा परिणत भएको छ । विवाहअघि खिचिने तस्बिरका लागि दम्पतीहरू सेता ढिस्काबीच पुग्ने गरेका छन् भने चलचित्र तथा संगीत भिडियो निर्माणमा पनि यसलाई पृष्ठभूमिका रूपमा प्रयोग गर्ने गरिएको छ । पर्यटकहरूले फोहोरको यो सेतो संरचनामा घोड सवारीसमेत गर्ने गरेका छन् ।

सामाजिक सञ्जालले यसको आकर्षण थप बढाएको छ । आगन्तुकहरूले यहाँको चम्किलो सेतो सतहलाई हिउँले ढाकिएको हिमाली क्षेत्रसँग तुलना गर्ने गरेका छन् । वर्षापछि फोहोरका ढिस्काबीचका होचा भागमा पानी जम्दा नीलो रङका पोखरी बन्ने भएकाले ठाउँको अझ आकर्षक देखिन्छ ।



> **वातावरणीय जोखिमका बाबजुद सेतो ढिस्का र वर्षापछि बन्ने नीलो पोखरीले किसनगढको यो औद्योगिक फोहोर क्षेत्रमा पर्यटकहरूको भीड**

तर पर्यटकको आकर्षण बनेको यो क्षेत्र गम्भीर वातावरणीय जोखिमको केन्द्र पनि हो । अधिकारीहरूले हावामा फैलिने धूलो तथा भूमिगत पानी प्रदूषणको जोखिमबारे पटक-पटक चेतावनी दिएका छन् । विभिन्न अध्ययनमा आसपासका पानीमा खनिजको मात्रा उच्च रहेको पाइएको छ ।

भारतको राष्ट्रिय हरित न्यायाधिकरणले गत जनवरीमा अनियन्त्रित रूपमा फोहोर थुपार्ने क्रम रोक्दै सिंगमरमरको घोल पुनःप्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यले सुधारात्मक उपाय लागू गर्न आदेश दिएको थियो ।

वातावरणीय जोखिमका बाबजुद सेतो ढिस्का र वर्षापछि बन्ने नीलो पोखरीले किसनगढको यो औद्योगिक फोहोर क्षेत्रलाई सामाजिक सञ्जालमा चर्चित बनाएको छ । यसले फोहोर व्यवस्थापन र पर्यटन आकर्षणबीचको असामान्य सम्बन्धलाई समेत उजागर गरेको छ ।

# हर्मुज जलमार्ग प्रयोगको विषयमा इरान-ओमान समझदारी

तेहरान (एजेन्सी)- इरानले हर्मुज जलमार्गबाट व्यापारिक जहाजको ओहोरदोहोर सम्बन्धमा ओमानसँगको समझदारी भएको र त्यसलाई अन्तिम रूप दिने तयारी भइरहेको जनाएको छ । इरान र अमेरिकाबीच युद्ध अन्त्य तथा शान्ति सम्झौताका लागि तय गरिएको ६० दिने समयसीमा सकिन लागेका बेला यो समझदारी हुन लागेको हो ।

इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले सोमबार तेहरानमा पत्रकारहरूसँग कुरा गर्दै हर्मुज हुँदै व्यापारिक जहाजको आवागमनसम्बन्धी समझदारी भइसकेको र त्यसलाई संयुक्त वक्तव्यमार्फत अन्तिम रूप दिने काम भइरहेको बताएका छन् ।

यसअघि सार्वजनिक भएका विवरणअनुसार प्रस्तावित व्यवस्थामा इरानतर्फको जलमार्गबाट जहाज प्रवेश गर्ने र ओमानतर्फको जलमार्गबाट बाहिरिने व्यवस्था हुनेछ । अन्तरिम अवधिमा जहाजलाई शुल्क नलिने विषयमा पनि छलफल भएको बताइएको छ । अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी हटाउनुअघि हर्मुज जलमार्ग व्यावसायिक ढुवानीका लागि पुनः खोल्नुपर्ने माग गर्दै आएको छ । तर इरान र ओमानबीच तयार भइरहेको व्यवस्थाले अमेरिकी अपेक्षा पूरा गर्छ कि गर्दैन भन्ने स्पष्ट भइसकेको छैन ।

> **सार्वजनिक भएका विवरणअनुसार व्यापारिक जहाजहरू इरानतर्फको जलमार्गबाट प्रवेश गर्ने र ओमानतर्फको जलमार्गबाट बाहिरिने व्यवस्था गरिँदै**

इजरायल र अमेरिका युद्धपछि इरानले प्रभावकारी रूपमा हर्मुजमा जहाजको आवागमनमा रोक लगाएको थियो । युद्धअघि विश्वभर आपूर्ति हुने पेट्रोलियम तेलको करिब पाँचौं भाग यही जलमार्ग हुँदै ओसारपसार हुने गरेको थियो । बघाईले ओमानसँगको वार्ता अपेक्षाकृत ढिलो भएको स्वीकार गर्दै नक्सासम्बन्धी समझदारी र संयुक्त वक्तव्यलाई एउटै प्याकेजका रूपमा अन्तिम रूप दिने योजना रहेको बताए ।

यसैबीच, इरान र अमेरिकाबीच युद्ध अन्त्यका लागि तय गरिएको ६० दिने वार्ता अवधि सकिन लाग्दा पनि दुवै पक्षबीच सहमतिको स्पष्ट संकेत देखिएको छैन । वार्ता अवधि थप गर्ने विषयमा पनि तत्काल कुनै घोषणा भएको छैन । मध्यपूर्वमा जारी तनावकै बीच अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पका ज्वाइँ तथा मध्यपूर्व वार्ताकार जारेड कुसनरले सोमबार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग भेटवार्ता गरेका छन् । कुसनरले त्यसअघि इजिप्टमा प्यालेस्टिनी लडाकु समूहको निःशस्त्रीकरणबारे छलफल गरेका थिए ।

इजरायलले गाजामा युद्धविरामका लागि अमेरिकाको समर्थनमा अघि सारिएको १५ बुँदे योजनालाई अस्वीकार गरेपछि कुसनर र नेतान्याहुबीचको भेटवार्ता भएको हो । हमासले भने उक्त योजनामा सहमति जनाउँदै मध्यस्थकर्ता र अमेरिकी नेतृत्वमा गठित शान्ति बोर्डलाई इजरायललाई पनि योजना स्वीकार गर्न बाध्य पार्न आग्रह गरेको छ ।

योजनाअनुसार इजरायली सेना गाजाबाट चरणबद्ध रूपमा फिर्ता हुनुपर्नेछ । तर इजरायलले हमास पूर्ण रूपमा निःशस्त्र नभएसम्म आफ्ना सेना फिर्ता नहुने अडान राख्दै आएको छ । इजरायली सेनाले हाल गाजाको करिब ६० प्रतिशत भूभाग नियन्त्रणमा राखेको छ भने प्रधानमन्त्री नेतान्याहुले सैन्य कारबाही थप अघि बढाउने चेतावनीसमेत दिएका छन् ।

**Time Extension Notice**
**(International Competitive Bidding – ICB)**
**Supply and Delivery of of Water Based Personal Lubricant**

In reference to the tender notice for the **"Supply and Delivery of Water Based Personal Lubricant"** Tender Notice No. **CRSH/Lubricant - 2026**, published on **July 04, 2026**, CRS Healthcare Pvt. Ltd. has extended the time for the submission for a period of 21 days which is until **NST 12:00hrs of September 07, 2026, Monday**.

All other terms and conditions of the tender will remain the same. The bidders who already submitted their Bids are not required to resubmit.

Please visit www.crshealthcare.org.np for further details.

CRS Healthcare


# वर्गीकृत विज्ञापन

**घर जग्गा**

टुक्रा जग्गाहरू बेच्नु परेमा 9846662001

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

धितोफुकुवा, बैकलोन, चाहिएमा 9851065811, 9841007757

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

सस्तोमा ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

सस्तोमा ढल मंगाल जामखोल्ने 9841050858

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८१०१२७२५१

ठुलोगाडीबाट, सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८५१२७३१७६

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

**चाहियो**

सेल्सम्यान र ड्राइभर चाहियो ९८५११७३०७३, ९८६६८६८६६९५

सुरक्षाकर्मी -२० गौशला ९८४१४०१८८६, ०१५२१८५४९ सानिमा सेक्यूरिटी

हेल्पर आवश्यक खानबस्न व्यबस्था ९८४००५७४२६

म:म: मिस्त्री-१८,०००।-, भांडा माझ्ने-१६,०००।- ९८५१०४१५७२

होस्टेल क्यान्टिनलाई कुक, किचेनहेल्पर, भाडामाझ्ने, वेटर नेपाल मेडिकलकलेज जोरपाटी, ९८०३३०३३८०

म:म: हेल्पर खानेबस्ने सुविधा ९८०३३०९५०४

अनुभवि म:ममिस्त्री चाहियो तलव १५०००।- ९८४१३१११४२

ड्राईभर कम्प्युटरको ज्ञान भएको ९८५१०२१०८३

हेल्पर, भांडामाझ्ने खानबस्नसहित १६,०००।-, वेलकम रेष्टुरेन्ट, शंखमूलरोड ९८४१६१९८९७

गोदावरी मिनरल पानी फ्याक्ट्रीको लागि १-जना प्राविधिक सुरभाइजर तुरुन्त आवश्यक, सोहीक्षेत्रमा ३-५वर्ष कामको अनुभव, गोदावरी एरियामा बसोबास गर्ने/हुनेलाई प्राथमिकता ९८५१३१५८२०

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४५९३५३१, ९८५११७८८३० | पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ | क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ | मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ | गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ | निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ | आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९५०२ | सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ | अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ | नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ | माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ | सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ | लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ | डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ | सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ | स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ | सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ | प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ | मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ | किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ | सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ | कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० | गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ | मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ | मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० | न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ | श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| | | | दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० | के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| | | | | | | चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-

सम्पर्क नं. ५१९२०१४, ५१९२०१०, Ext. १०१४ Email: mktclassified@kmg.com.np

* मु.अ.क. बाहेक

**विदेशी मूद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १५२.९९ |
| युरो | १७६.९७ |
| पाउन्ड स्टर्लिङ | २०७.०४ |
| अस्ट्रेलियन डलर | १०८.३८ |
| कतारी रियाल | ४१.९८ |

नेपाल राष्ट्र बैंकको आधारमा

सुन रू. ३,०६,८००

चाँदी रू. ४,७७०

# निजी क्षेत्रको विश्वास बढाउन औद्योगिक सुरक्षा बल पुनःस्थापना गरिँदै

**बारम्बार भइरहेका तोडफोड र सम्पत्ति क्षतिको घटनाबीच सरकारले निजी क्षेत्रलाई आश्वस्त पार्दै नयाँ लगानी आकर्षित गर्ने प्रयासस्वरूप औद्योगिक सुरक्षा बलको अवधारणा प्रस्तुत**

**कृष्णा प्रसाईं** (काठमाडौं)


फाइल तस्बिर

औद्योगिक तथा व्यावसायिक क्षेत्रको संरक्षण र लगानीको जोखिम न्यूनीकरणका लागि सरकारले 'निजी लगानी संरक्षण तथा प्रवर्धन रणनीति' जारी गरेको छ । गत शुक्रबार सार्वजनिक उक्त रणनीतिमा औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानको भौतिक सम्पत्तिको सुरक्षाका लागि औद्योगिक सुरक्षा बल स्थापना गर्ने उल्लेख छ ।

त्यसमा औद्योगिक करिडोर, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामलगायतलाई शान्ति क्षेत्र घोषणा गरी उद्योग प्रतिष्ठानमा कुनै प्रकारको अवाञ्छित गतिविधि हुन नपाउने र औद्योगिक तथा व्यवसाय एवं निजी सम्पत्तिको क्षतिको जोखिमका आधारमा द्रुत सुरक्षा टोली परिचालन गर्ने उल्लेख छ ।

'औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानका भौतिक सम्पत्ति र व्यवसायमा हुन सक्ने आक्रमण, तोडफोड तथा आगजनीउपर शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ,' प्रवर्धन रणनीतिमा उल्लेख छ, 'उद्योगी एवं व्यवसायीको निजी सम्पत्ति र आवासमा हुन सक्ने आक्रमण, तोडफोड तथा आगजनीमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।' आन्दोलनका क्रममा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रमा रहेको हटलाइनलाई औद्योगिक सुरक्षा हटलाइनमा चौबीसै घण्टा सञ्चालन गरिने उल्लेख छ ।

रणनीति सार्वजनिक गर्नुअघि सरकारले साना, ठूला व्यवसायी र उद्योगीका प्रतिनिधिसँग लामो छलफल गरेका थिए । ती छलफलका निष्कर्षका आधारमा सरकारले नयाँ रणनीति सार्वजनिक गरेको हो ।

'गत सेप्टेम्बरको जेन-जी आन्दोलनका क्रममा निजी क्षेत्रका व्यवसायमा भएको क्षतिलाई ध्यानमा राखेर यो रणनीति तयार गरी कार्यान्वयनमा ल्याइएको हो,' उद्योग मन्त्रालयका सहसचिव नेत्रप्रसाद सुवेदीले भने, 'उद्योग तथा व्यवसायको संरक्षण र प्रवर्धन तथा लगानी आकर्षित गर्नु यसका मुख्य कार्यनीति हुन् । पछिल्लो तराई आन्दोलनबाट पनि व्यवसायमा क्षति पुगेको छ ।'

मन्त्रालयले सम्बन्धित मन्त्रालय तथा अन्य सरकारी निकायलाई रणनीति कार्यान्वयन गर्न अनुरोध गरेको उनले बताए । 'निजी क्षेत्रको सम्पत्ति संरक्षण गर्नु चुनौतीपूर्ण छ,' सुवेदीले भने, 'अब हामीसँग त्यसको संरक्षण गर्ने रणनीति छ, यो सुरुआत हो ।'

निजी क्षेत्रको मनोबल भने अझै कमजोर छ । विश्व बैंकको एक प्रतिवेदनअनुसार सन् २०२५ को सेप्टेम्बरमा भएको अशान्तिपछि लगानीकर्ताको विश्वास कमजोर हुँदा निजी लगानी प्रभावित भएको छ ।

त्यसो त नेपालमा सन् २०१२ को सेप्टेम्बरमा पनि सरकारले औद्योगिक प्रतिष्ठान, विशेष गरी औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगको सुरक्षा प्रदान गर्ने उद्देश्यले औद्योगिक सुरक्षा बल स्थापना गर्ने निर्णय गरेको थियो । माओवादी द्वन्द्वपछिको अवधिमा सशस्त्र समूहबाट उद्योगी र व्यवसायीलक्षित गरी अपहरण, हत्या, धम्की र चन्दा असुलीजस्ता घटना बढेपछि सरकारले यस्तो निर्णय गरेको थियो । त्यतिबेला उग्र श्रमिक संगठनहरूले पनि कारखाना र औद्योगिक प्रतिष्ठानको सहज सञ्चालनमा चुनौती सिर्जना गरेका थिए ।

सन् २०२० को सुरुआतमा सरकारले औद्योगिक सुरक्षा बलअन्तर्गत विभिन्न औद्योगिक क्षेत्रमा खटिएका सशस्त्र प्रहरी बलका कर्मचारीको स्थायी उपस्थिति हटाएको थियो । सीमावर्ती क्षेत्र तथा देशभर कोरोना भाइरस संक्रमण फैलिन सक्ने जोखिमलाई ध्यानमा राख्दै उनीहरूलाई सीमा क्षेत्रमा खटाइएको थियो । तर उनीहरूलाई औद्योगिक क्षेत्रमा पुनः खटाइएन । गत सेप्टेम्बरमा भएको जेन-जी आन्दोलनका क्रममा देशभरका औद्योगिक प्रतिष्ठान तथा व्यवसायमा ठूलो क्षति भयो । यसको कुल क्षति ८४ अर्ब रुपैयाँभन्दा बढी अनुमान गरिएको छ ।

तोडफोड, लुटपाट, आगजनी र चोरीका घटना बढेपछि सम्भावित नयाँ लगानीकर्ता निरुत्साहित भएका छन् भने सञ्चालनमा रहेका व्यवसायले समेत त्रासमा काम गर्नुपर्ने अवस्था आएको छ ।

३० जुलाईमा सिरहाको गोलबजारमा प्रदर्शनकारीले एबी मलसहित विभिन्न पसलमा तोडफोड र आगजनी गरेका थिए । त्यसपछि मात्र सुरक्षाबल परिचालन गरिएको थियो । अहिले फेरि सरकारले नयाँ निजी लगानी संरक्षण तथा प्रवर्धन रणनीति पुनः अघि बढाएको हो ।

विश्व बैंकको प्रतिवेदनअनुसार गत आर्थिक वर्ष २०२५/२६ मा निजी लगानी करिब स्थिर रह्यो र केवल ०.२ प्रतिशतले बढ्यो । कमजोर लगानीले समग्र व्यावसायिक वातावरणमा रहेका निरन्तर कमजोरी, नीतिगत अनिश्चित तथा उपलब्ध तरलतालाई उत्पादनशील लगानीमा प्रवाह गर्न देखिएका चुनौती प्रतिबिम्बित गर्ने विश्व बैंकले जनाएको छ ।

कुल राष्ट्रिय उत्पादनमा करिब ८१.५५ प्रतिशत योगदान गर्ने र रोजगारी सिर्जनामा ८६ प्रतिशतभन्दा बढी हिस्सा ओगट्ने निजी क्षेत्र भने अझै विश्वस्त हुन सकेको छैन ।


'हरेक पटक हामी नै पहिलो निसाना बन्छौं,' नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले भने, 'पछिल्लो घटना तराईको आन्दोलन हो । भविष्यमा यस्ता घटना दोहोरिँदैनन् भनेर हामी अझै पूर्ण रूपमा विश्वस्त हुन सकेका छैनौं ।'

यो सरकारले आगामी पाँचदेखि सात वर्षभित्र नेपालको अर्थतन्त्र करिब १०० अर्ब अमेरिकी डलरको बनाउने र प्रतिव्यक्ति आय ३ हजार डलर पुर्‍याउने महत्त्वाकांक्षी लक्ष्य राखेको छ । यस अवधिमा औसत वार्षिक आर्थिक वृद्धि ७ प्रतिशत कायम गर्ने लक्ष्य छ । 'निजी क्षेत्रलाई विश्वासमा नलिई यो सम्भव छैन,' अग्रवालले भने । उनका अनुसार सरकारले ल्याएको रणनीति स्वागतयोग्य छ र यसमा निजी क्षेत्रले दिएका सुझाव पनि समेटिएका छन् । 'केही कुरा छुटेको भए त्यसलाई पुनरावलोकन गर्न सकिन्छ ।"

यस्तै, औद्योगिक तथा व्यावसायिक वातावरण सुधार गर्न र लगानी बढाउन सरकारले औद्योगिक व्यवसाय ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, कम्पनी ऐन, विशेष आर्थिक क्षेत्र ऐन तथा सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐनलगायतका कानुनमा समयानुकूल संशोधन गरिँदै आएको छ ।

तर औद्योगिक क्षमताको उपयोग घट्दै गएको र कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान निरन्तर घटिरहेको अवस्थामा यी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमाथि भने प्रश्न उठेको छ । बाँकी पृष्ठ ८

# महँगीलाई ठेगाना चाहिँदैन


तस्बिर : एआई

**अनुप काफ्ले** (काठमाडौं)

यसै वर्षको सुरुतिर म अमेरिकाबाट नेपाल फर्किएँ । फर्किंदै गर्दा मनमा लागेको थियो, न्युयोर्कको महँगीबाट उम्किएँ, अब हरेक पटक किराना सामान किन्दा हिसाबकिताब राख्नुपर्ने झन्झटबाट मुक्त भएँ ।

मैले न्युयोर्कलाई त्यस्तो बेलामा गुडबाई गरेको थिएँ, जतिबेला त्यहाँ एक दर्जन अन्डा किन्नु ठूलै आर्थिक घटनाजस्तो हुन थालेको थियो । त्यहाँका राष्ट्रिय सञ्चारमाध्यममा 'अन्डा कसरी विलासी वस्तु बन्दै गयो' वा 'कम खर्चमा कसरी स्वादिलो अमलेट बनाउने' जस्ता शीर्षकमा समाचारहरू छापिन थालेका थिए ।

डाउनटाउन वाल स्ट्रिटको एउटा पसलमा म स्यान्डविच (बेकन-एग-एन्ड-चिज) का लागि पुगिरहन्थें । अन्डाको भाउ बढेसँगै केही महिनाको अन्तरालमै त्यो स्यान्डविचको मूल्य ४.३५ डलरबाट ८.१७ डलर पुगेको थियो अर्थात् दोब्बर । त्यसैले नेपाल आएपछि कमसेकम अन्डाका लागि त्यति धेरै सोचिरहनु नपर्ला भन्ने लागेको थियो । किनकि फरक गोलार्ध, फरक कुखुरा ।

काठमाडौं फर्किएको एक महिना भयो । तर अन्डाको भाउले पिछा छाड्न मानेको छैन । यहाँको सुपरमार्केटमा जति पटक गएको छु, हरेक पटक अन्डाको मूल्य बढेको छ । यसलाई मैले त्यतिसारो हेक्का राखेको पनि थिइनँ, तर हिजो राति समाचार पढेपछि थाहा भयो, एक महिनामै अन्डाको भाउ चार पटक बढेर एक क्रेटको ५ सय ७५ रुपैयाँ पुगिसकेछ । जेहोस्, काठमाडौंमा पाइने अन्डा राम्रै छन् ।

न्युयोर्कमा अन्डाको भाउ बढ्नुको कारण थियो, एच५एन१ । सन् २०२२ देखि अमेरिकामा फैलिएको यो बर्ड फ्लुको प्रजातिले २०२५ को सुरुतिर धेरै क्षति पुर्‍यायो । त्यस वर्षको जनवरीमा एक दर्जन अन्डाको औसत मूल्य बढेर हालसम्मकै उच्च ४.९५ डलर पुग्यो । त्यसपछि पनि मूल्य बढ्न रोकिएन ।

मलाई याद छ, न्युयोर्कमा दर्जन अन्डाको थोक मूल्य नै ७.२४ डलरसम्म पुगेको थियो । मलाई मनपर्ने, पहेंलो भाग गाढा सुन्तलाजस्तो देखिने 'पास्चर रेज्ड' कुखुराको अन्डाको मूल्य त ११ डलरसम्म पुगेको थियो ।

अन्डाको भाउ बढेसँगै रेस्टुरेन्टहरूले पनि थप शुल्क लिन थाले । त्यसपछि सरकारले हस्तक्षेप गर्‍यो किनभने अमेरिकामा ब्रेकफास्टको मूल्यवृद्धिलाई सामान्य रूपमा लिइँदैन । जुन २०२६ मा अमेरिकी न्याय मन्त्रालयले देशका तीन ठूला अन्डा उत्पादकविरुद्ध मुद्दा दायर गर्‍यो । मन्त्रालयले उनीहरूमाथि सन् २०२२ देखि २०२५ सम्म आपूर्ति र मूल्य निर्धारणमा मिलेमतो गरेको आरोप लगाएको छ । ती उत्पादकहरूले भने आरोप अस्वीकार गरेका छन् ।

अहिले नेपालमा पनि यस्तै संकट छ । फरक यति हो, यहाँ प्रश्न सोध्न कसैलाई खासै मन छैन । केही महिनाअघि केराको मूल्य ह्वात्तै बढेको सम्झनुहुन्छ ? अहिले अन्डाको पालो आएको छ ।

नेपाल लेयर्स कुखुरापालक संघले एक महिनाभित्र चार पटक अन्डाको समर्थन मूल्य बढायो । संघका अध्यक्षका अनुसार कारण स्पष्ट छ, गत फागुनदेखि बर्ड फ्लुका कारण करिब १० लाख कुखुरा मरेका छन् । अन्डाको माग धान्न सकिएको छैन, दैनिक करिब ४१ लाख अन्डा खपत हुने गरेको छ, जबकि उत्पादन ३० लाखजति मात्रै छ ।

म बारम्बार सोच्छु, यस्तो संकटका बेला न्युयोर्कमा अभाव साँच्चिकै हो कि कृत्रिम भन्ने पत्ता लगाउने कानुनी संयन्त्र छ । प्रतिस्पर्धाविरोधी कानुन उल्लंघन भए/नभएको छानबिन र कानुनी रूपमा कागजपत्र माग गर्न 'समन्स' छन् ।

तर, के नेपालमा त्यस्तो कुनै संयन्त्र छ ? उपभोक्ता अधिकारकर्मीले कान्तिपुरसँग कुरा गर्दै स्पष्ट रूपमा भनेका छन्, नेपालमा अन्डाको मूल्य कसरी निर्धारण गर्ने भन्ने विषयमा कुनै कानुन वा मापदण्ड छैन । व्यापारी र संघहरूले माग र अभावलाई कारण देखाउँदै आफूखुसी मूल्य बढाउँछन् र उनीहरूलाई त्यसो गर्न रोक्ने केही उपाय छैन ।

आपूर्ति विभागका एक अधिकारीले पनि अर्को पाटोबाट यही कुरा पुष्टि गरे । उनको कार्यालयले उत्पादक संघले तोकेको मूल्यअनुसार अन्डा बिक्री भइरहेको छ कि छैन भनेर जाँच गर्छ । तर त्यो मूल्य किन त्यति हो भनेर सोध्ने अधिकार भने विभागसँग छैन ।

**महँगीलाई तपाईंको नयाँ ठेगाना होइन केवल 'एपिटाइट' चाहिने रहेछ**

मैले लगातार भोग्नुपरेका यी दुई अन्डा संकट उस्तै सुनिन्छन् तर तिनको अन्त्य भने उस्तै हुने देखिँदैन ।

न्युयोर्कमा बर्ड फ्लुले अभाव निम्त्यायो र अन्ततः त्यो अभाव पूर्ण रूपमा वास्तविक थियो कि थिएन भन्ने प्रश्न उठाउने मुद्दा दायर भयो । काठमाडौंमा बर्ड फ्लुले अभाव निम्त्याएको छ र अहिलेसम्म त्यसको परिणाम भने संघको बैठकबाट प्रत्येक एक-दुई सातामा नयाँ मूल्य तोकिनुमा सीमित छ । त्यो मूल्यबारे प्रश्न सोध्ने अधिकार कसैसँग देखिँदैन । अर्कोतर्फ, किसानहरूको मूल्यवृद्धिअनुसार पैसा नपाएको गुनासो त छँदै छ ।

म ८ हजार माइल टाढा अन्डाका विषयमा टिप्पणी गर्ने योजनाका साथ फर्किएको होइन । म परिवारका लागि, हिमालका लागि फर्किएँ । आफ्नै देशमा फर्किने अरू धेरै व्यक्तिगत कारण थिए, न कि कुखुरा र अन्डा संकटले मेरो ब्रेकफास्ट बिथोलियोस् भन्नका लागि । तर अन्डासम्बन्धी पछिल्लो संकटले न्युयोर्कबाट फर्किंदाको आत्मसन्तुष्टि निश्चय नै केही कम गरेको छ ।

तर, महसुस भएको छ, महँगीबाट भाग्न त्यति सजिलो रहेनछ । मलाई लागेको थियो, महँगीलाई जोन एफ केनेडी विमानस्थलमा छोडेर आउन सक्छु । तर महँगीलाई तपाईंको नयाँ ठेगाना चाहिँदैन रहेछ । उसलाई चाहिने भनेको केवल तपाईंको 'एपिटाइट' रहेछ ।

# डलर महँगिँदा विद्युत् प्राधिकरणको नाफा घट्यो

**सीमा तामाङ** (काठमाडौं)




नेपाल विद्युत् प्राधिकरणको यस आर्थिक वर्ष २०८२/८३ मा नाफा घटेको छ । सोमबार प्राधिकरणको ४१ औं वार्षिकोत्सवका अवसरमा निमित्त कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले करअघिको नाफा ५ अर्ब ४ करोड रुपैयाँ कायम भएको जानकारी दिएका छन् ।

आर्थिक वर्ष २०८२/८३ मा प्राधिकरणले विद्युत् बिक्री र अन्य आम्दानीबाट १ खर्ब ६६ अर्ब आम्दानी गरेको छ । विद्युत् बिक्रीबाट मात्र प्राप्त आय अघिल्लो आवको तुलनामा १८.२० प्रतिशतले वृद्धि भई १ खर्ब ४८ अर्ब ६२ करोड रुपैयाँ भएको छ । प्राधिकरणले समग्र कार्यसम्पादनमा गरेको सुधार, विद्युत् चुहावटको न्यूनीकरण, विद्युत् निर्यातमा भएको वृद्धि समेतका कारण कुल नाफा गत वर्षको तुलनामा १३.१६ प्रतिशतले वृद्धि भई ३१ अर्ब २३ करोड भएको छ भने कुल सञ्चालन मुनाफा गत वर्षको तुलनामा ७.२५ प्रतिशतले वृद्धि भई २४ अर्ब ५१ करोड भएको छ ।

यद्यपि विदेशी विनिमय दर वृद्धिका कारण संस्थाले बेहोर्नुपर्ने दायित्व गत आवको तुलनामा २७२.८६ प्रतिशतले वृद्धि भई ११ अर्ब ५१ करोड पुगेको र ह्रासकट्टी तथा ब्याज खर्चमा भएको वृद्धि, इम्पेयरमेन्ट नोक्सानी (खर्च) का लागि गरिएको व्यवस्थासमेतका कारण गत आवको तुलनामा खुद नाफामा केही कमी भई आर्थिक वर्ष २०८२/८३ मा प्राधिकरणको करअघिको नाफा ५ अर्ब ४ करोड हुन रुपैयाँ गएको छ ।

प्राधिकरणले विद्युत् चुहावट १२.१६ प्रतिशत कायम भएको जनाएको छ । गत वर्ष चुहावट १२.२६ प्रतिशत थियो । प्राधिकरणको ग्राहकमा घरायसी ग्राहकको हिस्सा ९०.६४, औद्योगिकको १.२० तथा अन्य ग्राहकको हिस्सा ८.१६ प्रतिशत रहेको छ । गत वर्ष विद्युत् बिक्री र अन्य आम्दानीबाट १ खर्ब ६६ अर्ब रुपैयाँ आम्दानी गरेको निर्देशक श्रेष्ठले बताए । उनले विद्युत् आपूर्तिको गुणस्तर सुधार गरी विद्युत्को पहुँच पुग्न बाँकी क्षेत्रमा पूर्ण विद्युतीकरणसाथै अन्य क्षेत्रमा वितरण सञ्जालको सुदृढीकरण, आधुनिकीकरण तथा स्वचालनलाई प्राथमिकता दिइने जानकारी दिए ।

**आर्थिक वर्ष २०८२/८३ मा विद्युत् बिक्री र अन्य आम्दानीबाट प्राधिकरणलाई १ खर्ब ६६ अर्ब आम्दानी भए पनि विनिमय दर, ब्याज खर्चलगायतका कारणले खुद नाफामा कमी**

कार्यक्रममा प्राधिकरण सञ्चालक समिति अध्यक्ष एवं ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले गार्हस्थ्य उपभोक्तालाई सहुलियत दरमा भरपर्दो विद्युत् उपलब्ध गराउनेसँगै उत्पादनमूलक उद्योगलाई स्थिर दरमा विद्युत् उपलब्ध गराउन प्रयासरत रहेको बताएका छन् । जबकि सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत बिजुलीमा ५ प्रतिशत र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाएको छ ।

'उत्पादनमूलक उद्योगको विद्युत् लागत न्यूनीकरण गरी राष्ट्रिय उत्पादन वृद्धि गर्न योगदान पुर्‍याउने उद्देश्यले स्थिर विद्युत् दर लागू गर्ने दिशामा सरकार प्रयासरत छ,' मन्त्री श्रेष्ठले भने । वर्षायाममा उत्पादन बढी हुँदा खेर जाने विद्युत्को अधिकतम उपयोग गर्ने उद्देश्यले मौसमी विद्युत् दर लागू गर्ने तयारीसमेत अघि बढाइएको उनले बताए ।

मौसमी दरमार्फत वर्षायाममा उपलब्ध हुने अतिरिक्त विद्युत्को उपयोग बढाई उद्योग तथा अन्य उत्पादनमूलक क्षेत्रमा विद्युत् खपत विस्तार गर्ने सरकारको लक्ष्य रहेको छ । 'आजको दिनमा हाम्रो आन्तरिक मागभन्दा बढी विद्युत् उत्पादन भइसकेको छ । हामीसँग विद्युत् खपत बढाउनुका साथै निर्यात विस्तार गर्नुको विकल्प छैन,' उनले भने । सरकारले भरपर्दो र सहुलियतपूर्ण विद्युत् आपूर्तिलाई आर्थिक गतिविधि विस्तार, उत्पादन लागत न्यूनीकरण र राष्ट्रिय उत्पादन वृद्धिसँग जोडेर अघि बढाउन खोजेको छ । ऊर्जामन्त्री श्रेष्ठले प्राधिकरणका सबै कर्मचारीलाई २७ हजार रुपैयाँ वार्षिकोत्सव भत्ता दिनेसमेत घोषणा गरे ।

ऊर्जा सचिव सरिता दुवाडीले बिजुली उत्पादनमा तीव्र बिस्तार भइरहेको भन्दै बिजुली खेर जाने अवस्था अन्त्य गर्नुपर्ने बताइन् । 'अहिले जलविद्युत्सँगै सौर्य आयोजना पनि बढ्दै छ । त्यसकारण प्रसारणलाइन र वितरणलाई त्यसरी नै अघि बढाउनुपर्छ । उत्पादन खेर जाने अवस्था अन्त्य गर्नुपर्छ,' उनले भनिन् । भारत र बंगलादेशसँग विद्युत् व्यापार निरन्तर बढिरहेकाले अन्तरदेशीय प्रसारणलाइन सुदृढीकरणमा जोड दिनुपर्ने उनले बताइन् ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल इप्पानका अध्यक्ष मोहन डाँगीले निजी क्षेत्रलाई प्रसारणलाइन र व्यापार अनुमतिपत्र दिन ढिलाइ गर्न नहुने बताए । 'आयोजना क्षेत्रबाट प्राधिकरणको प्रसारणलाइनसम्म विभिन्न क्षमताका प्रसारणलाइन बनाइसकेका छौं,' उनले भने, 'त्यसैले अब निजी क्षेत्रलाई प्रसारणलाइनमा खुला गर्नुपर्छ । हामीले त्यसलाई प्रमाणित गरिसक्यौं ।' निजी क्षेत्रको प्राविधिक र आर्थिक क्षमता वृद्धि भएको भन्दै वार्षिक ४/५ सय मेगावाट विद्युत् उत्पादन गर्न सकेमा सरकारको लक्ष्य हासिल गर्न सम्भव रहेको उनको जिकिर छ । 'क्यू ४० को डिजाइनलाई क्यू २० मा गर्नुपर्छ । यसो गरे ८० प्रतिशतभन्दा बढी क्षमता बढ्नेछ,' उनले भने । १६ हजारको मात्रै ५० हजारभन्दा बढी क्षमता पुग्ने उनले बताए । कम क्षमतामा उत्पादन गर्ने कम पीपीए गर्नेमा लागिपरेको उनले बताए । विद्युत् उत्पादन बढाएर खाना पकाउने ग्यासको विस्थापन गर्न सकिने उनको भनाइ थियो ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले आफ्नो समूहले ५० मेगावाट बिजुली खपत गरिरहेको भन्दै सरकारले सहजीकरण गरे विद्युत् क्षेत्रमा समेत लगानी गर्न सकिने बताए । 'उद्योगबाट पनि बिजुली लाभ लिन्छौं । ५० मेगावाट जति बिजुली खपत गर्छौं । मलाई भोलिका दिनमा लगानी गर्न प्रेरणा मिल्छ कि,' उनले भने । १० वर्षसम्म डेडिकेटेड ट्रंकलाइनको बक्यौता विवाद समाधान नभएको भन्दै त्यसलाई समाधान गरिदिन उनले आग्रह गरे । 'एउटै समस्या १० वर्षसम्म समाधान हुँदैन । मुलुकको इफिसेन्सी खोइ ? यसलाई समयमा समाधान गरिदिनुपर्‍यो,' उनले भने, 'त्यसकै कारण निजी क्षेत्रलाई नकारात्मक हिसाबले हेर्ने गरिएको छ । मन्त्रीज्यूलाई आग्रह छ, सही ढंगले समाधान निकाल्नुहोला ।'

विगतमा छुट भएको पानी उद्योगलाई बिल पठाउन थालिएको भन्दै भूतप्रभावी काम नगर्नसमेत उनले आग्रह गरे । 'निजी क्षेत्र र सरकार मिलेर ऊर्जा क्षेत्रलाई अघि बढाउन जरुरी छ, अहिलेको अवसर भोलिका दिनमा नरहन सक्छ ।' बाँकी पृष्ठ ८

**राष्ट्रिय परिचय पत्र (NID) सहित ग्राहक पहिचान विवरण (KYC) अद्यावधिक गर्ने सम्बन्धी जरुरी सूचना**

यस बैंकमा खाता खोली कारोबार गरिरहनु भएका ग्राहक महानुभावहरुले आफ्नो राष्ट्रिय परिचय पत्र नम्बर/विवरण/स्वघोषणा अद्यावधिक गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं । यसका लागि बैंकको website (https://adbl.gov.np) वा बैंकको ADBL Mobile Banking सेवा मार्फत् राष्ट्रिय परिचय पत्र अद्यावधिक गर्न सकिने वा ग्राहक महानुभावहरुले बैंकको नजिकै रहेको शाखा कार्यालयहरुमा सम्पर्क राखी NID सहित ग्राहक पहिचान विवरण (KYC) समेत अद्यावधिक गर्न सकिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

**कृषि विकास बैंक लिमिटेड**
मुख्य कार्यालय, काठमाडौं ।

**Invitation for Quotation**
**(Published date 18 August, 2026)**

BNMT Nepal invites sealed quotations from interested and competent suppliers/firms for the supply and delivery of medical equipment and emergency drugs for **"Trauma Hub Project in Nepal"** project.

The list of required medical equipment and emergency drugs can be obtained from the BNMT Nepal Head Office, Lazimpat, Kathmandu (Tel: 4536434) during office hours.

Eligibility Criteria
- The supplier/firm must have been registered for at least 2 years and work experience with at least 3 organizations in Nepal during the last 3 years.

**Documents Required:**
Interested companies/firms must submit copies of the following documents:
- Company/firm registration certificate, PAN/VAT and recent year Tax Clearance certificate.
- List of medical equipment and emergency drugs received from BNMT Nepal.

**Submission Deadline:**
Sealed quotations must be submitted by the close of office hours on **24 August 2026**.

**Address for Quotation Submission:**
**Admin Department, BNMT Nepal, Head Office, Lazimpat, Kathmandu, Nepal**
**Tel. No. 4536434/4528240**

# टेलिकम बिलिङ प्रणालीमा नयाँ टेन्डर आह्वान हुने

## नियमित प्रक्रिया र सामान्य अध्ययन भन्दै प्रधानमन्त्री कार्यालयको चासो, अध्ययन रिपोर्ट आउनै बाँकी

**सजना बराल** (काठमाडौं)




सरकारी स्वामित्वको दूरसञ्चार सेवा प्रदायक नेपाल टेलिकमको बिलिङ प्रणालीमा नयाँ टेन्डर आह्वान गरिने भएको छ । पटक-पटक म्याद थप गर्दै चलाइएको यो प्रणालीको सम्झौता अवधि अब सन् २०२७ सम्म छ । यसअघिका टेन्डर प्रक्रिया विभिन्न कारणले स्थगित र रद्द भएपछि कम्पनी नयाँ खरिद प्रक्रियाको गृहकार्यमा जुटेको हो । खरिद प्रक्रिया र प्राविधिक जटिलतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले चासो देखाएको थियो ।

प्रधानमन्त्री कार्यालयले अध्ययन गरी प्रक्रिया नरोकेपछि टेलिकमले ठेक्काको कागजात तयार पार्न थालेको छ । खरिद प्रक्रियालाई छिटोछरितो बनाउन टेलिकम सञ्चालक समिति (बोर्ड) ले यस पटक टेन्डरसम्बन्धी सम्पूर्ण अधिकार प्रबन्ध निर्देशक (एमडी) लाई सुम्पिएको छ । नयाँ टेन्डरका लागि तीव्र रूपमा गृहकार्य भइरहेको नेपाल टेलिकमका सहायक प्रवक्ता प्रच्छेत थापाले बताए । 'हाम्रो टिमले आवश्यक कामहरू तीव्र रूपमा गरिरहेको छ, यो निकै जटिल र संवेदनशील प्रक्रिया भएकाले केही समय लागेको हो, काम पूरा भएपछि हामी सार्वजनिक रूपमै जानकारी गराउनेछौं,' उनले भने, 'कम्पनीको यो गम्भीर र संवेदनशील विषयमा प्रधानमन्त्री कार्यालयले देखाएको चासोलाई हामीले सकारात्मक र सहयोगी रूपमा लिएका छौं ।'

१३ जेठमा कार्यालयको सूचना प्रविधि शाखाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई बोधार्थ गरी नेपाल टेलिकमलाई बिलिङ सिस्टम, जीआईएस प्रणाली र फोरजी/एलटीईसम्बन्धी सम्पूर्ण कागजपत्र, खरिदसम्बन्धी अभिलेख, प्रणालीका डिजाइन आर्किटेक्टलगायत विवरण पठाइदिन पत्र लेखेको थियो । 'हाम्रो सूचना प्रविधि अध्ययन कार्यदलले बिलिङ प्रणालीको सम्बन्धमा अध्ययन गरिरहेको छ,' प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता हेमराज अर्यालले भने, 'अध्ययन गरिरहेको भए पनि ठ्याक्कै के-के काम गर्‍यो भन्ने रिपोर्ट आइसकेको छैन । रिपोर्ट आइसकेपछि यसको विस्तृत विवरण भन्न सकिन्छ ।'

अध्ययन गर्नुको कारणबारे सोध्दा प्रवक्ता अर्यालले यसलाई नियमित प्रक्रिया र 'सामान्य अध्ययन मात्र गर्न खोजिएको' भन्ने प्रतिक्रिया दिए । नेपाल टेलिकमले पनि प्रधानमन्त्री कार्यालयको चासोलाई सकारात्मक रूपमा लिएको औपचारिक प्रतिक्रिया दिएको छ । तर कर्मचारी भने १ सय १५ वर्षदेखि दूरसञ्चार सेवा धानिरहेको परिपक्व कम्पनीलाई बाहिरबाट 'तिमी यसो गर, उसो नगर' भन्दै हस्तक्षेप गर्नु केटाकेटीपना भएको बताउँछन् ।

प्रधानमन्त्री कार्यालयका प्रवक्ता अर्यालले भने यो चासो नियमित अध्ययनको पाटो भएको उल्लेख गरे । उनका अनुसार कार्यदलले सूचना प्रविधि प्रणालीहरूको समग्र अवस्था बुझ्न खोजेको हो । 'यो कार्यदल पहिलेदेखि नै विभिन्न विषयको अध्ययन गर्ने गरी बनिरहेको हो, यसमार्फत उहाँहरूले अध्ययन गर्दै हुनुहुन्छ । यता अध्ययन भइरहे पनि यसले नेपाल टेलिकमका अरू नियमित प्रक्रिया रोकिन्छन् जस्तो लाग्दैन,' अर्यालले भने ।

नेपाल टेलिकममा हाल सन् २०११ मा चिनियाँ कम्पनी एसिया इन्फो-लिंकेज टेक्नोलोजिजले जडान गरेको 'कन्भरजेन्ट रियल टाइम बिलिङ सिस्टम एन्ड सीएस सिस्टम' सञ्चालनमा छ । पटक-पटक म्याद थप गर्दै चलाइएको यो प्रणालीको सम्झौता अवधि अब सन् २०२७ मा सकिँदै छ । नयाँ प्रणाली खरिद र 'डेटा माइग्रेसन' जस्ता प्राविधिक काम सम्पन्न गर्न कम्तीमा २४ महिना लाग्ने भएकाले समयमै नयाँ टेन्डर नभए सेवा नै ठप्प हुन सक्ने जोखिम छ । पुरानो प्रविधि भएकाले बेलाबेलामा टेलिकमको सेवा अवरुद्ध हुने र ग्राहकले सास्ती पाउने गरेका छन् । नियामक दूरसञ्चार प्राधिकरणले सेवा अवरुद्ध भएको गुनासोपछि अनुगमन र सुधारका लागि निर्देशन दिँदै आएको जनाएको छ ।

प्रधानमन्त्री कार्यालयको चाहनाबमोजिम सञ्चार मन्त्रालयले बिलिङ प्रणालीको सफ्टवेयर र हार्डवेयर अलग-अलग टुक्रा पारेर ठेक्का लगाउने वा स्वदेशी कम्पनीमार्फत काम गराउने विकल्पमा जोड दिएको टेलिकमका अधिकारीहरू बताउँछन् । अनलाइन चार्जिङ सिस्टम (ओसीएस) र हार्डवेयरको ठेक्का नेपाल टेलिकमले अघि बढाउने र बिजनेस सपोर्ट सिस्टम (बीएसएस) भने प्रधानमन्त्री कार्यालयले आफ्नै तरिकाले व्यवस्थापन गर्न खोजेको उनीहरूको भनाइ छ । स्वदेशी सफ्टवेयर कम्पनीलाई नै बीएसएस बनाउन दिनेबारे चर्चा भएपछि टेलिकम व्यवस्थापन र कर्मचारी युनियनहरूले विरोध गरेका छन् ।

नेपाल टेलिकम वर्कर्स युनियनको ३५ औं वार्षिकोत्सवको ६ साउनमा आयोजित कार्यक्रममा कर्मचारीहरूले यो प्रणाली कुनै डिमार्टमेन्ट स्टोरको जस्तो साधारण बिलिङ नभई करोडौं ग्राहकका डेटा, अन्तर्राष्ट्रिय रोमिङ र सिमकार्डको लाइभ प्रोफाइल जोडिने राष्ट्रिय सुरक्षासँग जोडिएको विषय भएकाले संवेदनशील भएर निर्णय लिइनुपर्ने बताएका थिए । 'यसमा इन्टरनेसनल रोमिङ, लोकेसन र विभिन्न प्राविधिक, आर्थिक तथा सामाजिक पक्षहरू जोडिने हुनाले यसलाई सजिलो ढंगले लिनु हुँदैन,' वर्कर्स युनियनका महासचिव लोकेन्द्र पनेरूले भनेका थिए, 'बिलिङ प्रणालीमा प्रधानमन्त्रीदेखि सामान्य नागरिकसम्मका प्रोफाइल, सिमकार्ड र लाइभ डेटा हुन्छन् ।'

बिलिङ प्रणाली खरिद प्रक्रियामा बाह्य हस्तक्षेप र अनियमितताको उजुरी परेपछि तत्कालीन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले २०८२ कात्तिकमा पूर्वसचिव मणिराम गेलालको नेतृत्वमा छानबिन समिति गठन गर्‍यो । समितिले खरिद मूल्यदेखि निश्चित बोलपत्रदातालाई मात्र अनुकूल हुने गरी मापदण्ड राखिएको, बजार मूल्य र नवीन प्रविधि अनुकूल नहुने गरी पुरानै ढाँचामा खरिद प्रक्रिया अघि बढाउँदा कम्पनीलाई अनावश्यक आर्थिक व्ययभार पर्न सक्ने जोखिम औंल्याइएको छ ।

बिलिङ प्रणालीकै मर्मतको ठेक्कामा भ्रष्टाचार गरेको भन्दै २०८२ जेठमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन प्रबन्ध निर्देशक सुनील पौडेल, तत्कालीन व्यवसाय अधिकृत संगीता पहाडी अर्याललगायत विरुद्ध मुद्दा दायर गरेको थियो । हाल सफाइ पाएर संगीता पुनः टेलिकम नेतृत्वमा फर्किएकी छन् ।

सेवाको निरन्तरता र गुणस्तरमा प्राधिकरण निकै गम्भीर रहेको प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालको भनाइ छ । 'सेवा अवरुद्ध हुँदा प्राधिकरणले टोली खटाएर फिल्डमै अनुगमन गरेको थियो र वैकल्पिक प्रणाली चुस्त राख्न तथा आवश्यक सुधारका लागि निर्देशन दिएको थियो,' उनले भने, 'हाम्रो मुख्य चासो भनेको अनुमतिपत्रका सर्त र कानुनबमोजिम सेवाको गुणस्तर कायम गराउनु हो ।'

पुरानो प्रणालीका कारण तत्काल ठूलो वित्तीय भार नदेखिए पनि नयाँ प्रविधिको विकास र फाइभ-जी विस्तारका लागि नयाँ बिलिङ प्रणाली अपरिहार्य भइसकेको टेलिकमका सहायक प्रवक्ता थापाले जनाए । समयमै प्रणाली अपग्रेड नगरिए भविष्यमा प्रणालीको कार्यक्षमतामा गम्भीर असर पर्न सक्ने उनको चिन्ता छ ।

'नयाँ प्रणाली खरिद गर्न हामीले विगतमा पनि टेन्डर आह्वान गरेका थियौं । तर विभिन्न प्राविधिक र कानुनी अड्चनका कारण प्रक्रिया अघि बढ्न नसक्दा पुरानै प्रणाली अपडेट गर्दै नेटवर्क चुस्त राख्नु हाम्रो बाध्यता बन्यो,' थापाले भने, 'हामीले यसलाई समयमै अपग्रेड गरेनौं भने भविष्यमा प्रणालीको कार्यक्षमता र कार्यकुशलतामा गम्भीर असर पर्न सक्छ । हामीले ग्राहकलाई राम्रो इफिसिएन्सी दिन नसक्ने अवस्था आउन सक्छ ।'

## अर्थ संक्षेप

### नाडा अटो शो ९-१४ भदौसम्म




काठमाडौं (कास)- अटोमोबाइल तथा मोबिलिटी क्षेत्रको प्रमुख प्रदर्शनी नाडा अटो शो २०२६ राजधानीको भृकुटीमण्डप प्रदर्शनीस्थलमा ९-१६ भदौसम्म हुने भएको छ । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले आयोजना गर्ने प्रदर्शनीको टाइटल स्पोन्सर एचपी लुब्रिकेन्ट्स रहेको छ । नाडाको ५० औं वार्षिकोत्सवका अवसरमा यस वर्षको अटो शोको १८ औं संस्करणलाई 'स्वर्ण उत्सव संस्करण' मा आयोजना गर्न लागिएको हो । आयोजकका अनुसार प्रदर्शनीमा अटोमोबाइल तथा मोबिलिटी क्षेत्रका नयाँ सवारीसाधन, प्रविधि, उत्पादन तथा सेवाबारे उपभोक्ता र व्यवसायीले प्रत्यक्ष जानकारी र अनुभव लिन सक्नेछन् ।

करिब तीन लाख वर्गफिट क्षेत्रफलमा हुने प्रदर्शनीमा २ सयभन्दा बढी स्टल रहनेछन् । तीमध्ये २३ ब्रान्डका प्यासेन्जर कार तथा भेहिकल, १७ ब्रान्डका लाइट कमर्सियल भेहिकल, १३ ब्रान्डका दुईपांग्रे सवारीसाधन, १० वित्तीय तथा बिमा सेवा प्रदायक कम्पनी र करिब ७० वटा अटोमोबाइल पार्टपुर्जा, एक्सेसरिज, टायर, लुब्रिकेन्ट्स, ग्यारेज उपकरणलगायतका स्टल रहने आयोजकले जनाएको छ । आयोजकले 'मेड इन नेपाल/मेड फर नेपाल' पेभेलियनमार्फत स्वदेशमै उत्पादित तथा नेपाली बजारलक्षित उत्पादनलाई प्राथमिकता दिने जनाएको छ ।

यस वर्षको प्रदर्शनीको मुख्य आकर्षणमा जी-१ ह्युमानोइड रोबोट र गो२ क्वाड्रुपेड रोबोट रहनेछन् । भविष्यमा यातायात तथा मोबिलिटी क्षेत्रमा प्रयोग हुन सक्ने प्रविधिबारे आगन्तुकलाई प्रत्यक्ष अनुभव गराउने उद्देश्यले यी प्रविधि प्रदर्शन गर्न लागिएको हो । प्रदर्शनीका लागि दुईपांग्रे, चारपांग्रे, वित्तीय संस्था तथा अटोमोबाइल कम्पोनेन्ट र ग्यारेज उपकरणका लागि छुट्टाछुट्टै जोनको व्यवस्था गरिनेछ । आगन्तुकको सहजताका लागि टिकट अग्रिम बुकिङको व्यवस्था गरिएको छ । खल्ती एपमार्फत टिकट खरिद गर्दा निश्चित अवधिका लागि ५० प्रतिशत क्यासब्याक व्यवस्था गरिएको आयोजकले जनाएको छ । नाडाका अनुसार प्रदर्शनीमा करिब २ लाख आगन्तुक आउने अपेक्षा छ ।

### महालक्ष्मी विकास बैंकका ग्राहकलाई विशेष छुट

काठमाडौं (कास)- महालक्ष्मी विकास बैंकले आफ्ना ग्राहकलाई विभिन्न संस्थाका सेवा तथा वस्तुमा विशेष छुट उपलब्ध गराउने भएको छ । बैंकले स्वास्थ्य, होटल तथा रेस्टुरेन्ट क्षेत्रका संस्थासँग सम्झौता गरी आफ्ना ग्राहकलाई थप सुविधा दिने व्यवस्था गरेको हो । सम्झौतापछि बैंकका डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकले सम्बन्धित संस्थाका विभिन्न सेवा तथा वस्तुमा विशेष छुट पाउनेछन् ।

बैंकका अनुसार चितवनको कुरिनटारस्थित मनकामना हिलक्रेस्ट होटलमा आवास तथा रेस्टुरेन्ट सेवामा १२.५ प्रतिशतसम्म, काठमाडौंको ठमेलस्थित अलोफ्टमा खाना तथा पेय पदार्थमा १५ प्रतिशतसम्म र लाजिम्पाटस्थित एलोहात्तीमा उपहार सामग्री बिक्री सेवामा १० प्रतिशतसम्म छुट पाइनेछ । बुद्धनगरस्थित अल्फा केयर डायग्नोस्टिक सेन्टरमा स्वास्थ्य परीक्षण तथा प्रयोगशाला सेवा र कलंकीस्थित दृष्टि आई केयरमा नाक-कान-घाँटी तथा आँखा उपचार तथा प्रयोगशाला सेवामा २० प्रतिशतसम्म




छुटको व्यवस्था गरिएको छ । दरबारमार्गस्थित ओरियन्ट क्याफेमा खाना तथा पेय पदार्थमा १५ प्रतिशतसम्म र मकवानपुरको हेटौंडास्थित होटल स्मारकमा आवास तथा खाना-पेय पदार्थमा १५ प्रतिशतसम्म छुट उपलब्ध हुने बैंकले जनाएको छ ।

महालक्ष्मी विकास बैंकले काठमाडौंको ज्ञानेश्वरमा कफी लाउन्जसहितको डिजिटल हबसमेत सञ्चालनमा ल्याएको छ ।

### इम्बार्क कलेजद्वारा निर्मित सार्वजनिक पार्क सञ्चालनमा



काठमाडौं (कास)- इम्बार्क कलेजको पहलमा ललितपुर पुल्चोकस्थित कलेज परिसर अगाडि निर्माण गरिएको सार्वजनिक पार्कको उद्घाटन भएको छ । ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले आइतबार पार्कको औपचारिक उद्घाटन गरेका हुन् ।

सहरको महत्त्वपूर्ण स्थानलाई सुन्दर बनाउँदै हरियाली र पानीको फोहरामार्फत शान्त वातावरण सिर्जना गर्ने उद्देश्यले पार्क निर्माण गरिएको कलेजले जनाएको छ । पार्कमा स्थानीय प्रजातिका फूल तथा बिरुवा रोपिएका छन् । दीर्घकालीन रूपमा सहज व्यवस्थापन र संरक्षण गर्न सकिने गरी पार्क निर्माण गरिएको कलेजले जनाएको छ । इम्बार्क कलेजका सहसंस्थापक तथा कार्यकारी निर्देशक आशिष ठाकुरले दिगोपन, हरित भविष्य र स्थानीय पूर्वाधार सुदृढीकरणप्रतिको प्रतिबद्धताअनुसार पार्क निर्माण तथा व्यवस्थापनको जिम्मेवारी लिइएको बताए । 'यो हाम्रो यस्तो पहिलो प्रयास हो तर अन्तिम होइन,' ठाकुरले भने, 'हामी ललितपुर महानगरसँग निकट सहकार्य गर्दै थप महत्त्वपूर्ण परियोजनामा काम गर्नेछौं ।'

# दुई दशकमा मध्यपहाडी राजमार्गको काम ८४ प्रतिशतमात्र

## पूर्वको पाँचथर, चिवाभन्ज्याङबाट पश्चिमको बैतडी, झुलाघाटसम्म दुई लेन कालोपत्र सडक बनाउने लक्ष्यसहित राजमार्ग निर्माणाधीन

**विमल खतिवडा** (काठमाडौं)

मध्यपहाडी राजमार्ग (पुष्पलाल) निर्माण थालेको दुई दशक बित्न लागेको छ । तर, भौतिक प्रगति भने ८४.६८ प्रतिशतमात्र पुगेको छ । ७३ अर्ब ५८ करोड रुपैयाँ खर्च भइसकेको आयोजनाको बाँकी १५.३२ प्रतिशत काम दुई वर्षभित्र सक्नुपर्नेछ । यो समयसीमामा पनि काम सकिन्छ/सकिँदैन, टुंगो छैन ।

सरकारले आर्थिक वर्ष २०६४/६५ मा मात्र मध्यपहाडका २६ जिल्लाका २ सय १५ बस्ती जोड्ने भन्दै यो आयोजना सुरु गरेको थियो । राष्ट्रिय गौरवको यस आयोजनामा तत्काल आइपर्ने समस्या विभाग, सरोकारवाला भौतिक पूर्वाधार तथा यातायात (हालको पूर्वाधार विकास) मन्त्रालयले समाधान नगरिदिँदा निर्माणले गति लिन नसकेको हो । सुरुआती दिनमा पर्याप्त बजेट विनियोजनमा आयोजनाले ठेक्का गर्न पनि सकेन ।

अहिले पनि निर्माणको कामले सोचेअनुरूप गति लिन सकेको छैन । कतिपय ठाउँमा सडक कहाँबाट बनाउने भनेर रेखांकन विवाद कायमै छ । गत आर्थिक वर्षमा स्रोत सहमति नपाउँदा सडक निर्माणको नयाँ ठेक्का हुन सकेन । गत आर्थिक वर्षमा आठ वटा पक्की पुल निर्माणका लागि स्रोत सहमति पाए पनि ५ वटाको मात्र ठेक्का व्यवस्थापन भयो । चालु आर्थिक वर्षमा ३ वटा पुलको ठेक्का हुँदै छ ।

मध्यपहाडी राजमार्ग आयोजना निर्देशनालयका निर्देशक बुद्धरत्न तुलाधर तोकिएको समयभित्र नै समग्र आयोजना सम्पन्न गर्ने गरी काम भइरहेको बताउँछन् । 'समयमै आयोजना सम्पन्न गर्न स्रोत सहमतिमा समस्या हुनुभएन, निर्माणका क्रममा कुनै समस्या नआए तोकिएको समयभित्र पूरा गर्न समस्या छैन,' उनले भने, 'गत आर्थिक वर्षमा सडक निर्माणका लागि स्रोत सहमति मागेर पठाए पनि नपाउँदा लक्ष्य हासिल गर्न समस्या भयो ।' अहिले सम्बन्धित योजना कार्यालयलाई नै स्रोत सहमति माग्ने अधिकार दिएकाले त्यहीअनुसार प्रक्रिया अघि बढाइने निर्देशक तुलाधरको भनाइ छ ।





**दुई दशकमा के-के भयो ?**

- १५९५.९६ किमि कालोपत्र सडक निर्माण
- १२० वटा पक्की पुल निर्माण
- तीन पटक समयावधि थप
- ७३ अर्ब ५८ करोड रुपैयाँ खर्च

**के-के काम बाँकी ?**

- समग्र आयोजना सम्पन्न हुन १५.३२ प्रतिशत बाँकी
- ८ पुलमा ठेक्कामा, ९ पुलको ठेक्का व्यवस्थापन हुन बाँकी
- २ सय ८३ दशमलव ४ किमि सडकको ठेक्का हुन बाँकी
- पोखरा र लमजुङमा सडक रेखांकन विवाद समाधान हुन बाँकी
- रामेछाप खण्डमा कालोपत्रको काम हुन बाँकी

राष्ट्रिय योजना आयोग हुँदै अर्थ मन्त्रालयबाट स्रोत सहमति नदिँदासम्म नयाँ ठेक्का निकाल्न मिल्दैन । 'तोकिएको समयभित्र काम सक्ने योजनासहित गत आर्थिक वर्षमै तीनवर्षीय खरिद गुरुयोजना विभागमा पेस गरिसकेका छौं,' उनले भने, 'अब केही पुल र सडक निर्माणको काम मात्र बाँकी छ ।' यो आयोजनाबाट १ करोड जनता लाभान्वित हुने अनुमान छ । पूर्वको पाँचथर, चिवाभन्ज्याङबाट पश्चिमको बैतडी, झुलाघाटसम्म दुई लेन कालोपत्र सडक बनाउने लक्ष्यअनुसार राजमार्ग निर्माणको काम थालिएको हो । समग्रमा १ हजार ८ सय ७९ किमि सडक र १ सय ३७ वटा पुल निर्माण गर्ने लक्ष्य छ । अहिलेसम्म राजमार्गअन्तर्गत १ हजार १ सय १३ दशमलव ९६ किमि र ४ सय ६२ किमि अन्य आयोजनाअन्तर्गत कालोपत्र सडक निर्माण भइसकेको छ । अझै २ सय ८३ दशमलव ४ किमि सडकको ठेक्का हुनै बाँकी छ ।

गत आर्थिक वर्षमा ४४ किमि सडक कालोपत्र गर्न स्रोत सहमति मागे पनि नपाउँदा ठेक्का प्रक्रिया अगाडि बढेन । चालु वर्षमा ६५ किमि सडक स्तरोन्नति र ५ पुलको निर्माण सम्पन्न गर्न भन्दै २ अर्ब १६ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । यस्तै १ सय ३७ मध्ये १ सय २० पुलको निर्माण सकिइसकेको छ । ५ वटाको ठेक्का भएको र ३ वटा ठेक्का हुने प्रक्रियामा छ । बाँकी ९ वटा पुलको ठेक्काको सुरसार नै छैन । आयोजनाको सुरु लागत अनुमान ३३ अर्ब ३६ करोड रुपैयाँ हो । संशोधित लागत अनुमान ८४ अर्ब ३३ करोड रुपैयाँ पुगेको छ । आयोजना २०६४/६५ मा सुरु भएर २०७४ सम्म सक्ने लक्ष्य थियो । उक्त अवधिमा काम नसकिएपछि समय संशोधन गरेर २०७९/८० सम्म पुर्‍याइए पनि काम नसकिएकाले २०८४/८५ सम्म पुर्‍याइएको हो ।

तोकिएकै समयमा काम सक्ने गरी योजना अघि बढाइएको सडक विभागका महानिर्देशक विजय जैसीले बताए । 'यो राजमार्गअन्तर्गत पोखरा खण्डमा ठेक्का भएर पनि कताबाट सडक बनाउने भनेर रेखांकन विवाद छ, लमजुङको भोर्लेटार, सुन्दरबजारमा पनि त्यही विवाद कायमै रहेकाले समय तालिकाअनुसार काम अघि बढ्न सकेको छैन,' उनले भने, 'रामेछाप खण्डमा कालोपत्रको काम हुन बाँकी छ, गत आर्थिक वर्षमा सडकका लागि बहुवर्षीय स्रोत सहमति नपाउँदा सडकतर्फ नयाँ ठेक्का हुन सकेन ।'

चालु वर्षमा यसलाई बहुवर्षीय योजनामा राख्ने र विवाद भएको खण्डमा समाधान गरेर निर्माणको काम अघि बढाइने उनको दाबी छ । 'पाँचथर खण्डमा एउटा प्याकेजमा कामै नभएपछि ठेक्का तोड्ने तयारी छ,' उनले भने, 'यही राजमार्गअन्तर्गत जाजरकोट-रुकुमपूर्व खण्ड जोड्ने भेरी नदीमा पुलको ठेक्का व्यवस्थापन हुन सकेको छैन ।' जाजरकोट-रुकुमपूर्व खण्डमा ठेक्का भएर काम र कालोपत्र नभएको ठाउँमा काम गराइहाल्ने महानिर्देशक जैसीले बताए ।

**रामहिटी शाखा कार्यालय सञ्चालनमा रहने सम्बन्धी सूचना**

यस कुमारी बैंक लिमिटेडले मिति २०८३/०२/०६ गते कान्तिपुर राष्ट्रिय दैनिकमा शाखा समायोजन/एकीकरण सम्बन्धमा प्रकाशित सूचना बमोजिम रामहिटी शाखा मिति २०८३/०५/०२ गते बाट बौद्ध शाखामा समायोजन भई बन्द हुने भनि प्रकाशित भएता पनि रामहिटी शाखा बन्द नभई हालकै सञ्चालनमा रहेको परिसरबाट निरन्तर रुपमा बैंकिङ सेवा सञ्चालनमा रहने कुरा समस्त ग्राहक महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
Kumari Bank Limited, General Administration Department, Tangal, Kathmandu, Nepal
P.O. Box: 21128, Phone No.:977-1-4543079, 4543076
Email: gad@kumaribank.com, URL: www.kumaribank.com, SWIFT: KMBLNPKA

### निजी क्षेत्रको विश्वास बढाउन...

काठमाडौंस्थित निजी इक्विटी तथा भेन्चर क्यापिटल कम्पनी आध्यन्त फन्ड म्यानेजमेन्टका संस्थापक तथा अध्यक्ष मनोज पौडेलले निजी क्षेत्र दशकौंदेखि आन्दोलनको निसाना बन्दै आएको बताए । तर सरकारले व्यवसायको संरक्षण गरेको वा यस्ता घटना फेरि दोहोरिन नदिने विश्वास दिलाएको एउटै उदाहरण नरहेको उनको भनाइ छ । 'दोषीमाथि कारबाही कहाँ छ ?' उनले थपे, 'यसको एउटै रेकर्ड छैन ।'

रणनीति सार्वजनिक हुनु राम्रो भए पनि यसको प्रभावकारिता कार्यान्वयनमा निर्भर रहने अध्यक्ष पौडेलको तर्क छ । 'व्यवसायमा तोडफोड भयो भने राज्यले त्यसविरुद्ध कडा कारबाही गर्छ भन्ने सुरक्षाको अनुभूति निजी क्षेत्रलाई चाहिएको छ,' उनले भने ।

सरकारले तयार गरेको दस्ताबेजमा औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानका भौतिक सम्पत्ति र व्यवसायलक्षित आक्रमण, तोडफोड तथा आगजनीविरुद्ध शून्य सहनशीलताको नीति अपनाउने कुरा समेटिएको छ । रणनीतिले औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानलाई उनीहरूले सामना गर्ने सुरक्षा जोखिमका आधारमा वर्गीकरण गरी सोहीअनुसार सुरक्षा उपलब्ध गराउने व्यवस्था गरेको छ । उद्योग, व्यवसाय तथा निजी सम्पत्तिमा हुन सक्ने क्षतिको जोखिमका आधारमा द्रुत प्रतिक्रिया टोली परिचालन गर्ने व्यवस्था छ ।

उद्योग तथा व्यवसायको सुरक्षा आवश्यकता सम्बोधन गर्न नजिकको सुरक्षा इकाईमा सुरक्षा सम्पर्क व्यक्ति तोक्ने व्यवस्था पनि गरिएको छ ।

लामो समयदेखि नवीकरण नभएका उद्योग, व्यवसाय, फर्म तथा कम्पनीले आफ्नो अभिलेख अद्यावधिक गर्ने, दर्ता नवीकरण गर्ने, आवश्यक विवरण बुझाउने वा निश्चित अवधिभित्र दर्ता खारेज गर्ने अवस्थामा प्रचलित कानुन तथा वार्षिक बजेट र कार्यक्रमले अनुमति दिएसम्म लाग्ने शुल्क, जरिवाना तथा दस्तुर मिनाहा गर्ने व्यवस्था पनि रणनीतिमा प्रस्ताव गरिएको छ ।

सरकारले वातावरणीय नियम तथा अन्य प्रचलित कानुन संशोधन गरी आन्दोलन वा अन्य गतिविधिका क्रममा क्षति भएका निजी स्वामित्वका औद्योगिक तथा व्यावसायिक संरचनालाई नयाँ स्थानमा स्थानान्तरण गर्न सकिने योजना पनि बनाएको छ । त्यसका लागि प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) मात्र आवश्यक पर्ने व्यवस्था गरिनेछ ।

निजी क्षेत्रलाई थप विश्वासका साथ लगानी गर्न प्रोत्साहित गर्ने र विश्वासको वातावरण कायम राख्ने उद्देश्यले निजी लगानी संरक्षण तथा प्रवर्धन रणनीति ल्याइएको सरकारको भनाइ छ । यसबाट आर्थिक विकासलाई गति दिने, लगानी आकर्षित र रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ ।

रणनीतिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सरकार र निजी क्षेत्रका प्रतिनिधि सम्मिलित समन्वय तथा सहजीकरण समिति गठन गरिने बताइएको छ । रणनीति कार्यान्वयनको अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गर्नेछन् ।

### डलर महँगिँदा विद्युत्...

विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले बजारको जोखिम कहिलेसम्म प्राधिकरणले लिने ? भन्दै प्रश्न गरे । 'लाइसेन्स दिन्छौं, पीपीए गर्छौं, फेरि केही कारण देखाउँदै रोक्छौं,' यस्तो किन हुन्छ भन्ने उनले आक्रोश पोखे ।

आगामी दिनमा बजारको जोखिम साझा गर्दै अघि बढ्नुपर्ने धितालले बताउँदै केही दिनभित्र प्राधिकरणसँग छलफल गरेर ह्विलिङ चार्ज ल्याइने जनाए । उनले ६ देखि ८ हजार गिगावाट बिजुली बिक्री गर्न सकिने जनाउँदै उद्योगीहरूलाई पनि बिजुली खपतको योजना बनाउन आग्रह गरे ।

# खानतलासीमा फेरि चुक्यो मोरङ प्रहरी

## कारागारमा खानतलासी गरिएलगत्तै कैदीबन्दी आन्दोलनमा उत्रिए, छतमा चढेर नाराबाजी गरे

▮ **पर्वत पोर्तेल** (विराटनगर)



**विराटनगर-८ हाटखोलास्थित जिल्ला कारागारमा सोमबार प्रदर्शन गर्दै कैदीबन्दी ।** तस्बिर : कान्तिपुर

मोरङ प्रहरी 'सर्च अपरेसन' मा दुई महिनामा तीनचोटि चुकेको छ । विशेष सूचना आएको भन्दै तलासी गरे पनि केही फेला नपरेपछि प्रहरीको सूचना संयन्त्र र कार्यशैलीलाई लिएर प्रश्न उठिरहेको छ ।

प्रहरीले पछिल्लो पटक सोमबार बिहान विराटनगर-८ हाटखोलास्थित जिल्ला कारागारको 'बी ब्लक' मा लागूऔषधलगायत अवैध वस्तु लुकाएर राखिएको विशेष सूचना आएको भन्दै खानतलासी गर्‍यो । ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेर तलासी गर्दा कुनै अवैध वस्तु फेला पर्न सकेन । त्यसपछि प्रहरीले यसलाई कारागारको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर गरिने नियमित सर्चको निरन्तरता भएको भन्दै ढाकछोप गर्न खोजेको छ ।

'सर्च' सकिएलगत्तै कारागारमा कैदीबन्दी आन्दोलनमा उत्रिए । उनीहरूले कारागारभित्र हुने आर्थिक तथा मानसिक शोषण अन्त्य गर्नुपर्नेलगायतका माग अघि सारे । कारागारको छतमा चढेर नाराबाजी गरेका कैदीबन्दीका कारण केही बन्दीलाई अन्यत्र स्थानान्तरण गर्ने प्रशासनको तयारीसमेत तत्काल स्थगित भएको छ । 'केही कैदीलाई अन्यत्र सरुवा गर्ने योजना अहिले रोकिएको छ,' जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी मकेन्द्रकुमार मिश्रले भने ।

मोरङ प्रहरीको पछिल्लो कार्यशैलीमाथि प्रश्न उठेको यो पहिलो घटना भने होइन । यसअघि पनि 'विशेष सूचना' का नाममा गरिएको अर्को ठूलो अपरेसनमा प्रहरी 'खाली हात' फर्किएको थियो । विराटनगरका प्रतिष्ठित उद्योगी प्रकाश मुन्दडाको निवासमा गत १८ साउनको बिहान करिब ४ बजे ठूलो संख्यामा प्रहरी परिचालन गरी करिब साढे पाँच घण्टा खानतलासी गरिएको थियो । सडकसमेत अवरुद्ध गरेर गरिएको उक्त अपरेसनमा नगद, आपत्तिजनक कागजात वा अन्य सामग्री केही पनि बरामद भएन ।

उक्त घटनालाई लिएर निजी क्षेत्रले प्रहरीको कार्यशैलीप्रति सार्वजनिक रूपमा असन्तुष्टि जनाएको थियो । उद्योगीहरूको एउटा प्रतिनिधिमण्डलसँग कोशीका प्रहरी प्रमुख शेखर खनालले गल्ती स्विकारेका थिए । पर्याप्त तथ्य र सूचना पुष्टिबिना गरिने यस्ता अपरेसनले व्यवसायीमाथि अनावश्यक शंका उत्पन्न गराउनुका साथै निजी क्षेत्रमा त्रास र असुरक्षाको वातावरण बनाउने उद्योगीहरूको भनाइ थियो ।

त्यसअघि ४ असारमा कोशीका मन्त्री इन्द्रमणि पराजुलीको क्वार्टरमै प्रहरीले खानतलासी गरेको थियो । उच्च पदस्थ व्यक्तिको निवासमा मध्यराति खानतलासी गरिएको भन्दै प्रहरीको सूचना संयन्त्र र अनुसन्धान प्रक्रियामाथि प्रश्न उठेको थियो ।

'विशेष सूचना' लाई आधार बनाइएको बताइए पनि प्रहरीले खोजेको भनिएको वस्तु वा प्रमाण त्यसबेला पनि फेला परेको थिएन । पछि प्रहरी प्रमुख एसपी कवित कटवालले सूचना गलत भएको र घरभित्र भने प्रवेश नै नगरेको दाबी गरेका थिए । 'शंकास्पद व्यक्ति लुकेर बसेको सूचनाका आधारमा त्यहाँ पुगेका थियौं,' उनले भने, 'तर, सूचना पुष्टि नभएपछि क्वार्टरभित्र नपसी निस्किनुपर्‍यो ।'

कानुन व्यवसायीहरू प्रहरीले शंकास्पद गतिविधिको अनुसन्धान र खानतलासी गर्न पाउने कानुनी अधिकार भए पनि त्यसका लागि सूचना र प्रमाणको विश्वसनीयता सुनिश्चित गर्नुपर्ने बताउँछन् । 'पर्याप्त पुष्टि नभएको सूचनाका आधारमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेर सार्वजनिक रूपमा खानतलासी गर्दा सम्बन्धित व्यक्ति वा संस्थाको प्रतिष्ठामा असर पर्न सक्ने देखिन्छ,' कानुन व्यवसायी नरेश खातीले भने ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का कोशी प्रमुख मनोहर पोखरेलले अपराध र अपराधी पत्ता लगाउन सहयोग पुग्ने सही सूचना समयमै प्राप्त भए सम्भावित अपराध रोकथाम गर्न, प्रमाण जुटाउन र अनुसन्धानलाई सही दिशामा अघि बढाउन मद्दत पुग्ने बताउँछन् । 'कहिलेकाहीँ सूचना सही भए पनि ढिलो प्राप्त भयो वा चुहावट भयो भने प्रमाण फुत्किने र दोषी उम्किने अवस्था आउन सक्छ,' उनले भने, 'तर, गलत वा भ्रामक सूचनाका आधारमा प्रहरीले जथाभावी खानतलासी गर्दा निष्पक्ष अनुसन्धानमा असर पर्नुका साथै जनशक्ति र समयको अनावश्यक खर्च हुन्छ ।'

# नेपालमा क्षयरोगले दैनिक ४४ को मृत्यु

▮ **अर्जुन पौडेल** (काठमाडौं)

- **क्षयरोगकै कारण १३ प्रतिशत संक्रमित गरिबीको रेखामुनि धकेलिए**
- **निःशुल्क औषधि र चिकित्सकीय सेवा मात्रै क्षयरोग प्रभावित परिवारलाई आर्थिक कठिनाइबाट जोगाउन पर्याप्त नभएको एक अध्ययनको निष्कर्ष**

कैलालीको धनगढी उपमहानगरपालिकाकी लक्ष्मी चौधरी गल्यान टीबी (ट्युबरकुलोसिस लिम्फाडेनाइटिस) को उपचारका लागि विगत एक वर्षदेखि काठमाडौंमा बस्दै आएकी छन् । ५४ वर्षीया चौधरीलाई एक वर्षसम्म औषधि उपचार गर्दा पनि रोग निको नभएपछि धनगढीस्थित सेती प्रादेशिक अस्पतालका चिकित्सकले वीर अस्पताल रिफर गरेका थिए । 'सुरुमा उहाँ हरेक महिना काठमाडौं आउनुहुन्थ्यो, पहिला-पहिला जहाजमा र पछि गाडीमा,' राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानका सहप्राध्यापक तथा वरिष्ठ छाती रोग विशेषज्ञ डा. प्रज्वल श्रेष्ठले भने, 'तर पैसा सकिँदै गएपछि उहाँ काठमाडौंमै कोठा भाडामा लिएर बस्न थाल्नुभयो । उहाँसँगै परिवारका सदस्य पनि ल्याउनुपर्ने भएकाले खर्च निकै बढ्यो ।'

नेपालमा क्षयरोगका औषधि सरकारी स्वास्थ्य संस्थामार्फत निःशुल्क उपलब्ध गराइन्छ तर हालै प्रकाशित एक अध्ययन प्रतिवेदनले क्षयरोग भएका ५१ प्रतिशत परिवारले रोग लागेकै कारण निकै ठूलो आर्थिक भार बेहोर्नुपरेको देखाएको छ । प्रतिवेदनअनुसार निःशुल्क औषधि र चिकित्सकीय परामर्श मात्रै टीबी प्रभावित परिवारलाई आर्थिक कठिनाइबाट जोगाउन पर्याप्त छैन । अक्सफोर्ड युनिभर्सिटी प्रेसद्वारा प्रकाशित हेल्थ पोलोसी एन्ड प्लानिङ जर्नलमा प्रकाशित उक्त प्रतिवेदनमा भनिएको छ, 'निःशुल्क परीक्षण र उपचार हुँदाहुँदै पनि नेपालका दुईमध्ये एक क्षयरोग प्रभावित परिवारले निकै ठूलो खर्च बेहोर्नुपर्छ ।'

त्यसैगरी औषधि प्रतिरोधी क्षयरोग संक्रमण भएका चारमध्ये तीन परिवारले झनै ठूलो खर्च बेहोर्नु परिरहेको अध्ययनले देखाएको छ । क्षयरोग एक अत्यन्तै संक्रामक रोग हो, जसले मुख्यतः फोक्सोलाई असर गर्छ । फोक्सोको टीबी भएका व्यक्तिले खोक्दा, हाच्छ्युँ गर्दा वा थुक्दा हावामा क्षयरोगका ब्याक्टेरिया फैलिन्छन् र स्वस्थ मानिसको शरीरमा प्रवेश गर्ने गर्छ । सरकारले औषधिसँगै क्षयरोगको निदानका लागि खकार परीक्षण र छातीको एक्स-रे सेवा निःशुल्क उपलब्ध गराउने गर्छ । तर सिटी स्क्यान, एमआरआई तथा अन्य प्रयोगशाला परीक्षणका लागि बिरामीले आफैंले नै खल्तीबाट खर्च गर्नुपर्छ, जुन महँगो पर्ने गर्छ ।

'केही क्षयरोगका बिरामीले सेरेब्रोस्पाइनल फ्लुइड (सीएसएफ) परीक्षण, तन्तुको बायोप्सी र प्लुरल फ्लुइड परीक्षणसमेत गराउनुपर्छ,' अध्ययनका प्रमुख अनुसन्धानकर्ता डा. श्रेष्ठले भने, 'यी र अन्य परीक्षण निःशुल्क उपचार योजनाअन्तर्गत पर्दैनन् ।'

फोक्सोबाहेक टीबीले शरीरका घाँटी, हड्डी तथा जोर्नी, मस्तिष्क, मिर्गौला, मूत्रनली, पेट, आन्द्रा, कलेजो, फियो, प्रजनन अंग, छाला, आँखालगायतका अंगमा पनि असर गर्न सक्छ । यस्तो अवस्थामा रोग पहिचानका लागि धेरै प्रकारका परीक्षण आवश्यक पर्ने श्रेष्ठले बताए । राष्ट्रिय क्षयरोग कार्यक्रमअन्तर्गत दर्ता भएका १ हजार बिरामीलाई समेटिएको अध्ययनले बिरामीले गर्ने कुल खर्चको ठूलो हिस्सा ४४ प्रतिशत उपचारबाहेक अन्य कुरामा खर्च हुने देखाएको छ । प्रत्यक्ष चिकित्सकीय खर्चमा चिकित्सकसँगको परामर्श, प्रयोगशाला परीक्षण र औषधिका लागि बिरामीले आफैं तिरेको रकम समावेश थियो । प्रत्यक्ष गैरचिकित्सकीय खर्चमा यातायात, खाना, आवास तथा पोषणयुक्त थप खाना वा पोषणजन्य सामग्रीमा भएको खर्च समावेश थियो ।

रोग र उपचारका कारण आम्दानी गुम्दा हुने अप्रत्यक्ष खर्चले कुल खर्चको थप ३९ प्रतिशत हिस्सा ओगटेको थियो । अप्रत्यक्ष खर्चमा बिरामी हुँदा तथा उपचारका लागि स्वास्थ्य संस्था धाउँदा बिरामी र हेरचाह गर्ने व्यक्तिले व्यतित गर्नुपरेको समयको आर्थिक मूल्य समावेश गरिएको थियो । अध्ययनमा सहभागीमध्ये ३६ प्रतिशत आफ्ना परिवारका प्रमुख आम्दानीकर्ता थिए । 'क्षयरोगसँग सम्बन्धित खर्चका कारण १३ प्रतिशत परिवार गरिबीको रेखामुनि पुगेका थिए । औषधि प्रतिरोधी टीबी भएका परिवारमा यो संख्या ३१ प्रतिशत पुगेको थियो,' अध्ययन प्रतिवेदनमा भनिएको छ ।

समग्रमा ३५ प्रतिशत सहभागीले उपचारसम्बन्धी खर्च जुटाउन ऋण लिनुपरेको बताएका थिए । औषधि प्रतिरोधी टीबी (डीआर-टीबी) भएका ४२ प्रतिशत र औषधिप्रति संवेदनशील टीबी (डीएस-टीबी) भएका ३१ प्रतिशत सहभागीले ऋण लिएको बताएका थिए । यस्तै, केही बिरामीले खर्च जुटाउन जग्गा, पशुधन वा सुनका गहनाजस्ता सम्पत्ति बिक्री गर्नुपरेको थियो । डीएस-टीबी भएका ५.७ प्रतिशत र डीआर-टीबी भएका ७.७ प्रतिशत बिरामीले सम्पत्ति बिक्री गरेको अध्ययनले देखाएको छ । डा. श्रेष्ठका अनुसार चौधरीलाई अझै केही महिनासम्म उपचार आवश्यक पर्नेछ र उनलाई चिकित्सकीय निगरानीमा राख्नुपर्नेछ । 'मैले उपचारमा खर्च गर्न सक्ने जति सबै खर्च गरिसकें,' श्रेष्ठले चौधरीलाई उद्धृत गर्दै भने, 'अब मेरो गाउँमा पनि थप ऋण दिने पनि कोही छैन ।'

नेपालमा क्षयरोगको भार निकै ठूलो छ । विश्व स्वास्थ्य संगठनको पछिल्लो अनुमानअनुसार सन् २०२४ मा नेपालमा करिब ६७ हजार जनामा टीबी संक्रमण भएको थियो, जुन प्रतिएक लाख जनसंख्यामा २ सय २७ संक्रमित बराबर हो । सो वर्ष टीबीका कारण अनुमानित १६ हजार जनाको मृत्यु भएको थियो अर्थात् दैनिक करिब ४४ जनाको मृत्यु । सन् २०२४ मा टीबी भएका अनुमानित ६७ हजारमध्ये ३८ हजार ६ सय ६ जना मात्रै पहिचान भएर उपचारमा आएका थिए । ठूलो संख्यामा संक्रमित पहिचान र उपचारबाहिर रहेकाले टीबी नियन्त्रणमा चुनौती थपिएको स्वास्थ्य अधिकारीहरू बताउँछन् ।

'समुदायमा लुकेर रहेका केसहरू पहिचान गर्नु नै क्षयरोग नियन्त्रणको मुख्य चुनौती हो,' राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशक डा. भुवन पौडेलले भने, 'विभिन्न प्रयासका बाबजुद अनुमान गरिएका सबै टीबी बिरामी पहिचान गर्न सकेका छैनौं ।'

नेपालले विश्व स्वास्थ्य संगठनको 'इन्ड टीबी स्ट्राटेजी' अनुसार सन् २०३५ सम्ममा क्षयरोग अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ । तर संयुक्त राष्ट्रसंघीय स्वास्थ्य निकायको प्राविधिक तथा आर्थिक सहयोगमा सन् २०१८-१९ मा गरिएको राष्ट्रिय क्षयरोग 'प्रिभ्यालेन्स' सर्वेक्षणले नेपाल उक्त लक्ष्य हासिल गर्ने नजिक पनि नरहेको देखाएको थियो । उक्त सर्वेक्षणले त्यतिबेला नेपालमा १ लाख १७ हजार मानिसमा क्षयरोग संक्रमण भएको देखाएको थियो । नेपालमा क्षयरोगको उपचार सुरु भएको करिब ९३ वर्ष भए पनि अझै यो प्रमुख जनस्वास्थ्य समस्यामध्ये एक रहेको छ ।

# प्रधानमन्त्री निरन्तर अनुपस्थित...

संसद्का पूर्वमहासचिव मनोहरप्रसाद भट्टराईका अनुसार प्रधानमन्त्री शाहले आफ्नो जिम्मेवारी सम्झिएर संसद्मा उपस्थिति जनाएको भए सभामुखले 'रुलिङ' गर्नुपर्ने अवस्था आउने थिएन । 'प्रधानमन्त्रीलाई संसद्मा आएर सांसदका जवाफ दिनुस् भनेर रुलिङ गर्न आवश्यक नपर्नुपर्ने हो । प्रधानमन्त्रीले आफ्नो ड्युटी बुझेर संसद्मा उपस्थित हुनुपर्ने हो । संसद्प्रति जवाफदेही सरकारले सांसदले उठाएका प्रश्नको जवाफ संसद्मा नै दिनुपर्छ । जनताका प्रतिनिधिका प्रश्नको सम्बोधन गर्नुपर्छ भनिराख्नुपर्ने कुरा नै होइन,' उनले भने ।

नेपालले अपनाउँदै आएको व्यवस्था जोगाउन पनि प्रधानमन्त्री संसद्मा उपस्थित हुने अभ्यासलाई निरन्तरता दिनुपर्ने भट्टराईको भनाइ छ । 'प्रधानमन्त्री संसद्मा नआएको यति लामो समय भइसकेको हुनाले सभामुखले रुलिङ गर्नुपर्ने अवस्था आएको होला,' उनले भने ।

विपक्षी दलहरूले प्रतिनिधिसभा नियमावलीबमोजिम 'प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर' कार्यान्वयनको माग गरिरहेका बेला १७ जेठमा एक्कासि संसद् पुगेर प्रधानमन्त्री शाहले सांसदहरूलाई प्रश्न राख्न भनेका थिए । जबकि प्रधानमन्त्रीसँग राख्ने प्रश्नको विषय प्रश्नकर्ताले पहिले नै सभामुखलाई जानकारी गराउनुपर्ने व्यवस्था नियमावलीमा गरिएको छ । त्यो दिन सांसदका प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री शाहले भनेका थिए, 'तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला । मैले पनि अस्ति भर्खर प्रधानमन्त्री भइसकेपछि थाहा पाएँ, भारतले नेपालको जग्गा मात्र होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ ।'

प्रधानमन्त्रीको उक्त अभिव्यक्तिलाई लिएर विपक्षी दलहरू विरोधमा उत्रिए । यसबारे सदनमा आएर स्पष्टीकरण दिनुपर्ने माग उनीहरूले गरे । प्रधानमन्त्रीले भने आफूले बोलेको विषयको विवादमा प्रस्टीकरण दिन परराष्ट्रमन्त्री शिशिर खनाललाई २७ जेठमा प्रतिनिधिसभामा पठाएका थिए । परराष्ट्रमन्त्रीले भनेका थिए, 'प्रधानमन्त्रीले संसद्मा राखेको भनाइको सन्दर्भ यही प्राविधिक यथार्थ क्रसबोर्डर अकुपेसनसँग जोडिएको छ । यसमा मूल प्रश्न भनेको सीमा विवाद कसरी निरूपण गर्ने भन्ने नै हो । नेपाल-भारत सीमा द्विपक्षीय विषय हो ।'

परराष्ट्रमन्त्रीले दिएको प्रस्टीकरणले पनि विपक्षी दलहरू सन्तुष्ट भएका थिएनन् । उनीहरूले प्रधानमन्त्री आएर नै आफ्नो भनाइबारे स्पष्ट पार्नुपर्ने माग गर्दै आएका थिए । अर्कातर्फ, त्यसयता असार र साउनमा 'प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर' कार्यक्रम भएन । भदौ महिनाको पहिलो साता पनि प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर नहुने अवस्था आए प्रतिनिधिसभा नियमावली कार्यान्वयन गराउन नसकेको भन्दै सभामुख अर्यालमाथि नै प्रश्न उठ्ने अवस्था बनेको थियो । त्यसैले पनि महिनाको पहिलो बैठकमै सभामुखले प्रधानमन्त्रीका नाममा 'रुलिङ' गरेका हुन् ।

सभामुखले प्रधानमन्त्रीका नाममा 'रुलिङ' गरेकामा एमाले संसदीय दलकी उपनेता पद्माकुमारी अर्यालले धन्यवाद दिएकी छन् । सभामुखले गरेको 'रुलिङ' का लागि उनले प्रतिनिधसभा बैठकमै धन्यवाद दिएकी हुन् । 'लामो समयदेखि यस संसद्मा एउटै विषयमा प्रतिपक्षले जवाफ खोजिरहनुभएको थियो । त्यो जवाफको सुनिश्चिततासहित जुन रुलिङ भएको छ, त्यसमा धन्यवाद भन्न चाहन्छु,' अर्यालले भनेकी थिइन् ।

प्रधानमन्त्रीको सचिवालयका एक सदस्यले प्रधानमन्त्री शाह प्रतिनिधिसभामा सांसदका प्रश्नको जवाफ दिने तयारीमा रहेको जानकारी दिए । 'प्रधानमन्त्रीले यस पटक सांसदका लिखित प्रश्न मगाउने र तयारी गर्ने काम गरिराख्नुभएको थियो । सभामुखले रुलिङ नै गरिसकेपछि प्रधानमन्त्री सदनमा जानुहुन्छ,' उनले भने ।

प्रधानमन्त्रीलाई सभामा आएर सांसदका प्रश्नको जवाफ दिनका लागि सभामुखले नै समन्वय गरेको रास्वपा मुख्य सचेतक कवीन्द्र बुर्लाकोटीले बताए । 'यस विषयमा सभामुखले पहल, समन्वय गर्नुभयो । त्यसैका आधारमा प्रधानमन्त्री १० भदौमा आउने भन्ने तय भएको हो । अहिलेसम्मको अवस्थामा समन्वय र छलफल भइराखेको थियो । सभामुखले रुलिङ गरिसकेपछि प्रधानमन्त्री संसद्मा आएर यो विषय अगाडि बढ्नेछ,' उनले भने, 'संसद्मा भइरहेको समस्या समाधान गर्नेतर्फ जुन पहल भयो, यो सकारात्मक छ । प्रधानमन्त्री सदनमा आउने प्रतिबद्धता थियो, त्यसको तालिका के-कसरी गर्ने, कस्ता विषय कसरी सम्बोधन गर्ने भन्ने थियो, अहिले त्यो विषय टुंगो लाग्यो ।'

प्रमुख प्रतिपक्षी कांग्रेसका सचेतक निश्कल राई प्रधानमन्त्री शाहले सदनमा आएर विगतमा दिएको अभिव्यक्तिका सम्बन्धमा प्रस्ट पार्नुपर्ने र सांसदका प्रश्नको जवाफ दिनुपर्ने बताउँछन् । 'सभामुखले प्रधानमन्त्रीका नाममा रुलिङ गर्नुभयो । हामीले पनि यो चाहेका थियौं । सभामुखलाई नै संसद्को गरिमा राख्ने प्रमुख जिम्मेवारी छ । कार्यपालिकालाई व्यवस्थापिकाप्रति जिम्मेवार बनाउने प्रमुख पद पनि सभामुख हो,' उनले भने, 'प्रधानमन्त्री संसद्मा आएर विगतमा दिएका अभिव्यक्ति सच्याउनुहुन्छ र रेकर्डबाट हटाउनुहुन्छ भन्ने लागेको छ ।'

सचेतक राईले प्रधानमन्त्री संसद्मा आउने र आगामी दिनमा प्रतिनिधिसभा नियमावली अक्षरशः कार्यान्वयन हुने विश्वास रहेको पनि बताए । 'सभामुख व्यक्ति मात्र होइन, संस्था हो भनेर हामीले विश्वास गरेर आजसम्म गर्दै आएको विरोध अन्त्य गरेका छौं,' उनले भने । संविधानको व्यवस्थाअनुसार कार्यपालिकालाई यसरी नै आगामी दिनमा पनि व्यवस्थापिकाप्रति जवाफदेही बनाउनुपर्ने राईको भनाइ छ ।

प्रधानमन्त्रीले सम्बोधनका लागि संसद् रोज्नु उत्तम राजनीतिक अभ्यास हुने संसद्का पूर्वमहासचिव भट्टराईको भनाइ छ । 'प्रधानमन्त्रीले सदनलाई नजरअन्दाज गर्नै मिल्दैन । सदनप्रति जवाफदेही संविधान, प्रतिनिधिसभा नियमावली, संसदीय अभ्यास र परम्पराले तय गरेको हो । संसद्मा उठेका प्रश्नको जवाफ सभामुखले रुलिङ नगरीकनै प्रधानमन्त्रीले दिनुपर्छ,' उनले भने, 'देशभित्रका दैनिक समस्यादेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा प्रधानमन्त्रीले सदनबाटै बोल्ने हो, राष्ट्रका नाममा सम्बोधन संसद्बाटै गर्ने हो ।' आफूलाई प्राप्त जनमतको कदर गरी प्रणाली बचाउनका लागि प्रधानमन्त्री संसद्प्रति जवाफदेही बन्नुपर्ने भट्टराईको भनाइ छ ।

प्रधानमन्त्रीलाई सदनमा आउनका लागि सभामुखले 'रुलिङ' गर्नुपर्ने अवस्था आएको विषय संसद्को रेकर्डमा बसेको छ । यो 'रुलिङ' गर्नुअघि सभामुख अर्याल दुई पटक प्रधानमन्त्रीलाई भेट्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेका थिए । उनले प्रधानमन्त्रीलाई सदनमा आएर सांसदका प्रश्नको जवाफ दिँदा राम्रो हुने सुझाव दिएका थिए । तर प्रधानमन्त्रीले सदनमा आउने कुनै स्पष्ट जवाफ दिएका थिएनन् । 'उपयुक्त समयमा सदनमा आउँछु' भन्ने जवाफ दिएर प्रधानमन्त्री कार्यालयबाट सभामुखलाई फर्काएका थिए ।

# शब्दमा बाँचिरहेका...

निबन्धकार स्थापित भन्छन्, 'जनकवि दुर्गालालको जति कवितामा कलम चल्थ्यो, सायद त्योभन्दा बढी नाटकमा दौडिन्थ्यो । तर उनको नाटककारको छवि कविता र गीतले छोपेको जस्तो लाग्छ । अन्यथा, उनका नाटक उत्तिकै उत्कृष्ट रहेका छन् ।' उनी के पनि मान्छन् भने श्रेष्ठको अर्को व्यक्तित्व नेपाल भाषासेवी र आन्दोलनकारी पनि हो । उनी भाषा अभियन्ता भन्दा धेरै माथिका थिए ।

रेडियो नेपालले नेपाल भाषामा प्रसारण हुँदै आएको समाचार २०२२ मा बन्द गरेपछि एउटा आन्दोलन चलेको थियो । त्यसका एक सशक्त योद्धाका रूपमा श्रेष्ठ रहे । तत्कालीन सरकारको एक भाषा नीतिविरुद्ध उपत्यकाका टोलटोलमा एक वर्ष साहित्य सम्मेलन आयोजना भएको थियो । ती सबैमा उनी सक्रियपूर्वक भाग लिन्थे । पछि उनले त्यही सिलसिलामा लेखेको एउटा कविता खुबै चर्चित छ । त्यसको नेपाली अनुवाद हुन्छ- 'घाउ भएर मात्र रोएको हुँ, दुखेर मात्र आवाज उठाएको हुँ/ हामी मरेका छैनौं, हामी मरेका छैनौं भनेर चिह्न देखाएको मात्र हो ।'

नेपाल भाषा मंका खलःका पनि उनी संस्थापक सदस्य थिए । व्यक्तिगत रूपमा उनीसँग नजिक रहेका पत्रकार तथा नेपाल भाषा एकेडेमीका चान्सलर मल्ल के सुन्दरका अनुसार उनको निधन नेपाल भाषा साहित्यका लागि ठूलो क्षति हो । 'उनी लेख्नकै लागि जन्मेका थिए, एक प्रकारले सरस्वतीकै पुत्रका रूपमा,' मल्ल भन्छन् ।

श्रेष्ठका लेखन आम पाठकले पनि सजिलै बुझ्न सक्छन् । उनको भाषा असाध्यै सरल छ, त्यसले बोक्ने भाव भने उत्तिकै गहन । यिनै कारण दुई दशकअगाडि नेपाल भाषा परिषद्ले उनलाई जनकवि उपाधि दिएको थियो । उनको अक्षर लेखन असाध्यै सुन्दर र चिटिक्क मिलेका हुन्थे । त्यसैले उनकै सम्मानमा 'दुर्गालाल फन्ट' पनि प्रचलनमा रहेको छ ।

आशामोति र गणेशलालको पुत्र भएर उनी भित्री काठमाडौंको न्ह्याकटोलमा नेपाल संवत् १०५७ मा जन्मिएका थिए । बूढानीलकण्ठस्थित आफ्नै निवासमा आइतबार राति निधन हुँदा उनी ९३ वर्षका थिए । अन्तिम श्रद्धाञ्जलीका लागि पार्थिव शरीरलाई मंगलबार नेपाल भाषा मंका खलःको बिजेश्वरीस्थित भवनमा राखिनेछ । त्यसपछि शवयात्रासहित कर्णदीपमा दाहसंस्कार गरिनेछ ।

# एमसीसीको म्याद थप्ने प्रस्ताव...

बोलपत्र रद्द भएपछि एमसीए-नेपालले पुनः ठेक्का प्रक्रिया सुरु गर्नुपरेको थियो । नयाँ ठेक्का सम्झौता गर्न मात्रै झन्डै नौ महिना लागेको एमसीए-नेपालका एक अधिकारीले कान्तिपुरलाई बताए । ती अधिकारीका अनुसार एमसीसी मुख्यालय म्याद थपप्रति सकारात्मक छ र अमेरिकाको एउटा नयाँ कानुनले पनि यो म्याद थपलाई सहज बनाउन सक्छ ।

'पहिलो कुरा त एमसीसी मुख्यालय आफैं सकारात्मक छ किनभने हाम्रा कारणहरू ठोस र व्यावहारिक छन् । दोस्रो, ट्रम्प प्रशासनले एउटा नयाँ कानुन कार्यान्वयनमा ल्याएको छ जसले हाल चार वटा मुलुकमा सञ्चालनमा रहेका आयोजनाहरूलाई एक वर्षको म्याद थप गर्न अनुमति दिन्छ,' ती अधिकारीले भने ।

२९ भदौ २०७४ मा नेपाल सरकार र एमसीसीबीच परियोजना सम्झौता भएको थियो । सम्झौताअनुसार १३ भदौ २०८० देखि परियोजना कार्यान्वयन सुरु भएको हो । सुरुवाती सम्झौतामा ६९ करोड ७० लाख डलर (करिब ९२ अर्ब) परियोजनामा अमेरिकी सरकारले ५० करोड डलर र नेपाल सरकारले १९ करोड ७० लाख डलर बेहोर्ने उल्लेख छ । पुस २०८१ मा अमेरिकी सरकारले परियोजनाका लागि थप ५ करोड डलर दिने घोषणा गरेको थियो ।

एमसीए नेपालअन्तर्गत १८ किलोमिटर बुटवल-गोरखपुर प्रसारण लाइन, ४ सय केभी नयाँ बुटवल सबस्टेसन, ४ सय केभी नयाँ दमौली सबस्टेसन र ४ सय केभी रातामाटे सबस्टेसन निर्माणाधीन छन् । विवादमा तानिएको यो सम्झौतालाई १५ फागुन २०७८ मा प्रतिनिधिसभाले व्याख्यात्मक टिप्पणीसहित अनुमोदन गरेको थियो । १३ भदौ २०८३ देखि औपचारिक रूपमा कार्यान्वयनमा प्रवेश गरेको थियो । सम्झौताअनुसार परियोजना कार्यान्वयनमा गएको ५ वर्ष अर्थात् १३ भदौ २०८५ भित्र सम्पन्न गरिसक्नुपर्ने लक्ष्य छ ।

आयोजनाहरू समयमै सुरु हुन नसकेका कारण एमसीए-नेपालले समय थप्न माग गरेको हो । अधिकारीहरूका अनुसार विशेषगरी प्रसारण लाइनका आयोजना कार्यान्वयनमा चुनौती देखिएको छ । तर, सडक आयोजनाको काम भने सहज रूपमा अघि बढिरहेको उनीहरूको दाबी छ ।

अधिकारीहरूका अनुसार प्रसारण लाइनको 'राइट अफ वे' का लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा वितरण अझै सकिएको छैन । 'अहिलेसम्म प्रसारण लाइनको राइट अफ वेको जग्गामध्ये १८ किलोमिटर क्षेत्रमा मात्र मुआब्जा वितरण गरिएको छ,' एक अधिकारीले भने, 'साइट क्लियर नभएसम्म ठेकेदारहरूले कसरी काम सुरु गर्न सक्छन् र ?'

केन्द्र र फिल्ड दुवै तहबाट एमसीसी आयोजनाहरूको नियमित अनुगमन गर्ने एक अधिकारीका अनुसार पर्याप्त जनशक्ति र स्रोत परिचालन गर्दा पनि जग्गा प्राप्तिमा अझै पनि समस्या छ । 'एमसीसी आयोजनाअन्तर्गत प्रभावित परिवार र जग्गाधनीहरूलाई जसरी मुआब्जा दिइँदै छ, त्यसले भविष्यका अन्य प्रसारण लाइन आयोजनाहरूका लागि समस्या निम्त्याउन सक्छ । हामी अन्य आयोजनाहरूमा यति ठूलो परिमाणमा मुआब्जा धान्न सक्ने अवस्थामा नहुन सक्छौं,' ती अधिकारीले थपे ।

**INVITATION FOR EXPRESSION OF INTEREST FOR STATUTORY AUDIT FOR FY 2083/84**

**Sanima Bank Limited** invites for Expression of Interest from Chartered Accountancy firms to conduct Statutory Audit for FY 2083/84.

"Scan Me for More Details"

For detailed, requirements, Please refer to bank's

**Website: (https://www.sanimabank.com/np/know-us/notices)**

Sanima Bank www.sanimabank.com

Alakapuri, Naxal, Kathmandu | Tel No.: 01-5970033 | Email: Internal_audit@sanimabank.com

**Enhancing Access to Justice through Institutional Reform (A2J) Project**

**Request for Proposal (RFP)**

Date: August 18, 2026

UNDP

**A2J Project II calls proposal** (technical and financial) from qualified Firm/Company for **REFERENCE: A2J/RFP/2026/06: "Upgrading and Enhancement of the e-Court Document Management System and Digital Citizen Charter of the Special Court"**

**How to submit proposal:**

1. The proposal softcopies are available in below web link through **10:00 hrs on Tuesday, 18 August 2026** until **13:00 hrs., Tuesday 25, August 2026.**
   ***Contact Address:***
   *Enhancing Access to Justice through Institutional Reform(A2J) Project*
   *Babarmahal, Kathmandu, Nepal Tel: 977-01-5338303, 01-5338309*
   *Web link: https://www.undp.org/nepal/procurement*
2. The technical and financial proposals must be submitted addressing the RFP reference number and title separately to respective email addresses **technicalproposal@a2jnepal.org; financialproposal@a2jnepal.org**; or separately sealed hardcopies to the above office address by **no later than 17:00 hrs., Tuesday, 25 August 2026.**

***Note: A2J Project reserves all rights to accept or reject the bids for whatsoever reason.***

**NEPAL ENGINEERING COLLEGE**

Center for Postgraduate Studies
(Affiliated to Pokhara University)

Prayagpokhari, Lagankhel, Lalitpur
D.A.O. Bhaktapur, Regd No.: 552/2060

*Call for* **ADMISSION**

**SEPTEMBER 2026 INTAKE**

SEPTEMBER **2026** *Intake*

**2 YEARS PROGRAM**

M.Sc. Natural Resources Management

M.Sc. Construction Management

**Why nec-CPS ?**

Pioneer Since 1999 AD

Quality Education

Only 27 Seats Available

**Form Submission Deadline:** 2083 Bhadra 19

**Entrance Exam Date:** Sept. 05, 2026 (2083 Bhadra 20)

**Location:** Nepal Engineering College, Center for Postgraduate Studies, Prayagpokhari, Lagankhel, Lalitpur

01-5430158, 9849192472, 9863690315 cps.nec.edu.np

# 'एकदिवसीय मान्यता बचाउन टिममा फर्किने छु'

## सिनियर राष्ट्रिय टोलीबाट अहिले बाहिरिए पनि विश्वकप लिग-२ खेल्नेसम्म पुनरागमन गर्नेमा कुशल भुर्तेल आशावादी

■ **सविना कार्की** (काठमाडौं)

प्रश्न : **हाई कुशल, के छ खबर ?**
**कुशल** : ठीक छ ।
प्रश्न : **नेपाल 'ए' टिममा आउँदा कस्तो लागिरहेको छ ?**
**कुशल** : सामान्य, जहाँ भए पनि क्रिकेट खेल्नु होइन र ?

नेपाल 'ए' टिमका लागि नेपाल क्रिकेट संघ (क्यान) द्वारा आयोजित बिदाइ कार्यक्रममा कुशल भुर्तेलसँग सुरुआतमा गरिएको संवाद हो यो । टप एन्ड टी-२० का लागि नेपाल 'ए' टिम सोमबार अस्ट्रेलिया गएको छ । भारतबाहिर नेपाल 'ए' टिमले पहिलो पटक प्रतिस्पर्धा गर्न लागेको हो ।

भ्रमणमा जाने टोलीमा सबैभन्दा बढी चर्चा कुशल भुर्तेलको रह्यो । राष्ट्रिय टोलीका नियमित सदस्य कुशल पहिलो पटक 'ए' टिमबाट खेल्दै छन् । सन २०२१ मा एकदिवसीय अन्तर्राष्ट्रिय र ट्वान्टी-२० अन्तर्राष्ट्रियमा 'डेब्यु' गरेयता कुशलले निरन्तर राष्ट्रिय टोलीमा बलियो स्थान बनाउँदै आएका थिए ।

चोटका कारण कुनै समय प्लेयिङ ११ मा नभए पनि ओपनर ब्याटर कुशल राष्ट्रिय टिमको मुख्य सदस्यका रूपमा रहे । नेपालको नतिजा धेरै हदसम्म कुशलको प्रदर्शनमा निर्भर रहँदै आएको थियो । तर पछिल्लो समयमा एकदिवसीय अन्तर्राष्ट्रियमा अपेक्षा गरेअनुसार प्रदर्शन गर्न नसक्दा उनी टोलीबाट बाहिरिएका छन् । एसीसी मेन्स प्रिमियर कप खेल्ने टिममा उनी अटाएनन् ।

विश्व क्रिकेट लिग २ अन्तर्गत नेदरल्यान्ड्स भ्रमणका चारै खेलमा हार बेहोरेपछि नेपाल क्रिकेट संघले नेतृत्वसँगै टोलीमा पनि ठूलो परिवर्तन गरेको छ । आक्रामक ब्याटरको परिचय बनाएका कुशलले यो परिवर्तनलाई सामान्य रूपमा लिएका छन् । उनी भन्छन, 'यो सामान्य हो, जता गए पनि खेल्नु नै हो, ए टिममा अझ ठूलो जिम्मेवारी आएको छ । म अस्ट्रेलियामा खेल्न उत्साही छु । अघिल्लो पटक खेलेको अनुभव पनि छ ।'

नेदरल्यान्ड्स र नामिबियासम्मिलित यस शृंखलाका चार खेलमा कुशलले बनाएको उच्च रन ३४ थियो । बाँकी ३ खेलमा दोहोरो अंकको रन बनाउन सकेनन् । यही प्रदर्शनले कुशललाई 'ए' टोलीमा झारिदिएको छ । नामिबिया र नेदरल्यान्डस सँगका दुवै खेलमा हार बेहोर्नुको प्रमुख कारण कमजोर ब्याटिङ थियो । यसबारे कुशल भन्छन्, 'घरेलु मैदान, सिंगापुर र जर्सीमा हामीले राम्रो खेलेका थियौं, व्यक्तिगत रूपमा म आफू र टिममा पनि राम्रो लयमै थियौं । तर नेदरल्यान्डस गएर थोरै स्किल ल्याक भए जस्तो लाग्यो, ठूलो बाउन्ड्री र शर्ट बलमा कमजोर भयौं । अघिल्लो पटकको युरोप टुर सफल भयो । यो पटक चाहिँ हामी पनि निराश भयौं ।'



क्यान

सबै खेल हारेपछि नेपालको एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता नै संकटमा छ । अब यो सर्कलमा नेपालले चार खेल खेल्नमात्र बाँकी छ । अक्टोबरमा ओमान र क्यानडासँग अवे शृंखला खेल्दै छ । कुशलको अबको लक्ष्य यही शृंखलामा पुनः सिनियर र टिममा फर्किनु हो । त्यसैले 'ए' टिमसँगको अस्ट्रेलिया भ्रमणलाई उनले अवसरका रूपमा लिएका छन् ।

कुशल नेपाली क्रिकेटका म्याच विनर खेलाडी हुन् । एकदिवसीय अन्तर्राष्ट्रियमा उनले ३० भन्दा बढी रन बनाएका २१ खेलमा नेपालले १४ मा जित हात पार्दा ७ हार बेहोरेको छ । यस्तै ५० भन्दा माथि रन बनाएका ११ खेलमा नेपालले ८ जित र ३ मा मात्र हारेको छ । कुशलले शतक बनाएका दुवै खेल नेपालले जितेको छ । उनले दुई पटक नै विजय लक्ष्य पछ्याउँदा शतक प्रहार गरेका हुन् ।

एकदिवसीय अन्तर्राष्ट्रियमा नेपालका लागि सर्वाधिक रन बनाउनेमा तेस्रो स्थानमा रहेका कुशलले ट्वान्टी-२० अन्तर्राष्ट्रियमा तीन शतक प्रहार गरेका छन् । उनी दुवै संरचनामा गरी नेपालका लागि सर्वाधिक ५ शतक प्रहार गर्ने खेलाडीसमेत हुन् । नेपालका लागि कुशल निकै सुरक्षित फिल्डर पनि हुन् । एकदिवसीय अन्तर्राष्ट्रियमा ४७ क्याचका साथ उनी नेपालका लागि सर्वाधिक क्याच लिने खेलाडी हुन् । २०२६ मा एकदिवसीय अन्तर्राष्ट्रियका ९ खेलमा १ शतकसहित २ सय ४७ रन बनाए पनि पछिल्ला ११ अवे खेलमा अर्धशतक प्रहार गर्न नसक्दा उनलाई लय समात्न नेपाल 'ए' मा पठाइएको हो ।

राष्ट्रिय टोलीबाट बाहिर हुँदाको पीडा रहेको बताउन उनले कन्जुस्याइँ गरेनन् । नाम आएपछि मात्र उनले 'ए' टिममा परेको थाहा पाए । राष्ट्रिय टोलीको परिवर्तनलाई कुशलले सकारात्मक रूपमा लिएका छन् । 'जो योग्य छन्, उनले नै अवसर पाएका छन् । यो मेरो मात्रै टिम हो, म नै स्थायी रूपमा हुनुपर्छ भन्ने सोच्दिनँ । प्रदर्शन दिइएन भने जुनसुकै बेला परिवर्तन भइन्छ भन्ने मलाई राम्रोसँग थाहा छ,' कुशलले भने ।

'ए' टोलीमा आएपछि कुशलमाथि अझ बढी अपेक्षा बढेको छ । दबाब छ भन्ने प्रश्नमा कुशल भन्छन्, 'म कहिले पनि दबाबमा खेल्दिनँ । यत्ति हो म र आसिफ (साह)ले बोर्डमा पर्याप्त रन बनाएर दियो भने टिमलाई सजिलो हुन्छ भन्ने लाग्छ । ओपनरको काम पनि त्यही हो ।'

टिममा पर्न प्रतिस्पर्धा बढेकामा उनी खुसी छन् । ५-६ वर्ष अघिसम्म पनि लामो समय एउटै खेलाडी भइरहन्थे तर अहिले प्रदर्शन गर्नुको विकल्प छैन । यो नेपाली क्रिकेटको ग्रोथ हो । कप्तान अनिल साहले रमाइलो गर्दै भने, 'कुशल ए टिममा नआएको भए हुन्थ्यो । तर उनी आएसँगै टिम बलियो र सन्तुलित भएको छ ।'

प्रशिक्षक राजु बस्न्यातले खेलाडी 'इन एन्ड आउट' लाई 'हार्ड एन्ड फास्ट' नियमका रूपमा नलिन आग्रह गरे । भारतमा पनि सिनियर टोलीमा 'आउट अफ फर्म' हुँदा रणजी ट्रफी खेल्ने र पुनरागमन गर्ने प्रचलन छ ।

सन्दीप लामिछानेको नेतृत्वमा रहेको नेपाली राष्ट्रिय टोली एसीसी मेन्स प्रिमियर कपको तयारीका लागि भारतमा छ । रोहित पौडेललाई हटाएर क्यानले सन्दीपलाई कप्तानी जिम्मेवारी दिएको थियो । सन्दीपसँग कप्तानी सम्हालिसकेको अनुभव भएकाले कुशल आशावादी छन् । कुशल भन्छन्, 'एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता जोगाउने जिम्मा अझै हाम्रो हातमा छ । एउटा टुर नराम्रो खेल्यौं, तपाईंहरू नडराउनुस् । मलाइ आशा छ पुनरागमन गरेर एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता बचाउन मेरो पनि योगदान रहनेछ ।'

# तेस्रो संस्करणको हिस्स रन



काठमाडौं (कास)- नागपञ्चमीको अवसरमा ललितपुरको नागदह क्षेत्रमा आयोजना गरिएको तेस्रो हिस्स रनमा २ सय ९१ धावकधाविकाले सहभागिता जनाएका छन् । हिमालयन रनिङ क्लबले दौडलाई खेलकुदसँगै संस्कृति, सम्पदा, पर्यटन, स्वास्थ्य र सामुदायिक भाइचारासँग जोड्ने उद्देश्यले गरिएको जनाएको छ ।


नागपञ्चमीको धार्मिक तथा सांस्कृतिक महत्वसँग जोडिएको नागदह क्षेत्रलाई केन्द्रमा राखेर आयोजना गरिएको दौडले स्थानीय सम्पदा र पर्यटन प्रवर्द्धनमा समेत योगदान पुऱ्याउने आयोजकको विश्वास छ । आयोजकका अनुसार सहभागीमध्ये २ सय ३३ जना पुरुष र ५८ महिला छन् । दर्ता भएका २ सय ७१ जनामध्ये सबैभन्दा धेरै २० देखि २४ वर्ष उमेर समूहका ७६ जना थिए । १९ वर्षभन्दा कम उमेरका ५१, ६० वर्षमाथिका १० धावक दौडमा सहभागी भए ।

विभिन्न उमेर समूहको सहभागिताले हिस्स रनलाई सबै पुस्तासँग जोड्ने सामुदायिक दौडका रूपमा विकास भएको आयोजकले जनाएको छ । आयोजक क्लबका अध्यक्ष सहदेव व्यञ्जनकारले हिस्स रनलाई प्रतिस्पर्धात्मक दौडमा मात्र सीमित नराखी संस्कृति, सम्पदा, पर्यटन र समुदायसँग जोड्ने अभियानका रूपमा अघि बढाइएको बताए । मदन महर्जनको संयोजनमा भएको दौडमा कीर्तिमानी म्याराथन धावक तथा ओलम्पियन वैकुण्ठ मानन्धरको उपस्थिति थियो ।

दौडलाई ललितपुर महानगर-१६ र २४, नागदह संरक्षण सुधार समिति, लेकगार्डेन रेस्टुरेन्ट, एनएएफ सिड्स, बी एन्ड डी इन्टरप्राइजेज र पूर्ण मेटल कन्सर्नलगायतले सहयोग गरेका थिए । आयोजकले यस रनलाई देशका विभिन्न जिल्लाका साथै विदेशी धावकलाई समेत आकर्षित गर्ने सांस्कृतिक तथा हेरिटेज रनका रूपमा विकास गर्ने लक्ष्य लिएको छ ।




# मारेस्कासामु चुनौतीको चाङ



**कम्युनिटी सिल्डमा आर्सनलविरुद्ध खेल्नेक्रममा म्यानचेस्टर सिटीका इन्जो मारेस्का ।** **तस्बिर** : एपी

म्यानचेस्टर (एएफपी)- कम्युनिटी सिल्डमा म्यानचेस्टर सिटी जसरी आर्सनलको हातबाट पराजित रह्यो, त्यसबाट आफ्ना खेलाडीले सिक्नुपर्ने प्रतिक्रिया दिएका छन्, प्रशिक्षक इन्जो मारेस्काले । पेप ग्वार्डिओलाको स्थानमा सिटीको जिम्मेवारी पाएका मारेस्कासामु क्लबलाई अगाडि बढाउन चुनौतीको चाङ लाग्ने तय जस्तै छ ।

एक दशकयता सिटीले शनिबार खेल्दा पहिलो पटक टचलाइनमा ग्वार्डिओला थिएनन् । उनकै अनुपस्थिति र मारेस्काको पहिलो औपचारिक खेलमा सिटीको प्रदर्शन पटक्कै मन जित्ने खालको रहेन र टिम आर्सनलको हातबाट नराम्रोसँग ३-० ले पराजित रह्यो । कार्डिफको मिलेनियम स्टेडियममा भएको खेलमा जसरी मारेस्काले आफ्नो टेक्निकल एरिया सम्हाले, त्यसले पनि धेरैलाई प्रभावित पार्न सकेन ।

गत सिजन मात्रै ग्वार्डिओलाले सिटी छाड्ने घोषणा गरेका थिए । उनको एक दशक लामो बसाइमा सिटीले २० ठूला उपाधि जितेको थियो । अबको सिजन ५५ वर्षीय ग्वार्डिओलाको स्थानमा मारेस्का कति राम्रा विकल्प हुन् भन्ने जवाफ आउने छ र यसका लागि आफूलाई सिद्ध गर्न उनलाई कठिन हुने अनुमान छ । इटालीका ४६ वर्षीय प्रशिक्षकले सन् २०२२-०२३ को सिजन सिटीमा ग्वार्डिओलाकै सहायक भएर काम गरेका थिए र त्यो सिजन सिटी तीन उपाधि जित्न पनि सफल भएको थियो । तर मुख्य प्रशिक्षकका रूपमा उनले बटुलेको अनुभव भने अझै पनि कम मात्र होइन, कमजोर मानिएको छ ।

उनले चेल्सीमा दुई सिजनभन्दा कम समय बिताए भने थप एक सिजन लेस्टर सम्हालेका छन् । ग्वार्डिओला टिममा छँदा सिटीले जुन प्रकारले खेल्थ्यो, त्यसको झझल्को आर्सनलविरुद्धको खेलमा देखिएको थिएन । आर्सनलले प्रस्तुत गरेको आक्रामक खेल अगाडि सिटी लगभग नाजवाफ जस्तै देखिएको थियो । नयाँ इंग्लिस फुटबल सिजन सुरु भएको संकेतका रूपमा आयोजना हुने कम्युनिटी सिल्डमा आर्सनलको जस्तो प्रदर्शन रह्यो, त्यसले यो टिम बलियो पनि देखाएको छ ।

यस्तोमा आर्सनलले प्रिमियर लिग विजेताका रूपमा उपाधि रक्षाका लागि बलियो चुनौती पेस गर्नेछ । आर्सनलको जितमा रिकार्डो कालाफिरीले खेल सुरु भएको केही सेकेन्डपछि नै गोल गरेका थिए । काइ हार्भटेजले पहिलो हाफको बीचतिर दोस्रो गोल थपे । आर्सनल कप्तान मार्टिन ओडेगार्डले दोस्रो हाफमा तेस्रो गोल गरेका हुन् । यी तीन गोलबीच सिटीको खेल धेरै अर्थमा फिक्का रह्यो । यसको अर्थ मारेस्काले आफ्नो टिमलाई उपाधिको होडमा कायम राख्न धेरै मिहिनेत गर्नुपर्नेछ ।

गत सिजन आर्सनलले लिग उपाधि जित्ने क्रममा दोस्रोमा रहेको सिटीमाथि निर्णायक ७ अंकको अग्रता लिएको थियो । खेलपछि मारेस्काले भनेका छन्, 'यो जस्तो हारपछि हामीले धेरै उपाय खोज्नुपर्ने हुन्छ । जसरी हामीले सुरुका दुई गोल खायौं, त्यसमा मलाई चित्त बुझेको छैन । सुरुआती २४ सेकेन्डको गोल मात्र होइन, दोस्रो गोलमा पनि हामीमाथि कुनै दबाब बनेको थिएन । सायद हाम्रा खेलाडी विश्वकपपछि केही थाकेका हुन सक्छन् ।'

त्यस खेललाई नजिकबाट हेरेका केही फुटबल पण्डितले पनि सिटीको प्रदर्शन लाजमर्दो भएको प्रतिक्रिया दिएका छन् । आर्सनलका पूर्वखेलाडी मार्टिन किवोनले भनेका छन्, 'सिटीका खेलाडीको शारीरिक प्रदर्शन जस्तो रह्यो, त्यो ठीक भएन । यो टिममा अहिले ज्यान नै छैन जस्तो देखिएको छ ।'

यस्तै स्कटल्यान्डका पूर्वखेलाडी एली म्याकोस्टले कमेन्ट्रीका क्रममा भनेका थिए, 'यो खेलमा दुई टिमबीच जुन अन्तर देखिएको छ, त्यो अविश्वसनीय रह्यो ।' यसबीच सिटीका लागि मन नपर्ने समाचार के पनि आएको छ भने स्टार खेलाडी रोड्री अब टिममा रहने छैनन् । बार्सिलोनाले स्पेनी विश्वकप विजेता खेलाडीलाई अनुबन्ध गर्न सिटीसँग सहमति गरेको छ । स्पेनिस मिडियाका अनुसार ३० वर्षीय मिडफिल्डरका लागि बार्सिलोनाले सिटीलाई ८ करोड ७० लाख डलर तिर्नेछ । बार्सिलोना स्रोतका अनुसार खेलाडीको औपचारिक स्थानन्तरणबारे पछि जानकारी दिइनेछ ।

रोड्री यसअघि रियल म्याड्रिड जाने भनिएको थियो । तर बार्सिलोनाले उनमा बढी रुचि देखाएको थियो । विश्वकपमा उनी प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषित भएका थिए । सन् २०१९ मा उनी एट्लेटिको म्याड्रिड छाडेर सिटी गएका थिए र त्यसयता इंग्लिस प्रिमियर लिग क्लबले हात पारेका सफलतामा उनको सबैभन्दा ठूलो योगदान छ । सन् २०२४ मा उनी बालोन डी'अर विजेता रहेका थिए ।

ग्वार्डिओलाको कार्यकालमा रोड्री उनका प्रमुख खेलाडी थिए र उनले नै मिडफिल्डबाट सिटीको खेल सम्हाल्ने गर्थे । आर्सनलविरुद्ध सिटीको कमजोर प्रदर्शनमा उनको अनुपस्थिति पनि प्रमुख जस्तै देखियो । प्रशिक्षक मारेस्का पनि मान्छन्, रोड्री त्यस्ता खेलाडी हुन्, जसलाई कुनै पनि टिमले आफ्नो बनाउन चाहन्छ । मारेस्का भन्छन्, 'रोड्री वास्तवमै अब्बल दर्जाका खेलाडी हुन् ।' अब सिटीसँग यत्तिको महत्त्वपूर्ण खेलाडी पनि हुने छैन ।

# कुगलेइन सुदूरपश्चिम रोयल्समै



काठमाडौं (कास)- न्युजिल्यान्डका तीव्र गतिका बलर स्कट कुगलेइनले लगातार तेस्रो सिजन सुदूरपश्चिम रोयल्सबाटै नेपाल प्रिमियर लिग (एनपीएल) खेल्ने भएका छन् । सुदूरपशिचमले उनलाई तेस्रो संस्करणका लागि अनुबन्धन गरेको हो । एनपीएलको तेस्रो संस्करण दसैंलगत्तै सुरु हुने तालिका छ ।

कुगलेइनले यसअघि सुदूरपश्चिमबाटै पहिलो दुई संस्करण खेलेका थिए । उनको उत्कृष्ट बलिङ प्रयासमा सुदूरपश्चिम दुवै सिजन फाइनलमा पुगेको थियो । उनले पहिलो सिजन ९ खेलमा १७ र दोस्रो सिजन ८ खेलमा १० विकेट लिएका थिए । उनी एनपीएल इतिहासमा सर्वाधिक २७ विकेट लिने खेलाडी हुन् ।

सुदूरपश्चिमले यसअघि इंग्ल्यान्डका सेफ जैबलाई अनुबन्ध गरिसकेको छ । पुनः टोलीमा फर्किन पाउँदा उत्साही रहेको कुगलेइनले बताएका छन् । 'म फेरि सुदूरपश्चिमबाट खेल्न उत्साही छु,' उनले भने । सुदूरपश्चिम रोयल्सका प्रमुख कार्यकारी अधिकृत प्रकाश खड्काले कुगलेइनलाई पुनः टोलीमा स्वागत गर्दै उनीबाट यसपालि पनि पहिलो र दोस्रो संस्करणको जस्तै योगदान अपेक्षा राखेको जनाए ।

तेस्रो संस्करणका लागि सुदूरपश्चिमले कप्तान दीपेन्द्रसिंह ऐरीसहित विनोद भण्डारी, आरिफ शेख, इशान पाण्डे, अविनाश बोहरा, हेमन्त धामी र हिक्मत महरालाई रिटेन गरेको थियो भने अक्सनबाट दीपक बोहरा, मिलन बोहरा, टेक रावत, अनिल खरेल, सचिन भट्ट र आयुब चन्दलाई लिएको थियो ।




**कान्तिपुर पब्लिकेशन्स् लिमिटेड**द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्सः ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : **कैलाश सिरोहिया**, सम्पादक : **कृष्ण आचार्य**, प्रधानसम्पादक : **गोकर्ण अवस्थी**